# पहिलो परिच्छेद

# शोधपत्रको परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक“ **कुञ्जिनी ” खण्डकाव्यमा प्रकृति चित्रण** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौँ पत्रको आंशिक परिपूर्तिका लागि तयार गरिएको हो ।

## १.३ विषय परिचय

लक्ष्मीप्रसाद देवकोटा (१९६६- २०१६) ले १९९७ सालमा- पश्चिम १ नं. मा पर्ने भि्लटुङ बसाइका क्रममा त्यहाँको सामाजिक तथा प्राकृतिक वातावरणबाट प्राप्त अनुभवमा आधारित भई २००२ सालमा **कुञ्जिनी** खण्डकाव्य रचना गरेका हुन् । लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यका प्रायः सबै विधामा कलम चलाएका छन् । नेपाली साहित्यमा निबन्ध, आख्यान, नाटक, कविता विधा मध्ये कविता विधा उनको खास सृजन क्षेत्र रहेको छ । उनले कवितामा लघुतमदेखि बृहत् रूपसम्मका सबै उपविधामा कलम चलाएका छन् । २००२ सालमा प्रकाशनमा ल्याइएको **कुञ्जिनी** खण्डकाव्यमा देवकोटाले विपन्न परिवारको गोरे राउत र सम्पन्न परिवारकी कुञ्जिनीका बीचको प्रेमप्रणयमूलक कल्पना मिश्रित आख्यानलाई विषयवस्तु बनाएका छन् । मझौला आकारमा रहेको यो खण्डकाव्य बाईस भागमा विभाजन गरिएको छ । सतासी पृष्ठमा समेटिएको यस खण्डकाव्यमा जम्मा दुई सय छैसट्ठी श्लोक रहेका छन् । हरेक भागमा श्लोक सङ्ख्याको वितरण समान पाइँदैन । **कुञ्जिनी** खण्डकाव्यमा पहाडी प्रकृतिका साथै कोल्पू खोला, भि्लटुङ गाउँ, गजुरीपिँडा र त्रिशूली नदीको गहिरो

छाप विभिन्न लोकलयमार्फत अभिव्यञ्जित भएको छ । **कुञ्जिनी** खण्डकाव्य गोरे र कुञ्जिनीको प्रेमप्रणयका आरोह अवरोहका घटना क्रमसँगै दुःखान्तमा टुङगिएको छ ।

लक्ष्मीप्रसाद देवकोटाका विभिन्न खण्डकाव्यहरू मध्ये **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रणको अध्ययन यस शोधकार्यमा गरिएको छ । देवकोटाका खण्डकाव्ययात्राका चार चरणहरू मध्ये कुञ्जिनी खण्डकाव्य दोस्रो चरणमा पर्दछ । उनका यस चरणका खण्डकाव्यहरूमध्ये लूनी, तिप्लिङ्गी, कुञ्जिनी, दुष्यन्त, शकुन्तला भेट र म्हेन्दू पर्दछन् । देवकोटाको खण्डकाव्य कुञ्जिनीमा सामान्य चर्चा परिचर्चा भएता पनि प्रकृति चित्रणको अध्ययन नभएकाले सोही विषयवस्तुलाई अध्ययनको विषय बनाई प्रस्तुत गरिएको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने लक्ष्मीप्रसाद देवकोटाको **कुञ्जिनी** रचनाका दृष्टिले पाँचौं तथा प्रकाशनका दृष्टिले तेस्रो खण्डकाव्य हो । दुःखान्त प्रेमकथामा आधारित यस खण्डकाव्यमा प्रकृतिका विविध रूपको चित्रण गरिनुका साथै विविध लोकलयको प्रयोग भएको छ । उनका कृतिहरू मध्ये धेरैजसो विभिन्न विद्वानद्वारा अध्ययन अनुसन्धान भइसकेका भए पनि **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रण बिषयेक अध्यन भएको छैन । त्यसैले यस शोधकार्यको मूल समस्या कुञ्जिनी खण्डकाव्यमा प्रकृति चित्रण रहेको छ । यस शोधकार्यका अन्य समस्याहरूलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) प्रकृति भनेको के हो ?

(ख) **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रण कसरी गरिएको छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्यको उद्देश्य **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रण रहेको छ । यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) प्रकृति को परिचय दिनु ,

(ख) कुञ्जिनी खण्डकाव्यमा प्रकृति चित्रणको पहिचान गर्नु ,

## १.६ पूर्वकार्यको समीक्षा

वि.सं १९९१ देखि वि.सं. २०१६ सालसम्मको नेपाली कवितालाई नेतृत्व प्रदान गर्नुका साथै परिष्कारवादी धारामा सीमित रहेको नेपाली कवितामा स्वच्छन्दतावादको आमन्त्रण गरी त्यसलाई आफ्नो प्रतिभाद्वारा परिमार्जन गर्ने र कवितामा फुटकर, खण्डकाव्यमा मझौला रूप र महाकाव्यमा बृहत् रूप सम्मको यात्रामा सफलताका साथ कलम चलाउने देवकोटाप्रति समालोचकहरूको ध्यान जानु स्वाभाविक नै ठहर्छ । उनका धेरैजसो खण्डकाव्य, महाकाव्य तथा फुटकर कविताहरूको समेत प्रशस्त अध्ययन अनुसन्धान भएको पाइन्छ तर प्रस्तुत शोधकार्य **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रणमा सीमित रहेको छ । **कुञ्जिनी** खण्डकाव्यसम्बन्धी वर्तमानसम्म भएका चर्चा परिचर्चा तथा समीक्षाहरूलाई हेर्दा यसको प्रकृति चित्रणलाई मात्र मूल विषय मानेर कसैले पनि अध्ययन गरेको पाइँदैन । प्रकृति चित्रणको अध्ययन भएको नदेखिए तापनि यसका अन्य पक्षमाथि भने विभिन्न विद्वान्हरूले व्यापक रूपमा चर्चा गरेका छन् । हालसम्म **कुञ्जिनी**का बारेमा गरिएका चर्चा परिचर्चाको कालक्रमिक विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

नित्यराज पाण्डेले **महाकवि देवकोटा** (२०१६) भन्ने पुस्तकमा- ‘मुनाको आदर्शभन्दा कुञ्जिनीको एक श्रेणीमाथि छ । कुञ्जिनीसँग दिल र आत्माको प्रश्न छ न कि समाजको’ भन्ने कुरा उल्लेख गरेका छन् ।

तीर्थराज अधिकारीले ‘महाकवि देवकोटा र कुञ्जिनी खण्डकाव्य’, (**मधुपर्क** , ६/७, २०३०) शीर्षकको लेखमा- ‘विरह-वेदनाले छटपटिएकी ‘कुञ्जिनी’ दिनमै गोरेको सपना देख्न थाल्छिन् । आफ्नो जीवनको बलिदान हुन खोजेकोले अर्को जन्ममा गोरेलाई भेट्ने अभिलाषाले गोरेकै निम्ति, पहिले जुन नदीबाट गोरेले उतारेको थियो, तिनै नदीमा शरण लिन पुग्छिन् । स्वार्थी समाजका अत्याचारले अस्त- व्यस्त भएर’ भन्ने विचार प्रकट गरेका छन् ।

राममणि रिसालले **नेपाली काव्य र कवि** ( २०३१ ) मा - 'झिल्टुङमा कथावस्तु उमारेर पहाडी जीवनलाई काव्यमा समेटेका छन् र प्रेमका मधुर तन्तुहरूलाई रेशमी धागो तुल्याएर नछिनिने पारेका छन्' भन्ने विचार प्रकट गरेका छन् ।

कृष्ण प्रधानले 'कुञ्जिनी भित्रका देवकोटा',(**मधुपर्क**, ८/४,२०३२) मा- 'सामाजिक समवेदनाले समेटिएको कुञ्जिनी एक दुःखान्त काव्य हो । गोरेको जीवन अनि कुञ्जिनीको दुःखपूर्ण अन्त्यले समवेदनाको घडा भरिएको छ' भन्ने विचार व्यक्त गरेका छन् ।

चूडामणि बन्धुले **देवकोटा** ( २०३६ )मा - 'मुनामदनकी मुनाझैँ उनी कसैकी स्त्री होइनन् । सुलोचनाजस्तै कसैलाई तन दिएर अरू कसैलाई मन दिनु पर्ने स्थितिमा परेकी पनि कुञ्जिनी होइनन् । न कुञ्जिनीको प्रेम म्हेन्दूको झैँ आत्मसमर्पण गराउने प्रेम हो' भन्ने विचार व्यक्त गरेका छन् ।

तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास** (२०३९) मा - 'एक रातमा कुञ्जिनी झऱ्याउरेमा लेखिएको भन्ने कथात्मक कविता हो' भन्ने विचार व्यक्त गरेका छन् ।

दुर्गाप्रसाद अर्यालले 'कुञ्जिनीको विवेचना',(**हाम्रो पुरूषार्थ** १/१,२०४०)शीर्षकको लेखमा - 'प्रकृतिमै मोहित हुने देवकोटाले प्रकृतिकै प्रभाव र प्रेरणाबाट अनेकौं गीतिकाव्यहरू रचना गरेका छन् । उनका अनेकौं गीतिकाव्यहरूमध्ये कुञ्जिनी पनि एक हो' भन्ने विचार प्रकट गरेका छन् ।

इन्द्रनाथ अर्यालले 'कुञ्जिनीको कुञ्चिका', (**मधुपर्क**, १८/६, २०४२) को लेखमा- 'महाकवि लक्ष्मीप्रसाद देवकोटाका विभिन्न लोकलय भएको खण्डकाव्य कुञ्जिनीमा यस्तो एउटा साँचोरूपी सिलोक छ ; जुन ठिक्क छिर्ने प्वालबाट घोरिएर हेरे कवि विलियम वर्डस्वर्थलाई एक त्यान्द्रा घाँसले सम्पूर्ण प्रकृति आँखा अगाडि ल्याए जस्तै कुञ्जिनीको कुञ्ज अगाडि आउँछ' भन्ने कुरा उल्लेख गरेका छन् ।

अम्बिकादेवी रिमाल **खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिताको वर्णनात्मक अध्ययन** (२०४३) शीर्षकको शोधपत्रमा -'कुञ्जिनी त्यस्ती नेपाली युवतीको

प्रतिनिधि पात्र  हो, जसले इच्छा विरूद्ध हुने बिहेको आन्तरिक विरोध गरेकी छे, तर त्यसलाई बाहिर व्यक्त गर्न नसकेर प्राण त्याग गर्न पुग्छे । यसरी ऊ कोमल सोभ्रा प्रकृतिका नारीहरूकी  प्रतिनिधि पात्र हो' भन्ने कुरा उल्लेख गरेकी छन् ।

कुमारबहादुर जोशीले **देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना** (२०४८) मा कुञ्जिनीका बारेमा यसरी चर्चा गरेका छन् -'करूण रस अङ्गी रूपमा र शृङ्गार, वीर, हाँस्य प्रभृति रसहरू अङ्ग रसका रूपमा रहेको प्रस्तुत काव्यमा  संरचना र आख्यान पक्ष केही कमजोर भए पनि कवित्वचाहिँ तीव्रतर रहेको पाइन्छ ।'

वासुदेव त्रिपाठीले 'महाकवि देवकोटा आफ्नै कवितायात्रामा सङ्कल्पित कविता क्रान्ति र उनका उत्तरार्द्ध कवितायात्राका थालनी एवम् दिशाबोधः एक चर्चा', (**गोधूली,**२०५१) शीर्षकको लेखमा -'कुञ्जिनी खण्डकाव्यकै स्वच्छन्दवादी रूमानी शृङ्खलामा लोकछन्द, गीतिछन्द र प्रेमाख्यानका गाथातत्त्वका साथै प्रकृतिबोध एवम् अाीर्थक कारणले विदेशिनु पर्ने नेपाली युवाशक्तिका बाध्यताका सन्दर्भलाई अँगालेको छ' भन्ने विचार प्रकट गरेका छन् ।

कृष्ण गौतमले **देवकोटाका प्रबन्धकाव्य** (२०५६) मा-'कुञ्जिनी गोरेलाई सामाजिक वस्तुस्थितिप्रति पनि सचेत पार्छे । ऊ अप्रत्यक्ष तवरले ठालुसिंहजस्तालाई रिभ्राउन गाह्रो देखाउँछे र गोरेको मनमा होशियारीको सङ्केत दिन्छे । गोरे पनि कुञ्जिनीलाई के भन्छ भने धर्म जस्तै प्रेम पनि अमर गुण हो, प्रेम त्याज्य छैन ग्राह्य छ' भन्ने कुरा उल्लेख गरेका छन् ।

रामहरि लम्सालको 'खण्डकाव्यकार देवकोटा र कुञ्जिनीको परिवेश', (**गरिमा** १९/२,२०५७) शीर्षकको लेखमा-'महाकविले कुञ्जिनीमा तत्कालीन सामन्ती रोवरवाफ, हैकमवादी प्रवृत्तिको पनि चित्रण गरेका छन् । ठालुसिंहलाई नामुद हैकमवादी खानदानका रूपमा प्रस्तुत गरिएको छ भने लख्खन लेप्टेनलाई गजुरीपिँडाको चर्चित सामन्तका रूपमा प्रस्तुत गरिएको छ' भन्ने विचार प्रकट गरेका छन् ।

शिवहरि ज्ञवालीले **कुन्जिनी खण्डकाव्यको कृतिपरक विवेचना** (२०५८) शीर्षकको शोधपत्रमा- 'गोरेले बजरिस्तानको अस्पतालको शैय्याबाट समेत स्वदेशको सम्झना गर्दै गरेको र रहेको डाँडाकाँडा, हरियाली, घाँसी, गोठाला, जात्रा, उपत्यकाको रानीपोखरी, घण्टाघर, दरबार, स्कूल, बूढानीलकण्ठ, फूलपाती पर्सिएको दृश्य, गोबरले लिपेका घरहरू, दुबोको चौर आदि नेपाली प्रकृतिको सुन्दर वर्णन गरिएको छ' भन्ने कुरा उल्लेख गरेका छन् ।

महादेव अवस्थीको **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता** (२०६१) कृतिमा- 'भौतिकता विमुख आत्मवादी हार्दिक प्रेमकै अमरताको दृष्टिकोणलाई मुख्य कथ्य एवं विचार समेत तुल्याई रचिएको यस खण्डकाव्यमा प्रथम पुरूष प्रधान कथन पद्धति अन्तर्गत घटना सङ्केत, संवादात्मकता र स्वगत कथनजस्ता नाट्यविधिको समेत प्रयोग गरी करूण अङ्गीरस र शोक स्थायीभावको अभिव्यक्ति गरिएको छ' भन्ने विचार उल्लेख गरेका छन् ।

नारायणप्रसाद पौडेलले **कुन्जिनी खण्डकाव्यको संरचनात्मक विश्लेषण** (२०६५) शीर्षकको शोधपत्रमा उल्लेख गरेका छन्- 'प्रकृति चित्रणका क्रममा वन, पाखा, पहाड, हिमाल, वसन्त, वर्षा, साँझ, जुनेली रात, डाँडाकाँढा ढाकेर फुलेका फूल, नदी,खोला आदि प्रकृतिको **कुन्जिनी**मा प्रासङ्गिक रूपमा चित्रण भएको पाइन्छ ।'

खगेन्द्रप्रसाद लुइटेलको 'कुन्जिनीको संरचना-विश्लेषण',(**भृकुटी,** ५/२०६६) शीर्षकको लेखमा उल्लेख गरिएको छ -'प्रकृतिका शान्त र सुन्दर रूपको अनि विछोडका सन्दर्भमा भयानक र रौद्र रूपको अनि मृत्युमा कारूणिक रूपको प्रस्तुति पाइन्छ । अझ भनौं वसन्तमा शृङ्गारिक, वर्षामा रौद्र, शरद्मा कारूणिक ढङ्गबाट प्रकृति चित्रण गरिएको छ । यसमा वन, पाखा, डाँडाकाँडा, वर्षा, शरद्, फूल, जुनेली रात, नदी, खोला, आदि प्राकृतिक परिवेशका साथै सामन्तवादी सामाजिक संस्कारको पनि अभिव्यञ्जना गरिएको छ । समग्रतः यस काव्यमा प्राकृतिक परिवेशको चित्रण विस्तृत र व्यापक रूपमा गरिएको र अन्य सामाजिक, सांस्कृतिक, आर्थिक आदि विभिन्न परिवेशको चित्रण सामान्य रूपले प्राकृतिक परिवेशको चित्रणका सन्दर्भबाटै गरिएको देखिन्छ । यति भएर पनि यस कृतिको मूल अभिप्राय प्राकृतिक परिवेश वर्णन

नभएर प्रेम-प्रणयमूलक सामाजिक परिवेश प्रस्तुत गर्नु रहेको छ । यस काव्यमा चित्रित प्राकृतिक परिवेश सहज, स्वाभाविक, जीवन्त र प्रभावकारी रहेको देखिन्छ ।'

यसरी विभिन्न विद्वान्, समालोचक, साहित्यकार र शोधार्थीहरूले **कुञ्जिनी** खण्डकाव्यका बारेमा  पुस्तक, पत्रपत्रिका तथा शोधग्रन्थहरूमा विविध चर्चा परिचर्चा गरेका छन् । यस्ता चर्चा परिचर्चाहरूले **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रणको अध्ययन भने गर्न सकेको छैन । त्यसकारण यहाँ यी सम्पूर्ण चर्चा परिचर्चाहरूबाट समेत सहयोग लिई **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रणको अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.७ शोधकार्यको औचित्य

लक्ष्मीप्रसाद देवकोटाको **कुञ्जिनी** खण्डकाव्यका बारेमा विभिन्न समीक्षकहरू द्वारा चर्चा परिचर्चा गरिएको छ । **कुञ्जिनी** खण्डकाव्यका बारेमा विभिन्न कोणबाट व्यापक र विस्तृत व्याख्या, विवेचना, कृतिगत संरचनात्मक विश्लेषण भए तापनि प्रकृति चित्रणको अध्ययन भने हुन सकेको छैन । यस शोधपत्रमा **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रणको सैद्धान्तिक कोणबाट अध्ययन गरिने हुँदा औचित्यपूर्ण रहेको छ । यसका साथै प्रकृति चित्रणको अध्ययन गर्न चाहने जिज्ञासु पाठकका लागि प्रस्तुत शोधपत्रले सहयोग पुऱ्याउन सक्ने हुँदा यो शोधपत्र ज्यादै औचित्यपूर्ण रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र **कुञ्जिनी** खण्डकाव्यको प्रकृति चित्रणमा आधारित छ । लक्ष्मीप्रसाद देवकोटाको **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रणको अध्ययन यसमा गरिएको छ । **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रणको अध्ययनबाहेक देवकोटाका अन्य कुनै पनि खण्डकाव्यको  यहाँ अध्ययन विश्लेषण गरिएको छैन ।

## १. ९ सामग्री सङ्कलन विधि र शोधविधि

प्रस्तुत शोधपत्रको तयार पार्ने क्रममा पुस्तकालयीय अध्ययन विधिका आधारमा

सम्बन्धित विषयका विभिन्न प्रकाशित तथा अप्रकाशित पत्रपत्रिका, लेख र रचनाहरूको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : प्रकृति र प्रकृतिवादको परिचय

तेस्रो परिच्छेद : देवकोटाका काव्यकृतिमा प्रकृति

चौथौ परिच्छेद : **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रण

पाँचौ परिच्छेद : उपसंहार

# दोस्रो परिच्छेद

# प्रकृति र प्रकृतिवादको परिचय

## २.१ प्रकृतिको परिचय

'प्रकृति' शब्द अङ्ग्रेजीको Nature को नेपाली रूपान्तरण हो । अङ्ग्रेजी शब्द Nature को व्युत्पत्ति ल्याटिन शब्द Naturalis बाट भएको हो । यसको शाब्दिक अर्थ जन्म भन्ने हुन्छ ।

प्रकृति शब्दले पूर्णरूपमा भौतिक ब्रह्माण्डलाई बुझाउँछ । प्रकृति शब्दको विभिन्न अर्थहरू रहेका छन् । विभिन्न अर्थहरू मध्ये यसले विभिन्न प्रकारका जीवित प्राणी, जनावरहरू र अन्य केही निर्जीव वस्तुहरूलाई बुझाउँछ । प्रकृतिकै माध्यमद्वारा विभिन्न प्रकारका जीवजन्तुहरू अस्तित्त्वमा रहन्छन् र तिनीहरूको आफ्नै प्रकृतिद्वारा परिवर्तन हुन्छ, जस्तै मौसम, पृथ्वीको भूगोल, पदार्थ, शक्ति जसबाट सबै चिजको निर्माण हुन्छ । यसैलाई नै प्राकृतिक वातावरण भनिन्छ । जस अन्तर्गत जङ्गली जनावर, चट्टान, जङ्गल, समुन्द्र किनारा आदि पर्दछन् । सामान्य अर्थमा ती वस्तुहरू मानवीय क्रियाकलापबाट परिवर्तन भएका हुदैनन् । मानवद्वारा उत्पादन गरिएका अन्तरक्रियाहरू प्रकृतिका रूपमा लिइदैन । यसलाई मानवद्वारा निर्मित कृत्रिम अस्तित्त्वका रूपमा लिन सकिन्छ । यसरी प्रकृति र कृत्रिम बीचको फरक स्पष्ट रूपले देखिन्छ । कृत्रिम प्रयोग लाई मानवद्वारा अस्तित्त्वमा ल्याइएको हुन्छ, त्यही रूपमा प्रकृति सञ्चालन भएको हुदैन् । मानवीय चेतना अथवा मस्तिष्कको उपज कृत्रिम अस्तित्त्व हो । यसलाई विभिन्न सन्दर्भमा unnatural अथवा supernatural भन्दा पनि फरक रूपमा पाइन्छ ।'[१] यसरी हाम्रो वरीपरिको संसार मानव निर्मित परिदृश्य बाहेक सबै प्रकृति हो । प्रकृति भन्नाले विभिन्न प्रकारका जीवित प्राणी, जनावरहरू र अन्य केही निर्जीव वस्तुहरू जुन मानवनिर्माण बिना बनेको हुन्छ । जसको कारण

---

१ . http:\\www.naturalism.com. 'Willams Raymond',1976

विभिन्न प्रकारका वस्तुहरू अस्तित्त्वमा रहन्छन् र तिनीहरूको आफ्नै प्रकृतिद्वारा परिवर्तन हुन्छ, जस्तै-मौसम, पृथ्वीको भूगोल, पदार्थ, शक्ति जसबाट सबै चिजको निर्माण हुन्छ । यसैलाई नै प्राकृतिक वातावरण भनिन्छ । जसअन्तर्गत जङगली जनावर, चट्टान, जङगल, समुद्र किनारा र सामान्य अर्थमा ती वस्तुहरू जुन सारभूत रूप मै मानवीय क्रियाकलापबाट परिवर्तन भएका हुँदैनन् । मानिसद्वारा उत्पादन गरिएको मानवीय अन्तरक्रियाहरू सामान्य अर्थमा प्रकृतिका रूपमा लिइदैन ।

यस धारणाले प्रकृति र कृत्रिम बीचको विभाजन स्पष्ट रूपले देखाएको छ । कृत्रिम अस्तित्त्वलाई मानवद्वारा अस्तित्त्वमा ल्याइएको हुन्छ, त्यही रूपमा प्रकृति सञ्चालित नभएको पाइन्छ । मानवीय चेतना अथवा मस्तिष्कको उपज कृत्रिम अस्तित्त्व हो ।'[२]यसरी कृत्रिम अस्तित्त्वलाई मानव निर्मित रूपमा लिइन्छ । हाम्रो वरिपरिको संसार, मानव निर्मित परिदृष्य बाहेक सबै प्रकृति हो । मानव नै त्यो शक्तिशाली जीवित प्राणी हो, जसले सचेत रूपमा वातावरणको व्याख्या गर्न सक्दछ । हामी आफूलाई विशेष शक्ति प्राप्त प्राणीका रूपमा लिन्छौँ ।'[३] हामी पनि यस संसारका अनेकौँ अङ्गहरू मध्ये एक हौँ । हाम्रो प्राकृतिक संसार बाहिर अस्तित्त्वको सम्भावना रहँदैन ।

त्यसैकारण हामी हावा, पृथ्वी, पानी र जीवन बिना बाँच्न सक्दैनौँ । पृथ्वी यति धेरै विशाल छ कि यदि मानवको अस्तित्त्व विनास भए पनि अन्य जीवको संहार भयो भने पनि अझै प्रकृति रहन्छ । माटो, समुद्र, जलवायु, मौसमले त्यसपछि पनि सौर्यशक्तिसँग अन्तरक्रिया गरेर जीवको अस्तित्त्व रहन सक्दछ । मानवले हाम्रो जीवित प्राणीको स्वर्गलाई कुनै प्रकारको नरक त बनाउन सक्ला, तर पृथ्वीलाई नै विनाश भने गर्न सक्दैन'[४]त्यसैले प्रकृति भन्नाले मानवीय निर्माणभन्दा बाहिरको अस्तित्त्व हो ।

---

२. ऐजन ।

३. http:\\www.aip.org/history/climate.Retrived 2007-01-07.

४. ऐजन ।

Emerson ले प्रकृतिलाई स्वर्गको रूपमा परिभाषित गर्ने क्रममा भनेका छन्- ‘मानवले आफूलाई सर्वोत्कृष्ट प्राणीको रूपमा शासक बनेर, कृत्रिम निर्मित अस्तित्त्व भन्दा बाहिरको संसार नै प्रकृति हो’[५] भन्ने कुरा उल्लेख गरेका छन् ।

मानवद्वारा निर्माण नगरिएको प्रकृतिप्रदत्त वस्तु पृथ्वी, तारा, हावा, पानी नै प्रकृति हो । जसअन्तर्गत प्राणी, वनस्पति आदिको भित्री विशेषता, प्राकृतिक स्वभाव जन्मनु, मर्नु र प्राणीको स्वभावअन्तर्गत दयालु, ईर्ष्यालु पर्दछन् । जसलाई सहजताका साथ प्राप्त गर्न सकिन्छ । प्रकृति वा जीवनको यथावत चित्रण, सृष्टिको मूल रूप नै प्रकृति हो ।’[६] यसरी प्रकृति भनेको मानव निर्माण बाहिरको अस्तित्त्व हो ।

पाश्चात्य दर्शनका पिता थेल्सले ई.पू. सातौँ शताब्दीमा भनेका छन् :‘सम्पूर्ण कुराहरूको सारतत्त्व नै प्रकृति हो ।’[७] यसरी प्रकृतिमा सारतत्त्वको ठूलो महत्त्व रहेको कुरा जान्न सकिन्छ । हाम्रा आँखाले बाहिर जे जस्तो देखिन्छ, त्यो बाह्य प्रकृति हो भने त्यसभित्र रहेको स्वभाव आन्तरिक प्रकृति हो । यस अन्तर्गत प्रकृतिका विभिन्न प्रकारहरू रहेका हुन्छन् । जसअन्तर्गत जैविक, पदार्थ, यान्त्रिक आदि प्रकृतिहरू रहेका हुन्छन् । जैविक प्रकृतिअन्तर्गत प्राणीहरू रहेका हुन्छन् र आफ्नो अस्तित्त्वका लागि सङ्घर्षरत रहन्छन् ।

पदार्थमा आधारित प्रकृतिअन्तर्गत जति पनि भौतिक पदार्थहरू रहेका छन् : जस्तै - ढुङ्गा, माटो ,पानी आदि रहेका हुन्छन् । कुनै मानिसले कुनै पनि पदार्थको माध्यमबाट कुनै पनि यन्त्र वा संसाधनका चिजहरूको निर्माण गरेको हुन्छ जसलाई सोझो रूपमा प्रकृति भन्न सकिदैन ।

---

५. ऐजन ।

६. हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराई, **प्रयोगात्मक शब्दकोष**, (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि, २०६६), पृ.६४३ ।

७ .चिरञ्जिवी शर्मा र निर्मला शर्मा,**शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार**, (काठमाडौं : एम.के.प्रकाशन, २०६६), पृ.२६५ ।

## २.२.प्रकृतिवादको परिचय

व्यक्तिको व्यक्तित्व विकासमा वंश र सामाजिक वातावरणको उपज नै प्रकृतिवाद हो । यसले व्यापक रूपमा यथार्थवादको सामाजिक परम्परा, वंशजको गुण, वातावरणीय प्रभाव, मानवचरित्र निर्माणमा भुल्न नसकिने शक्तिको रूपमा स्थापित भएको छ ।'[८]यो साहित्यमा दैनिक यथार्थलाई अभिव्यक्त गर्न विश्वसनीय र क्रियाशील रहन्छ । यो आदर्शवाद रोमान्टिसिज्म र सररिलिज्म विषयले supernatural रूप र सार पाउँछ । Naturalism मा यिनीहरूको स्थान रहदैन'[९] यथार्थवादले विषयलाई यथार्थका रूपमा प्रस्तुत गर्नु मात्र आफ्नो लक्ष्य संभिmयो ।

वास्तममा प्रकृतिवाद साहित्यमा realism को विकसित रूप, परिपक्वता हो । यो मान्यता उन्नाइसौँ शताब्दीको मध्यतिर फ्रान्सलगायत संसारभरि प्रभावपूर्ण थियो । प्रकृतिवादी लेखकहरू डार्विनको विकासवादबाट प्रभावित थिए । प्रकृतिवादले कुनै पनि विषयको कार्यहरूलाई वैज्ञानिकरूपले यसको गहिराइमा रहेका तत्त्वहरूलाई वातावरण, वंशज गुणले कसरी प्रभाव पार्दछ भन्ने विषयलाई विश्लेषणपरक रूपमा प्रस्तुत गर्दछ ।'[१०] प्रकृतिवादी कृतिहरूमा मूर्त विषयवस्तुलाई यथार्थरूपमा प्रस्तुत गरिन्छ ।

प्रकृतिवादका विकासमा डार्विनको विकासवाद र त्यसपछिका प्रकृतिवादी दर्शन तथा जीव वैज्ञानिक र भौतिकशास्त्रीय मान्यताहरूमा आधारित रहेको छ । प्रकृतिवादी वैज्ञानिक दर्शनहरूको भूमिका पनि प्रकृतिवादको दार्शनिक स्वरूप निर्धारित गर्नमा निकै अधिरहेको छ । ईश्वरीय सत्ताबिना प्रकृतिलाई स्वतः बुझ्न सकिन्छ र मान्छे प्रकृतिकै अङ्ग हो भन्ने दर्शन र मान्यताबाटै प्रकृतिवादले प्राणप्रतिष्ठा पाएको हो ।'[११] प्रकृतिवादका अनुसार मान्छे प्रकृतिभिन्न स्वतन्त्र सत्ता होइन र प्रकृतिभन्दा अतिरिक्त कुनै ईश्वरीय सत्ता वा आत्मतत्त्व पनि अस्वीकार्य छ । यस वादका दृष्टिमा

---

८. http:\\www.naturalism.com.,'Willams Raymond ,1976.

९. ऐजन ।

१०. ऐजन ।

११ . बासुदेव त्रिपाठी,**पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** , (काठमाडौं : साझा प्रकाशन, २०६५), पृ.५३ ।

मानवीय जीवन र विचार अनि सामाजिक -राजनैतिक घटना ईश्वरीय लीला वा अव्याख्येय रहस्य होइनन्, बरू प्राकृतिक प्रक्रिया हुन् र प्राकृतिक विकास नियमका अनुशरणशील छन् ।'[१२] प्रकृतिवादीहरूको आचारशास्त्र सुखवादी हुनुका साथै जैविक आत्मसंरक्षण, वातावरण अनुकूलन जीवन शक्ति र शक्ति-इच्छाजस्ता विकासवादी मूल्यमा आधारित छ ।'[१३] प्रकृति वा प्रकृतिको सौन्दर्यमा रमाई त्यसैको अभिव्यक्ति गर्ने कृति, लेखक वा साहित्य सिद्धान्तलाई प्रकृतिवादी साहित्य सिद्धान्त भनिन्छ ।

प्रकृतिवाद डार्बिनको विकासवाद तथा जीववैज्ञानिक र भौतिकशास्त्रीय मान्यताहरूमा आधारित रहेको छ । यो वाद ईश्वरीय आध्यात्मिक, धार्मिक तथा नैतिक मूल्यका विपरीत उभिएको छ । यसले प्रकृतिको प्रयोगशालामा मानिसका शारीरिक-मानसिक गतिविधि र प्रवृत्ति तथा प्रकृतिको पर्यवेक्षण गर्छ । प्रकृति प्राकृतिक सौन्दर्यमा प्रेम र अभिरूचि राख्ने तथा प्रकृतिसँग निकट यथातथ्य सम्बन्ध राख्ने साहित्यलाई प्रकृतिवादी साहित्य भनिन्छ ।

## २.२.१ प्रकृतिवादको परिभाषा

प्रकृतिवादलाई विभिन्न दार्शनिकहरूले निम्नरूपमा परिभाषित गरेका छन् :

**वार्डले** प्रकृतिवादका सम्वन्धमा यसरी भनेका छन् - प्रकृतिवाद त्यस्तो सिद्धान्त हो जसले प्रकृतिलाई ईश्वरभन्दा अलग राख्दछ , आत्मलाई पदार्थको अधीनमा रहेको मान्दछ र अपरिवर्तनीय नियमहरूलाई सर्वोच्च ठान्दछ ।'[१४]

**रोसले** प्रकृतिवादका सम्वन्धमा यसरी भनेका छन्-प्रकृतिलाई शैक्षिक सिद्धान्त र शैक्षिक प्रणालीमा त्यस्तो हलुकासँग प्रयोग गरिन्छ जसले विद्यालय तथा पुस्तकहरूमा आश्रित हुनाका सट्टा सिकारूका वास्तविक जीवनलाई नै प्रभावित गर्दछ ।'[१५]

---

१२. ऐजन ।

१३. ऐजन ।

१४. चिरञ्जिवी शर्मा,निर्मला शर्मा, **शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार**, पूर्ववत् , पृ.२६५ ।

१५. ऐजन ।

**चारर्भकले** प्रकृतिवादका सम्बन्धमा यसरी भनेका छन्-प्रकृतिवादले ब्रह्माण्डको गतिमा नै वातावरणीयताको वकालत गर्दछ । यस अनुसार निर्माण विकास र सांसारिक परिवर्तनका लागि कुनै पनि कारण कार्य नभई प्रकृतिमुखी वातावरण नै प्रमुख मानिन्छ । मानिसको शारीरिक बनोट, पृथ्वी, पानी, आगो र वायुद्वारा निर्मित हुन्छ । आत्माको स्वतन्त्र अस्तित्त्व हुँदैन ।'[१६]

**पिरीले** प्रकृतिवादका सम्बन्धमा यसरी भनेका छन् - प्रकृतिवाद विज्ञान होइन तर विज्ञान जस्तै एक सिद्धान्त हो । खासगरी यसले वैज्ञानिक ज्ञान शाश्वत र यथार्थ हो, प्रकृतिवाद भौतिक हो आध्यत्मिक होइन भनी दावी गर्दछ ।'[१७]

**थोमस र लेन्जले** प्रकृतिवादका सम्बन्धमा यसरी भनेका छन् - प्रकृतिवादले आदर्शवादको विरोध गर्दछ ; मानव मस्तिष्क पदार्थको अधीनस्थ ठान्दछ र शाश्वत सत्यलाई भौतिक मान्दछ आध्यत्मिक होइन ।'[१८]

**हकिङ्ले** प्रकृतिवादका सम्बन्धमा यसरी भनेका छन्- प्रकृतिवाद त्यो तत्त्वज्ञान हो जसले प्रकृतिलाई नै सम्पूर्ण सत्यको रूपमा स्वीकार गर्छ । यसले अलौकिक र अन्य यस्तै संसारको परिकल्पनालाई अस्वीकार गर्छ ।'[१९]

**जेम्स आदम्सले** प्रकृतिवादका सम्बन्धमा यसरी भनेका छन्- प्रकृतिवाद शैक्षिक सिद्धान्तदेखि तालिमका अन्य पक्षहरूमा सम्बन्धित रहेको दर्शन हो । यो विद्यालय तथा पुस्तकहरूमा आधारित नभई सिकारूको वास्तविक जीवनमा आधारित हुन्छ ।'[२०]

## २.२.२ प्रकृतिवादका प्रकार

प्रकृतिवादले साहित्यलाई व्याख्या विश्लेषण गर्ने आधारहरू नै प्रकृतिवादका

१६. ऐजन ।

१७. ऐजन ।

१८. डा.लेखनाथ पौडेल, पेशल खनाल, नारायणप्रसाद अधिकारी, **शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार**, (काठमाडौं:सनलाइट प्रकाशन, २०६६), पृ.२१० ।

१९. ऐजन ।

२०. डा.लेखनाथ पौडेल,पेशल खनाल,नारायणप्रसाद अधिकारी,**शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार**, पूर्ववत, पृ.२१० ।

प्रकार  हुन् । प्रकृतिवादलाई निम्नानुसार विभाजन गरेको पाइन्छ :

(१) **पदार्थ विज्ञानमा आधारित प्रकृतिवाद :** जुन प्रकृतिवादले मानिस र ब्रह्माण्डलाई शारीरिक, भौतिक, यान्त्रिक, जैविक प्रक्रिया मान्दछ, त्यसलाई पदार्थ विज्ञानमा आधारित प्रकृतिवाद भनिन्छ । यसले प्रकृति र पदार्थ दुवैलाई मान्यता दिन्छ ।'[२१]

(२) **यान्त्रिक प्रकृतिवाद** : यसले पदार्थ र पदार्थको गतिमा जोड  दिएको छ । सम्पूर्ण प्रकृतिको निर्माण पदार्थको गतिद्वारा भएको छ । ब्रह्माण्ड प्राणीविहीन एक यन्त्र हो । मानिस र मानिसको विचार समेत प्रकृतिको नियमानुसार मानवीय व्यवहार निर्माण हुन्छ ।'[२२]

(३) **जैविक प्रकृतिवाद :** यस धारणाअनुसार प्रकृति श्रेष्ठ छ । प्राणी प्रकृतिमा बाँच्न र राम्रोसँग बस्न सधैं सङ्घर्षरत रहन्छ । यो डार्विनको विकासवादको सिद्धान्तमा आधारित छ । यस दर्शनअनुसार मानिस  प्राकृतिक  प्राणीवाट विकसित  हुँदै आजको अवस्थामा पुगेको हो ।'[२३]यसरी मानिस विकास क्रमको उपज हो । उसका मूल प्रवृति र संवेगद्वारा नै मानिसमा ज्ञान हासिल हुन्छ । संसारमा भएका प्राणीहरूमध्ये समर्थवान प्राणीहरूका रूपमा मानिस अघि बढदै गएको पाइन्छ ।

## २.२.३ प्रकृतिवादका विशेषताहरू

निराशावाद : प्रकृतिवादी कृतिहरूमा प्रायः एक अथवा एकभन्दा बढी पात्रहरू निराशावादी धाराको प्रतिनिधित्व गरेका हुन्छन् । उनीहरूको व्यवहारको अर्थ निराशावादी छ ।[२४]काल्पनीय र भावानात्मक पक्षवाट लेखकहरूले वस्तुपरक विषयलाई छनोट गरेको अनुभव गर्न सकिन्छ र त्यसैप्रकारको भाव प्रयोग भएको पाइन्छ । आधुनिक प्रकृतिवादी लेखहरूमा वस्तु र पात्रहरूलाई के हुन्छ  भन्ने कुरामा जोड

---

२१. चिरञ्जिवी शर्मा,निर्मला शर्मा, **शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार**, पूर्ववत् , पृ.२६९ ।

२२. ऐजन ।

२३. ऐजन ।

२४. http:\\www.naturalism.com.,'Willams Raymond ,1976

दिइएको छ । पात्रहरूका अनुभव र आशालाई खासै महत्त्व दिएका हुँदैन ।[२५] पूर्वनिर्धारणको लागि व्यक्तिगत पात्रहरू विचार र सिधा प्रभाव तिनीहरूको जीवनसँग प्रष्टरूपमा परेको पाइन्छ । त्यसलाई देखाउन प्रकृतिवादी लेखकहरू पाठकलाई कृतिका पात्रहरूको भाग्य, भविष्य पूर्व निर्धारण गरिएको छनक दिन्छन् । वातावरणीय पक्षहरूले पात्रहरूलाई पूर्वनिर्धारित स्थानबाट टाढा जान दिँदैनन् ।'[२६] कृतिको अन्त्य अनौठो मोडमा लगेर गरिन्छ । प्रकृति व्यक्तिगत सङ्घर्षमा तटस्थ रहन्छ । प्रकृतिले पात्रको सफलता र असफलतामा कुनै प्रभाव पार्दैन ।'[२७] काल्पनीय र भावानात्मक पक्षवाट लेखेका कृतिहरूमा प्रायःनिराशावादी धाराको प्रतिनिधित्व गरेका हुन्छन् । यसको सिधा प्रभाव व्यक्तिगत जीवनसँग प्रष्टरूपमा परेको पाइन्छ ।

उपर्युक्त उल्लेखित विशेषताहरू हुँदाहुँदै पनि प्रकृतिवादलाई यथार्थवादको विस्तारित रूपमा विकास भनेर बुझ्न सकिन्छ । यसलाई अझ राम्रोसँग बुझ्नको लागि यथार्थवादको आधारभूत मान्यतालाई व्यापक रूपमा बुझ्न आवश्यक पर्दछ । यस मान्यतालाई सबैभन्दा पहिले इमेल जोलाले प्रयोग गरेको पाइन्छ । उनले समुदायलाई विश्वास दिलाउन कुनै पनि नयाँ चिज र आधुनिक चिजलाई कथावस्तु बनाएको पाइन्छ । उनका उपन्यासमा प्रयोग गरिएको पात्रहरू र कथा वैज्ञानिक तथ्यमा आधारित छन् ।

मानव सभ्यताको विकाससँगै 'मानवीय ज्ञान' को विकास अघि बढ्दै गएको पाइन्छ । ज्ञानको विकासका क्रममा विभिन्न विद्वान्हरूका आफ्ना-आफ्ना विचारहरू देखा परे । यिनै विचारहरूले वादको रूप लियो ।'[२८] कुनै पनि वादको जन्म प्राणी के हो ? मानव के हो ? उसको काम के हो ? मानवको सबैभन्दा राम्रो गुण के हो ? जस्ता विभिन्न चिन्तनहरूलाई लिएर भएको पाइन्छ । यसै क्रममा प्रकुतिवादको जन्म अणुवादबाट भयो । यो अणु प्रकृतिको उपज भएकाले अणुवाद नै प्रकृतिवादमा परिणत

२५. ऐजन ।
२६. ऐजन ।
२७. ऐजन ।
२८ .चिरञ्जिवी शर्मा,निर्मला शर्मा, **शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार**, पूर्ववत् , पृ.२६५ ।

भई प्रकृतिवादको जन्म हुन पुगेको तथ्यलाई दार्शनिकहरूले स्वीकार गरेको पाइन्छ ।'[२९] प्रकृतिवादले पूर्वीय दर्शन र पाश्चात्य दर्शन दुवैमा प्रभाव पारेको छ । यस दर्शनलाई विकास गराउन तुलनात्मक रूपमा पाश्चात्य दार्शनिकहरूको योगदान बढी देखिन्छ ।'[३०] यसरी अणुबाट विकास भएको प्रकृतिवादका विषयमा यस्तो भनाइ पनि पाइन्छ । भौतिकवादबाट प्रकृतिवाद बनेको हुन सक्छ ।

महान् प्रकुतिवादी दार्शनिक जिक जाँ रूसो प्रकृतिवादको चरम पुस्तक 'इमाइल' मा प्रकृतिको अर्थ यसरी लगाएका छन् :- 'मानिस प्रकृतिको वरदान हो । मानिस र प्रकृति अलग रहन सक्तैनन् । मानिसलाई प्रकृतिजस्तै स्वतन्त्र छाडिनु पर्दछ र मात्र ऊ खुसी हुन सक्छ । मानिसको अन्तिम लक्ष्य वा सत्ता नै प्रकृति हो । प्रकृतिभन्दा ठूलो केही छैन । प्रकृतिको विरोध गर्नु हुँदैन, सम्पूर्ण वस्तुको आधार नै प्रकृति हो । मानिस समाज र प्रकृतिका बीचमा समन्वय कायम गराउनु नै प्रकृतिवादको लक्ष्य हो ।'[३१] सामान्य अर्थमा जुनवादले सत्य र वास्तविकता प्रकृतिमा भएको भौतिक पदार्थमा रहन्छ भनी विश्वास गर्दछ, त्यसलाई प्रकृतिवाद भनिन्छ ।

प्रकृतिवादले आध्यात्मवादमाथि विश्वास गर्दैन । मानिसको विचार मस्तिष्कको प्राकृतिक क्रियाबाट उत्पन्न हुन्छ । विचार गर्ने शक्ति र वातावरण मानिसले प्रकृतिबाट प्राप्त गर्दछ । त्यसैले मानिस र समाजको पहिलो उत्तरदायित्व नै प्रकृतिप्रति सजग रहनु हो ।'[३२] इन्द्रियहरूले प्राकृतिक क्रियाका आधारमा अनुभव प्राप्त गर्दछन्, त्यही अनुभव ज्ञान हो, सत्य हो र प्रकृति हो । प्रकृतिले प्रत्येक वस्तुको रचना गर्दा ज्यादै राम्रोसँग गरेको हुन्छ तर संसारमा आएपछि मानिसहरूले त्यसलाई बिगार्दछन् ।'[३३] त्यसैले  मानिस र समाज दुवै प्रकृतिका वरदान हुन् ।

---

२९. ऐजन ।
३०. ऐजन ।
३१. ऐजन, पृ.२६७ ।
३२. ऐजन ।
३३. ऐजन ।

दार्शनिकहरूले प्रकृतिवादलाई निम्नानुसार परिभाषित गरेका छन् । प्रकृतिवादी सिद्धान्तका प्रमुख दार्शनिक रूसोले आफ्नो 'इमाइल' मा मानिसका बारेमा निम्न कुराहरू व्यक्त गरेका छन् । 'मानिस स्वतन्त्र रूपमा जन्मेको हुन्छ, यसकारण उसलाई स्वतन्त्र जीवन निर्वाह गर्न दिनुपर्दछ । व्यक्तित्त्व विकासका लागि बालबालिकाले प्रकृतिको स्वतन्त्र वातावरण प्राप्त गर्नु पर्दछ । उनीहरूले आफ्नो विकासका लागि पूर्ण स्वतन्त्रता पाउनुपर्दछ ।'[३४] पिताहरू, ज्यादै चाँडो परिवर्तन हुने ती अबोध खेलौनाहरूलाई किन कष्ट दिन्छौ ? बाल्यावस्था यी दिनहरूमा किन तीतो अनुभवमा पार्दछ ? जसले तिम्रा बालबालिकाहरूलाई डाक्दछन, जीवनको आनन्द उनीहरूलाई लिन देऊ,जसले गर्दा ईश्वरले तिनीहरूलाई डाक्दा जीवनको आनन्दको अनुभव नै गर्न नपाई मर्न नपरोस् ।'[३५] दार्शनिक रूसोले "प्रकृतितर्फ फर्क" भन्ने सिद्धान्तको प्रतिपादन गरे । यस सिद्धान्तमा रूसोले मुख्यतया निम्न पक्षमा जोड दिएका छन् : मानिसलाई प्राकृतिक प्राणी हुन नदिने बाधाहरू हटाउनु पर्दछ । मानवीय प्रकृति र संवेगमा जोड दिनु पर्दछ तर बौद्धिकतामा होइन ।

प्रसिद्ध प्रकृतिवादी दार्शनिक हर्वट स्पेन्सरले प्रकृतिवादी अनुशासनका बारेमा यसरी बताएका छनः जब बालक लड्दछ वा टेवुलमा टाउको ठोक्काउँछ, तव उसलाई दुख्दछ यही दुखाइको सम्भनाले उसलाई सावधान बनाउँछ र यस्तै अनुभवहरू भइरहनाले बालक हिँड्ने, कुद्ने कार्यहरूमा अनुशासित हुन्छ ।'[३६]

## २.२.४ प्रकृति र प्रकृतिवादको सम्बन्ध

प्रकृतिवाद र प्रकृति दुवैले फरक-फरक मान्यता राख्दछन् । प्रकृति मानवद्वारा निर्माण नगरेका प्रकृतिप्रदत वस्तु पृथ्वी, तारा, हावा, पानी, खोला, नाला, जङ्गल आदि प्रकृति हो । मानिसद्वारा निर्माण नगरिएका प्रकृति जसलाई सहजताको साथ प्राप्त गर्न सकिन्छ । ईश्वरीय सत्ता बिना प्रकृतिलाई स्वतः बुभन सकिन्छ र मान्छे प्रकृतिकै अङ्ग हो भन्ने मान्यता प्रकृतिवादले राख्दछ । यस वादका दृष्टिमा मानवीय जीवन र विचार

---

३४. ऐजन, पृ.२६८ ।

३५. ऐजन ।

३६. ऐजन, पृ.२६९ ।

अनि सामाजिक राजनैतिक घटना ईश्वरीय लीला वा अव्याख्येय रहस्य नभएर प्राकृतिक प्रकृया हुन् । महान् प्रकृतिवादी दार्शनिक जिक जाँ रूसोले 'इमाइल' मा मानिस प्रकृतिको वरदान हो, मानिस र प्रकृति अलग रहन सक्दैनन् । मानिसलाई प्रकृतिजस्तै स्वतन्त्र छाडिनु पर्दछ, र मात्र ऊ खुसी हुन सक्छ । यसरी सामान्य अर्थमा जुनवादले सत्य र वास्तविकता प्रकृतिमा भएको भौतिक पदार्थमा रहन्छ भनी विश्वास गर्दछ ; त्यसलाई प्रकृतिवाद भनिन्छ । प्रकृति वा प्रकृतिको सौन्दर्यमा रमाई त्यसैको अभिव्यक्ति गर्ने कृति, लेखक वा साहित्य सिद्धान्तलाई प्रकृतिवादी साहित्य सिद्धान्त भनिन्छ ।

यसरी प्रकृतिको विकसित रूप नै प्रकृतिवाद हो । प्रकृतिले बोटविरूवा, प्राणी खोलानाला आदिलाई बुझ्भाउँछ भने प्रकृतिवादले मानिस पनि प्रकृतिकै एउटा अङ्ग मानि उसको यथार्थपरक अभिव्यक्ति साहित्यका माध्यमद्वारा व्यक्त हुन्छ ।

## २.३ निष्कर्ष

मानवद्वारा निर्माण नगरिएका प्रकृतिप्रदत्त सम्पूर्ण वस्तुलाई प्रकृति भनिन्छ । मानिस पनि प्रकृतिका अन्य जीवहरूजस्तै एक हो । मानिस पनि प्रकृतिद्वारा सञ्चालित छ । प्रकृतिलाई मानिसले सञ्चालन गर्न भने सकेको छैन । जति पनि कृत्रिम प्रयोग मानिसद्वारा गरिएको हुन्छ, त्यसको उत्पादनको लागि कुनै न कुनै प्रकृतिको प्रयोग गरिएकै हुन्छ । यसरी प्रकृति पनि आन्तरिक र वाह्य हुन्छ । जसलाई हाम्रो नाङ्गो आँखाले देख्न सक्छौ त्यो नै वाह्य प्रकृति हो भने जसलाई हामी नाङ्गो आँखाले देख्न सक्दैनौँ त्यसलाई आन्तरिक प्रकृति भनिन्छ ।

प्रकृति भनेको नाङ्गो आँखाले देखेका जति कुराहरू मात्र नभएर अन्तरकुन्तरमा रहेका स्वभाव पनि प्रकृति हो । मानिसले प्रकृतिलाई सञ्चालन गर्न सक्दैन तर प्रकृतिले मानवलाई सञ्चालन गरेको छ । मानवद्वारा केही निर्माण गरिएको छ भने पनि त्यहाँ प्रकृतिकै सहयोग लिइरहेको हुन्छ । यसरी प्रकृति भन्नाले मानवद्वारा निर्माण गरेका जति पनि चिजहरू छन् ; त्यो बाहेकको वस्तुलाई प्रकृति भनिन्छ ।

# तेस्रो परिच्छेद

## देवकोटाका काव्यकृतिमा प्रकृति

### ३.१ परिचय

लक्ष्मीप्रसाद देवकोटा (१९९६-२०१६) प्रकृतिप्रेमी सशक्त कवि प्रतिभा हुन् । प्रकृति चित्रणमा देवकोटाको चेतनाले छुट्टै विशेषता, विविधता र आफ्नैपनलाई समेटेको छ । प्रकृतिलाई कविताका माध्यमबाट चिनाउने क्रममा सम्पूर्ण काव्ययात्राको पूर्वार्द्धमा शान्त, सौम्य र सुन्दर प्रकृतिचेत लिएर कवितामा देखिने देवकोटा उत्तरार्द्ध (२००४) देखि प्रकृतिलाई विद्रोहात्मक, हुङ्कार, क्रान्ति चेत, क्रान्तिद्वारा सभ्यताको नयाँ गोरटो प्रदान  गर्ने माध्यमका रूपमा प्रयोग गरेका छन् । प्रकृतिका माध्यमबाट जीवनको रहस्यको खोजी गर्दै जीवनको साधारण अवस्थामा पनि प्रकृतिलाई मानवीकरण गर्ने देवकोटा पूर्व र पश्चिमेली दुवै तर्फका स्वच्छन्दतावादी कविको प्रकृति चित्रण गर्न कतिपय आफ्ना कवितामा सामान्य प्रकृति चित्रण, आन्तरिक तथा बाह्य प्रकृति चित्रणलाई नितान्त मौलिक किसिमले अँगाल्दै प्रकृतिलाई विभिन्न प्रयोजनका आधारमा वर्णन गर्न पुग्दछन् । सम्पूर्ण प्रकृतिको प्रयोगद्वारा मानवीय सभ्यताको पुष्टि गर्न सकिन्छ भन्ने देवकोटा प्रकृतिलाई मानवीय जीवनको सर्वोपरी रहेको कुरा स्वीकार्दै जीवन जगत्को अभिव्यक्ति गर्ने सन्दर्भमा उनले प्रकृति नै मानव सभ्यताको पाठशाला हो भन्ने ठान्दछन् । जीवनको रहस्यताको वास्तविक रूप नेपालीहरूको सरल र सौन्दर्य रूपको चित्रण 'गरिब' जस्ता प्रकृतिपूर्ण कविताको माध्यमद्वारा भएको छ । प्रकृतिको चित्रणका क्रममा उनले स्वतन्त्रता, मानवता तथा सामाजिक विवशतालाई विभिन्न किसिमले व्यक्त गरेका छन् । प्राकृतिक जीवन नै मानिसको भौतिक जीवनभन्दा अलग सर्वश्रेष्ठ जीवन हो भन्ने उनी ठान्दछन् ।

प्राकृतिक जीवनलाई सुन्दर, शान्त र विशाल ठान्ने देवकोटाले आफ्नो गरिब तथा कारूणिक जीवनलाई प्रकृतिको सहाराले प्रस्तुत गरेका छन् । प्रकृति चित्रण गर्ने क्रममा कवि देवकोटाले आफ्नो काल्पनिक क्षमतालाई पूर्णरूपले प्रदर्शित गर्दै कतै आलम्बन र उद्दीपन विभावका रूपमा उभ्याएका छन् । प्रकृतिको प्रयोग देवकोटाका कवितामा साध्य नभएर साधन वा माध्यमका रूपमा भएको छ । प्रकृतिको हेराइबाट मात्र कविभित्र रहेका भावहरु खेल्दछन् भन्ने देवकोटा प्रकृतिलाई अभिव्यक्तिको उत्प्रेरक शक्तिका रूपमा मान्दछन् । औद्योगिक सभ्यता भन्दा प्राकृतिक सभ्यता देवकोटाको मुख्य पक्ष भएको कारण उनी सहरिया जीवनभन्दा ग्रामीण समाजको शान्त प्रकृतिमा वा कृत्रिमता भन्दा प्राकृतिक सभ्यता तर्फ अग्रसर देखिन्छन् । प्रकृति यौटा ईश्वर हो यसैकारण यसैद्वारा सांसारिक जगत्लाई बुझ्न सकिन्छ अन्यथा खोज्नु प्रकाशको उज्यालो छोप्ने प्रयास गर्नु हो । देवकोटाको लेखन शैली पनि प्रकृतिको छहराजस्तै गड्गडाएको छ । देवकोटा प्रकृतिलाई भाव स्रोतको कारक तत्त्व, लय चेत, दिव्यता, सुन्दरताको स्रोत, ज्ञान र सौन्दर्यको खानी, शान्तावस्था, तन्मय र मन्मय, मानवीय संस्कार, आदर्शको स्रोत, सुख दुःखको मानवीय अवस्थालाई अभिव्यक्त गर्ने सन्दर्भ, ईश्वरीय शक्तिजस्ता विविध किसिमले जीवनको माध्यमका रूपमा प्रकृतिलाई हेरेकाले उनका काव्यकृतिमा प्रकृति चित्रण प्रर्याप्त मात्रामा प्रयोग भएको छ ।

प्रकृतिका प्रत्येक मुस्कान, प्रत्येक हाउभाउ र प्रत्येक अवस्थाले देवकोटालाई मोहनी लगाउँछ । उनी यसको उपासनामा आफूलाई उत्सर्ग गरिदिन्छन् । जसरी पुतलीले बत्तीको  उज्यालोसँगै आफूलाई होमिदिन्छ त्यसरी नै देवकोटाले प्रकृतिलाई निकै नजिकबाट हेरेका छन् । प्रकृतिकै कोमल काखमा झुमिरहन उनलाई रमाइलो लागिरहेको हुन्छ । एउटा शिल्पकारले फ्याँकिएको ढुङ्गालाई कुँदेर देवताको रूप दिन सके जस्तै अनि एउटा चित्रकारले मिल्किएका रङ्ग  बटुलेर देवीको अनुहार रंगाए जस्तै हाम्रा हृदयमा कहिल्यै नमेटिने गरी सरल र सरससँग केही शब्दहरूको सहाराले उनी प्रकृतिको अनुहार  खोज्न सक्छन् ।

कवि प्रकृतिको बाहिरी अनुहार हेरेर मात्र सन्तोष हुँदैनन् । यस भित्रका एक एक सत्यहरू केलाउँदै गहिरिँदै जान्छन् । अनुसन्धान गर्दै जान्छन् र नेपाली साहित्यका पाठकहरूका लागि मीठा-मीठा खुराक दिँदै जान्छन् । उनले प्रकृतिलाई हरियो सारीमा भएको बुट्टासँगै तुलना गरेका छन् । यसरी प्रकृतिको दैवी रहस्योद्घाटन गर्न देवकोटा गहिरो चिन्तन गर्दछन् । यसरी कतै देवकोटाले गुलाफको फूलसँग सोह्र वर्षे युवतीसँग तुलना गर्छन् । उनका कतिपय कवितामा प्राकृतिक ऋतुहरूको वर्णन पनि पाइन्छ कतै ग्रीष्म ऋतुको झ्यालखानाबाट भर्खरै मुक्त भएकी वर्षा स्वतन्त्रता प्राप्तिपछि हर्षले विभोर हुन्छे, रमाउँछे, दगुर्छे, नाच्छे र ऊ आफ्नो खुसीमात्र प्रकट गर्न खोज्दिन, जगत्लाई नै अमर गीत सुनाउन चाहन्छे । उसको त्यो मधुरो गीत सुन्न प्रकृतिसँग माया प्रीति बसिसकेको कविको कान आकर्षित हुनु निकै स्वाभाविक देखिन्छ ।

## ३.२ लक्ष्मी कवितासङ्ग्रहमा प्रकृति चित्रण

**'एक बिहान'** कवितामा कवि उषाको सौन्दर्यको प्रशंसा यसरी गर्छन् -

> अप्सराकी ए ! रानी ! तिमी,
> छवि खानी !
> देवदारूको ऊँचा उपवन,
> डुल्न आई ,दिन्छ्यौ दर्शन !
> स्फटिकमहलको द्वार उघारी,
> दिनदिन, पखमा
> मधुर बिहानी !
> आनन्द जम्यो क्या ! मुटु डल्लो ! [३७]

३७ .लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी कवितासङ्ग्रह**,' एक विहान',साझा प्रकाशन,२०५६, पृ.७६ ।

प्रकृतिका उपासक देवकोटा उषालाई अप्सराकी रानीको रूपमा चिन्छन् र मन्त्र मुग्ध हुँदै दर्शन गर्छन् । बिहानीको रमाइलो छटामा उनको भावुक मुटु खुसीले डल्लो परिदिन्छ ।

देवकोटाको **'सन्ध्या'** कवितामा प्रकृति चित्रण यसरी गरेका छन् :

हामी सपना देखिरहेछौँ
सुन्दर झल्का पाइरहेछौँ
प्रकृति-मुमाको काख ।
सन्ध्या आइन् मृदु मुस्क्याइन्
जीवनउपर उज्यालो छाइन्
सुन्दर भाव उठाइन लाख ।[३८]

त्यसैगरी देवकोटाले सन्ध्या कवितामार्फत् साँझको प्राकृतिक दृश्यको चित्रण गर्दै त्यस दृश्यले कविको मनमा प्रभाव पारेको वा सञ्चार गरेको भावुक आल्हाद र सौन्दर्य रागका साथै स्वच्छन्दतावादी जीवन दर्शनका सूक्ष्मतर छचल्काहरुलाई पनि अभिव्यक्त गर्दछन् । यहाँ सन्ध्याको मानवीकरण गरी स्त्री लिङ्गी क्रियाद्वारा सन्ध्यालाई प्रस्तुत गरिएको छ । सन्ध्यालाई एक स्वर्गीय अप्सराका रूपमा कविले हेरेका छन् । स्वर्गद्वारा आकाश खुलेर अस्ताचल क्षितिजमा बर्लिरहेकी सन्ध्यारूपी अप्सरालाई देख्दा कविको मनमा सन्ध्यामा क्षितिजको सौन्दर्यका रूपमा मानवीकृत भई प्रथम चरणमा अभिव्यक्त  भएको छ ।

यहाँ सन्ध्या सुनौलो रङ्गका सूर्यलाई हातमा लिई आकाशको स्वर्गद्वारा खोल्दै स्वर्णिम बादलको घुम्टोबाट  गुलाबी मुखमण्डल फैलाई उचालिएका हल्का पयरले किरणका सिढीँहरू हुँदै मोहक मृदु मुस्कानसहित सन्ध्या अप्सरा पृथ्वी तिरै छँदैछन् । यसरी प्रस्तुत सन्ध्या कवितामा प्रकृतिको राम्रो पहिचान फेला पार्न सकिन्छ । यस

---

३८.लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी कवितासङ्ग्रह**,' सन्ध्या', पूर्ववत् , पृ.१६७ ।

कवितामा मानव सभ्यताको उत्कृष्ट रूपमा जीवनलाई लिँदै प्रकृतिलाई आमाको काख सम्झन्छन् ।

'**गौंथली र देवकोटा**' कवितामा कविले प्रकृति चित्रण यसरी गरेका छन् :

गौंथली र देवकोटाको
एउटै गुँड छ ! एउटै गुण छ !
यस घाटमा क्या बाघ र पाठो पानी पिउँछ !
प्रकृति बसेर, दुइटैको दिल,
एक धागोमा सिउँछ, सिउँछ !
त्यो तर्सिन्न, म शङ्किन !
मध्यरातमा एक कोठामा
दुइटै जीवको जाग्ने निहुँ छ [३९]

प्रकृतिका एक एक सृष्टिलाई आफ्नो जीवन दान दिएर बचाउन खोज्ने देवकोटा साधारण चराचुरूङ्गीहरुलाई स्वयं आफू सम्झिदिन्छन् । उनी सोच्दछन् प्रकृतिका सम्पूर्ण प्राणीहरूको दिल एकै नास रहोस् । बाघ, पाठा सँगै बसेर पानी पिउन् भन्ने तर त्यस्तो हुन सक्दैन, प्राणीहरू स्वार्थी बन्न थाल्दछन्, एक अर्काप्रति अन्याय गर्न थाल्दछन् । यो देख्दा कविलाई प्रकृतिको सानो प्राणी पुतली भित्रै आफूलाई हराइ दिन मन लाग्छ । यतिमात्र होइन गौथलीभन्दा सानो पुतली लाई देख्दापनि प्रकृति चित्र रचना सम्झेर कविको निर्मल मन पग्लन्छ र उनी सांसारिक सुख दुःख पुतलीकै पछि लाग्छन् ।

प्रकृतिका एक एक कणमा कवि ईश्वर लुकेर हाँसिरहेको देख्दछन् र प्राणीलाई प्रेम गर्छन् । यसरी देवकोटाका धेरैजसो रचनाहरू पढ्दा हामीलाई लाग्छ प्रकृति अमृतले धोएका आफ्ना औंलाहरूले कविको हृदय कुत्कुती लगाइरहन्छ र कविको परिमार्जित सङ्लो मुस्कान साहित्य बनेर निस्कदो रहेछ । उनले कतै पनि प्रकृतिलाई

---

३९. ऐजन, पृ.१६७ ।

बिर्सन सकेका छैनन् । उनकी प्रकृति नेपालकै आँगनमा हुर्केकी र नेपालकै फूलवारीमा नाचेकी छन् । देवकोटाको प्रकृति चित्रण ज्यादै आकर्षक र सङ्गीतमय देखिन्छ । देवकोटाको सुख, शान्ति, हाँसो, सब प्रकृतिमै सीमित रहेको देखिन्छ । उनलाई विश्वास छ प्रकृतिको सहारा नलिई भौतिक विकासले मात्र मानव मनले कहिल्यै शान्ति पाउन सक्दैन ।

'**ज्वरशमना प्रकृति**' कवितामा प्रकृति चित्रण यसरी गरेका छन :

ज्येठको आज मध्याह्न बेला सुस्ताउँछ पवन
थाकेको श्रमझैँ, लिनलाई दमझैँ,
छहारीमुनि बटुवासरि, स्थगित भ्रमण
दुई चार काग हानिए पूर्व शीतलको खोजमा [४०]

जेठको मध्यान्ह बेलाको प्रचण्डतापले कागहरु शीतलताको खोजमा पूर्वतिर हानिएको र कवि पनि निधारमा संसारको रापतापरूपी ज्वरो रन्किएको अनुभव गर्दै मनको हपहप हर्ने कुञ्जको खोजमा रहेको ज्वरार्तताको चित्रणबाट थालिएको अनि त्यस तापमानको फलस्वरूप वातावरण बादलको उद्गम र क्रमिक अभिबृद्धि भई बर्षात् भएबाट उक्त तापज्वरको शमन भएको छ ।

प्रस्तुत कवितामा कविले प्रकृतिलाई ज्वरशमना विशेषणका साथ मानवीकृत गरेका छन् भने स्त्रीत्वको पनि भागी बनाएका छन् । त्यस्तै मनुष्य जातिको ज्वरलाई शमन गर्न परिचारिका स्वरूप प्रकृति रहेको कुरा पनि प्रस्तुत कविताले व्यक्त गर्दछ । यस कवितामा कविले प्रकृति चित्रणका साथसाथै सांसारिक चाहना र आकाङ्क्षालाई ज्वरो ठान्न पुगेका छन् । कुनै गृष्म दिनका मध्यान्हको प्रचण्ड गर्मीको पृष्ठभूमिमा प्रकृतिद्वारा वर्षातको रचना गरिएको र कविद्वारा वर्षाको चाहना गरिएको छ । यस कवितामा ज्वरपीडित रोगीहरूको ज्वरशमन ज्वरशमना प्रकृतिका माध्यमबाट औषधोपचार भएको भाव प्रकट भएको छ । कविका दृष्टिमा युग समाजमा मात्र

४०. ऐजन, पूर्ववत् , पृ.१५४ ।

होइनकी मान्छे र जीवनमा संसार ज्वर चढेको हुन्छ । जीवनको सांसारिक आशा, प्राप्त्याशा, अन्धोदृष्टि र कुत्सित स्वभावले आक्रान्त भई सांसारिक विषम ज्वरका भुङग्रोमा मानिस पर्ने गर्दछ । यस कसिमको सांसारिक ज्वरमा घुमेपछि मान्छे ज्वरान्त भई रोगाउने र यो क्षुद्र ज्वरो कम गर्न प्रकृतिको विराट् काखतर्फ फर्केपछि मात्र ज्वरमुक्त हुने स्वच्छन्दतावादी चेत यस कविताको मूलभूत तत्त्व हो । प्रकृतिको विराट् काखतर्फ फर्किएर नै त्यस ज्वरोको शमन हुन सक्छ भन्ने कविताको मूल धारणा छ ।

**'झञ्झाप्रति'** कवितामा कविले प्रकृति चित्रण यसरी गरेका छन् :

आ ! फिँजारी घनका झाँक्रा, सागर-सागरगाँसी !

उग्र रूपिणी ! प्रलयसदनि ! वर्षकी वेदनाराशि ![४१]

झञ्झाप्रति मुख्यतः एक प्रकृति कविता हो । प्रकृतिको उग्र सौन्दर्यको सशक्त वर्णन यस कवितामा पाइन्छ । झञ्झा (वर्षा सहितको आँधीबेहरी) प्रति कविको सम्बोधन आव्हानका रूपमा रहेको छ । प्रस्तुत कवितामा कथ्य वा भावका दृष्टिले हुरीको गीत सँगसँगै राख्न सकिने तर गुणस्तका दृष्टिले यो कविता कमजोर छ । प्राकृतिक प्रतीक र परम्परागत पौराणिक बिम्बको नवीन प्रयोग गर्दै कविले झञ्झालाई घनका झाँक्रा फिँजारेर आउन र पृथ्वी एवं पृथ्वी वासीको सोधन गर्न अनि यहाँको शेष शिशिर र सामाजिक दैन्य बैषम्य तथा अन्याय अत्याचार एवं शोषण उत्पीडनको विनाश गर्न आव्हान गरिरहेका छन् । झञ्झाले शोषण मुटुमा मृत्यको असिना फाली सृष्टिको डाली निफने पछि शिशिरको अन्त हुन्छ र नवीन एवं मधुर ऋतु वसन्तको अभ्युदय हुन्छ । यस प्रकार झञ्झाको प्राकृतिक क्रियासँग क्रान्तिकर्मको समीकरण गर्न खोजिएको प्रस्तुत कवितामा खास गरेर प्रकृतिको मानवीकरण र प्रकृतिपरक उग्र सौन्दर्यचेतका साथै पृथ्वीको सामाजिक अन्याय अत्याचार र शोषण उत्पीडनप्रतिको विद्रोहचेत जस्ता कविका क्रान्तिकारी प्रवृत्ति यस कविताका माध्यमबाट प्रकट गरेका छन् ।

---

४१.ऐजन, पूर्ववत् ,पृ.६ ।

प्रकृति चित्रण देवकोटाको खुब प्रशंसनीय छ । जे कुरा पनि देवकोटा राम्रो चिœयाई दिन सक्तछन् । त्यसमा पनि विशेष गरेर प्रकृति चित्रण गर्नमा उनको शब्द तालिका ज्यादै अभ्यस्त छ । खुबखुब माधुर्य गुणले भरेको सुन्दर सरल शब्दहरूले शृङ्खलामा हृदय फूल बडो सुन्दर ढङ्गसित उनेर प्राण प्रस्फुटित गर्न जान्दछन् ।

देवकोटाले प्रकृतिको कुन पक्षतिर जोडदिएका छन् त्यसबारे प्रकृतिका प्रेमी देवकोटा प्रकृतिको अन्धकार पक्षतिर विशेष आँखा लगाउँदैनन् । के प्रकृतिले पनि कहिलेकाहीँ बिध्वंसकारी रूप लिएको छैन र ? प्रलयको मुकुन्डो लगाएर मानिसका सुख शान्तिमा आगो लगाएको छैन र ? अवश्य छ । यति हुँदा हुँदै पनि कवि प्रकृतिको यो पक्षतिर आँखा चिम्लिदिन्छन् । उनी प्रकृतिको उज्यालो पक्षमै मग्न हुन्छन् र भन्दछन् प्रकृतिले मानवलाई सुख र दुःख दुवै समयमा साथ दिइरहन्छ ।

## ३.३ भिखारी कवितामा प्रकृति चित्रण

**'गरिब'** कवितामा कवि प्रकृति चित्रण यसरी गरेका छन् :

मख्मली घाँस बडो मुलायम,
म लेट्छु जस्माथि सकी परिश्रम ।
पंखा छ मेरो वरवृक्ष सुन्दर ,
समीर हम्कीकन चल्छ सर्सर ॥[४२]

भौतिक सम्पत्तिले अपूर्ण कुनै छ गरिब कुनै सुखीको सुखलाई चुनौती दिएर आफ्नो गरिबी सुखमा सत्यता र मिठास भरिएको पाउँछ । आफ्नो प्राकृतिक सुखको समक्ष ऊ भौतिक सुखलाई केही पनि गन्दैन । गरिबलाई आनन्द महसुस गर्नको लागि कुनै पनि महलको जरुरत छैन । उसले त घाँसमाथि नै सुतेर आनन्द लिने गरेको छ र उसलाई कुनै पनि कृत्रिम पङ्खाको जरुरत छैन । उसले प्रकृतिबाट नै स्वच्छ हावा

४२. लक्ष्मीप्रसाद देवकोटा, **भिखारी**,'*गरीब* ' ,साझा प्रकाशन,२०५३, पृ.३२ ।

लिइरहेको कुरा कवि देवकोटा व्यक्त गर्दछन् । गरिब धेरै आवश्यकताहरू बटुलेर खुसी बन्न चाहन्न । उसका इच्छा र आवश्यकता थोरै छन् । त्यसको प्राप्तिपछि ऊ नयाँ नयाँ सुखको र शान्तिको उपभोग गर्न थाल्दछ । आफ्नो पेट भरिने बित्तिकै ऊ महलको आशा राख्दैन । लाखौं लाख चम्चमाइरहेका ताराहरूको बुट्टा भएको नीलो आकाश ओढाइ दिएर बसेको छ । अब उसलाई बिजुली बत्तीको जरूरत छैन, उसले त सिङ्गै सूर्यको उपभोग गर्न पाउँछ । त्यति मात्र कहाँ हो र भौतिक धनीलाई केटीहरुले देखाउने नृत्य, उसलाई विभिन्न ऋतुहरुले नै देखाउँछन् । देवकोटाको प्रकृति चित्रण निकै सजीव र कलात्मक देखिन्छ । देवकोटा प्रकृतिलाई सुख शान्ति र सौन्दर्यको भण्डार सम्झन्छन् ।

**'प्रश्नोत्तर'** कवितामा कविले प्रकृति चित्रण यसरी गरेका छन् :

पाइन्न शान्ति किन हो कुन ठाउँ मिल्छ ?

तर्किन्छ त्यो रुखमनि जुन साथ मिल्छ [४३]

यहाँ कविले प्रष्ट शब्दमा भनेका छन् । प्रकृतिको छेउमा नपुगी शान्ति मिल्दैन कल्पना गरौं, एउटा सुन्दर र शान्त जङ्गलमा चन्द्रमाको शीतल ज्योति जगमगाइ रहेको छ । रूखका पातहरूबाट सुधाका रसहरु झरिरहेका छन् । त्यहीरूखको मुनि गएर विश्राम गर्ने हो भने कुनै पनि दुःखीको चर्किरहेको मनले शान्तिको मलम सजिलैसँग लगाउन सक्छ । प्रकृतिले फुलाएका एक एक थुँगा गुलाफमा पनि मानवको रहस्यमयी जीवनका बारेमा अनेक तत्त्वहरु बुझाउने क्षमता हुन्छ । केवल लीन भएर फूलको मौन भाव बुझन् सक्नु पर्छ । बगैंचामा हामीले नबुझेका अनेकौं समस्या रूपी प्रश्नहरूको जवाफ कुसुमहरूले दिने छन् । आफ्नो अमूल्य सर्वस्व अनन्त ज्ञान र असीम सुखका लागि प्रकृतिको सुरक्षाका लागि देवकोटाले आफ्ना रचनाका माध्यमद्वारा धेरै नै आवाज उठाएका छन् । उनका कृतिहरूमा प्रकृतिको विनास नगरून् भन्ने

---

४३. लक्ष्मीप्रसाद देवकोटा, **भिखारी**, 'प्रश्नोत्तर' ,पूर्ववत् ,पृ.२२ ।

भावनाका साथै जनमानसमा प्रकृतिप्रतिको प्रेम सद्भावना उब्जाउन पनि सफल भएका छन् ।

## ३.४ मुनामदन  खण्डकाव्यमा प्रकृति चित्रण

**'मुनामदन'** खण्डकाव्यमा प्राकृतिक सौन्दर्यको चित्रण यसरी प्रस्तुत गरेका छन्

नेपालभित्र उज्यालो डाकी कुखुरा बासेको,
हिमालचुली बिहान खुली उत्तर  हाँसेको !
पहाडहरूको नीरको माला नेपाल शहरको,
लुर्कन जस्ता रूखका लहर शिखर किनारको
बादलवारी गुलाफ फुल्ने पूर्वको डाँडामा,
आकाशलाई छातीमा राख्ने त्यो रानीपोखरी [४४]

कान्तिपुरवाट भोटतर्फको यात्रामा पर्ने हिमाली भेगहरू अनि ल्हासा सहर र ल्हासाबाट फर्कदाँदेखिको बाटोमा पर्ने कुति प्रदेशको प्राकृतिक सौन्दर्यको चित्रणमा कविले निकै कलात्मकता देखाएका छन् । जसमा कविले बिहानी पख उत्तर तर्फ हिमाल हाँसिरहेको छ भन्ने उल्लेख गरेका छन् । काठमाडौं सहर चारैतिरबाट बनजङ्गलले घेरिएको कुरा व्यक्त गरेका छन् । कविले यसमा आत्मपरक चित्रण गरेका छन् ।

प्राकृतिक परिवेशको चित्रणका क्रममा कविले प्रकृतिलाई आत्मसात् गर्दै यसको स्वच्छ, स्निग्ध र शान्त रूपको मात्र होइन कठोर र रौद स्वरूप पनि उतारेका छन्; कहीँ प्रकृतिको मानवीकरण र कहीँ मानवको प्रकृतिकरण पनि गरेका छन् भने कहीँ प्रकृतिलाई आलम्वन र उद्दीपन विभावका रूपमा तथा बिम्ब र प्रतीकका रूपमा पनि प्रस्तुत गरेका छन् । यसरी देवकोटाले प्रकृतिको मानवीकरण गर्ने क्रममा प्रकृतिले मान्छेलाई सुखको समारोहमा मात्र नभएर दुःखको भूमरीमा पनि साथ दिइरहन्छ ।

४४. लक्ष्मीप्रसाद देवकोटा,**मुनामदन**, साझा प्रकाशन,२०३८, पृ.२८ ।

छातीभरी सुनको सपना बोकेर उमङ्ग र उत्साह बटुली हिँड्न लागेको मदनको अभिलाषी आँखा वरिपरि प्रकृतिले मृगका चञ्चले पाठाहरू नचाएकी छ भने उसलाई विरह लाग्ने बेलामा छाती पिटीपिटी रोएकी छे, पिरोलिएकी छे । मान्छेको सुस्केरामा मान्छेको वेदनामा यसरी नै हामी पाउँछौ मुनाको खुसीको निम्ति प्रकृतिले फूल जल र तारा बनेर साथ दिन्छे भने उसको विरहको निम्ति शीत र तुवाँलो बनेर प्रकृतिले पछ्याउछे ।

## ३.५ म्हेन्दु खण्डकाव्यमा प्रकृति चित्रण

**'म्हेन्दु'** खण्डकाव्यमा प्राकृतिक सौन्दर्यको चित्रण यसरी प्रस्तुत गरेका छन् :

मेरो माटो देखेर
सिँगारेका बोलाउने
आत्मा मेरो नजानी
तीखो धारले पोलाउने !
बुझ्ने मलाई पारी आ
अर्को जनम खेलाउने ![४५]

यति भन्दै सौन्दर्यकी परी म्हेन्दु प्रकृतिको शान्त खोला तादीमा हामफाल्छे र गुम्बुले पनि म्हेन्दुसँगै तादीमा हामफालेर देह त्याग गर्दछ । ईर्श्यालु समाजमा बस्नु भन्दा आफू खुसी नै प्रकृतिका काखमा लगेर आफ्नो अमर प्रेमलाई राखिदिन्छन् । यो पापी संसारमा म्हेन्दु र गुम्बुको प्रेम फस्टाउन सक्दैन । प्रकृतिका रमणीय राज्यमा उनीहरू सधैं रमाइ रहन्छन् लुकामारी खेलेर एक अर्कालाई छाती भरिभरि माया गरेर अमर रहन्छन् । तादीका तीरमा नदीका लहरहरूले प्रेम कहानी सुनाउन बिर्सेका छैनन् भन्ने भाव व्यक्त गरिएको पाइन्छ ।

४५. लक्ष्मीप्रसाद देवकोटा,**म्हेन्दु,** साझा प्रकाशन, २०६३, पृ.२२ ।

गोसाइँस्थान जाने बाटोमा तादी नदीका आसपासतिरको हिमाली भेगकी तामाङ केटी म्हेन्दु र सहरी केटो गुम्बुको आत्मिक प्रेमको आत्मवलिदानपूर्ण लोकगाथामा आधारित यस काव्यमा उषावर्णनमा अविदितको स्पर्श र तृतीय सर्गको पूर्वार्द्धमा प्रकृतिमा म्हेन्दु शीर्षक दिई प्रकृति र मानवको तादात्म्य देखाइएको पाइन्छ । स्वच्छन्दतावादी रहस्यवादी दृष्टिकोण प्रकट गरिएको पाइन्छ । यसरी देवकोटाले म्हेन्दु खण्डकाव्यलाई मानवीकरण गर्ने क्रममा यसरी व्यक्त गरेका छन्: म्हेन्दुलाई पनि प्रकृतिले आफ्नो झल्मले पछ्यौरा ओढाइ दिएकी छे । उसका कलिला ओठहरुमा गुलाफ फुलाइ दिएकी छे। अनि ऊ हिँड्ने बाटोमा सुवास छरि दिएकी छे।

## ३.६ लूनी खण्डकाव्यमा प्रकृति चित्रण

**'लूनी'** खण्डकाव्यमा प्राकृतिक सौन्दर्यको चित्रण यसरी प्रस्तुत गरेका छन् :

कठै मुटुभित्र
काँढा कुन आयो
कस्तो गाँठो पारी
केले समायो । [४६]

यस खण्डकाव्यमा लूनीका अवस्थाको प्राकृतिक बिम्बमय अत्यन्त कारूणिक एवं काव्यात्मक चित्रण गरिएको छ । यसमा हिजो र आजकी लूनीको तुलनाबाट करूण भावको सम्बर्द्धन भएको अनुभव हुन्छ । यसमा लूनीको भाषाहीन आँसु, प्रणयको मूक वेदना र सहनशीलताको पराकाष्ठा प्रकटिनुका साथै करूणाको तीव्र स्थिति सिर्जिएको छ । उनले लूनी खण्डकाव्यमा प्रकृतिलाई यसरी मानवीकरण गरेका छन्: आफ्नो सुकोमल नायिकाहरूलाई प्राकृतिक शृङ्गारले सिंगार्ने हेलम्बुको हिउँजस्तै गोरी छोरी लूनीलाई प्रकृतिकै रंगले रङ्गाएका छन् । लूनीलाई प्रकृतिले चौपटै राम्री बनाएको छ । हिउँ रङको शरीर दिएर, लाली गुराँसको हाँसो दिएर, पालुवाका रङको ओठ दिएर अत्यन्तै राम्री देखाएका छन् । यस्ती सुन्दरी लूनी रानी प्रेम गर्छिन् चाङ्ना

४६. लक्ष्मीप्रसाद देवकोटा,**लूनी**, साझा प्रकाशन, २०६० , पृ.५६ ।

सँग तर परिस्थिति उनलाई साथ दिंदैंन र उनको अर्कैसँग विवाह हुन्छ । उनी सुनको डोलीमा चढेर रूँदै रूँदै भोटको बाटो तिर लाग्छिन । कवि प्रकृतिले मानवलाई आनन्दको समयमा मात्र होइन विरहको समयमा पनि साथ दिन्छ भन्ने पक्षमा दृढ विश्वासी छन् ।

## ३.५ शाकुन्तल महाकाव्यमा प्रकृति चित्रण

**'शाकुन्तल'**महाकाव्यमा प्रकृतिको वर्णन यसरी गरिएको छ :

एउटी कोमल नारी आमाको हृदय भएकी नारी मेनका आफ्नो नवजात बालिकालाई परिस्थितिबस मालिनीतीरमा छाडेर फर्कन मजबूर हुन्छिन् । उफ् कति कमजोर हुन्छन् मानिसहरू कति बलवान् हुन्छ परिस्थिति कि एउटी आमा आफ्नी छोरीलाई छातिमा टाँसेर राख्न सक्दिन, काखमा खेलाउन सक्दिन अनि आफ्नो स्तन चुसाउन सक्दिन र त्यसै छाडिदिन्छे खोलाको तीरमा । हो मानिस कति मतलबी हुन सक्छ स्वार्थी हुन सक्छ; तर प्रकृति कहिल्यै यस्तो नीच बन्न सक्दैन । मेनकाले मिल्काएकी बालिका शाकुन्तलालाई प्रकृतिले कुनै आमाले भन्दा बढी स्नेह गर्छे स्याहार सुसार  गर्छे । ऊ आँखा चिम्लेर असहाय बालबालिकालाई छोड्न सक्तिन र फूलका रेशमी पातहरूको ओछ्यान लगाइ दिन्छे, चाँदनीको ओड्ने ओढाई दिन्छे र आमाको दुध चुस्न नपाएकी बालिकालाई छटपटाएर मर्न दिन्न, भमराहरू पठाइ दिन्छे । त्यसको मुखमा फूलका रसहरू चुहाई दिन्छे । त्यसैले त देवकोटा प्रकृति लाई मानिसको सबभन्दा नजिकको साथी सम्झन्छन् ।

मेनका हेर्दथिन् भावले सुन्दरी ।
बालिकालाई ती मालिनी तीरमा ॥
आउँथे प्रेरणा दिव्य आनन्दका ।
चन्द्रका रश्मिमा स्वर्गदेखिन् झरी ॥[४७]

---

४७.लक्ष्मीप्रसाद देवकोटा,**शाकुन्तल** ,साझा प्रकाशन,२०५४, पृ.५९ ।

शाकुन्तल महाकाव्यको छैटौ सर्गमा यो प्रथम श्लोक देखि नै देवकोटा प्रकृतिका वहिर्मुखी प्रकृयाको मुग्ध कण्ठले गुण गाउँछन् शाकुन्तलको शारीरिक कठिनाइमा साथ दिएकाले ।

## ३.६ निष्कर्ष :

महाकवि देवकोटाका विभिन्न काव्यकृतिमा प्रकृतिको मानवीकरण गर्दै प्रकृतिको विभिन्न स्वरूपहरूको प्रकट भएको पाइन्छ । जस अर्न्तगत प्रकृतिको वस्तुपरक र आत्मपरक चित्रण गर्ने क्रममा धेरै जसो उनका कवितामा आत्मपरक चित्रण नै बढी पाइन्छ । यसरी उनको कुञ्जिनी खण्डकाव्यमा पनि प्रकृतिका विविध स्वरूपहरूलाई छुट्याइएको छ । प्रकृतिको इन्द्रिय संवेद्य चित्रणका क्रममा ध्वनि, गन्ध, दृश्य र स्पर्शद्वारा प्रकृतिको चित्रण गरिएको छ । त्यसैगरी रस आस्वादनका क्रममा करुण, शान्त, भयानक, रौद्र, उग्र आदि स्वरूपहरुले प्रकृतिको चित्रण गरेका छन् । प्रकृतिलाई मानवीकरण गरेर कुञ्जिनीको खुसीसँगै रमाइलो गर्ने प्रकृति उसको दुःखसँगै विरही बनेकी छ । यसरी कुञ्जिनीलाई स्वप्न बिम्ब, स्मृति बिम्बका माध्यमबाट पनि प्रकृतिको चित्रण गरिएको छ । कुञ्जिनी खण्डकाव्य राष्ट्रप्रेमको र देशप्रेमको भावनाले पनि ओतप्रोत छ ।

# चौथो परिच्छेद

## कुञ्जिनी खण्डकाव्यमा प्रकृति चित्रण

### ४.१ कृतिको परिचय

नेपाली साहित्यमा स्वच्छन्तादवादका प्रवर्तक प्रकृतिप्रेमी कवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) को **कुञ्जिनी** (२००२) खण्डकाव्य मूलतः प्रकृतिमा आधारित खण्डकाव्य हो । **कुञ्जिनी** खण्डकाव्य सर्वप्रथम २००२ सालमा साझा प्रकाशनबाट प्रकाशित भएको हो । हालसम्म यो खण्डकाव्य सातौँ संस्करणसम्म प्रकाशित भएको छ । जम्मा सतासी पृष्ठमा समेटिएको **कुञ्जिनी** भित्र बाईसवटा मूल शीर्षक रहेका छन् । आदि, मध्य र अन्त्यको क्रमिकविन्यास रहेको यस खण्डकाव्यमा विपन्न परिवारको गोरे राउत र सम्पन्न परिवारकी छोरी **कुञ्जिनी**का बीचको प्रेमप्रणयलाई विषयवस्तु बनाइएको छ ।

कविले आफ्ना कृतिमा प्रकृतिको उपयोग किन गर्छ ? यसको कारण केलाएर जाँदा हामी देख्छौँ, जब रसवादी कवि आफ्नो अभीष्ट भावहरूको उद्दीपन गर्न चाहन्छ ; तव प्रकृतिको प्रयोग गर्दछ । जब साहित्यकारहरूका अनुभूतिहरू छायावादी आवरण ओढेर प्रतीकात्मक सशक्तता ग्रहण गर्न जुमुराउँछन् त्यस अवस्थामा प्रकृतिको प्रयोग हुन्छ । जव सौदर्न्यवादी कवि सौन्दर्यपरक अभिव्यक्ति गर्न चाहन्छ,  त्यतिखेर उसले प्रकृतिको आश्रय लिन्छ । सामान्यतः यहाँ कृतिमा देवकोटाले प्रकृति चित्रणलाई काव्यको अरू पक्षभन्दा सबल बनाएको पाइन्छ ।

प्रकृतिलाई जीवन र जगत्को व्यापक अन्तरालबाट अवलोकन गर्ने परम्परा रोमान्टिक काव्यधाराको मूल प्रवृत्ति हो । मानव स्वतन्त्रतामाथि जोड दिँदै रूसोले भनेका थिए, मानिस स्वतन्त्र जन्मन्छ, तर उसले सधैँ आफूलाई जन्जिरभित्र पाउँछ । त्यसैले यो अप्राकृतिक र कृत्रिम बन्धनदेखि मुक्ति दिलाउनलाई रूसोद्वारा सञ्चालित "प्रकृतितर्फ फर्क"अभियानमा अग्रेजी रोमान्टिक कविले सक्दो साथ दिएका छन् । यही

व्यापक पृष्ठभूमिमा प्रकृतिलाई नै आफ्नो काव्यको क्रीडास्थल देवकोटाले बनाएका छन् ।

प्रकृतिलाई नै उत्प्रेरकका रूपमा स्वीकार गर्ने, अजस्र स्रोत ठान्ने, मानव सभ्यताका निम्ति विशाल ज्ञान भण्डार प्रकृतिमै देख्ने देवकोटो औद्योगिक सभ्यताभन्दा प्राकृतिक सभ्यता नै उच्च र आदर्शवान् ठान्दछन् । उनी आफ्ना समस्त रचनाहरूमा वायुपङ्खी घोडा चढेर कल्पनामा हुँइकिदै, विराट् प्रकृति र मानव प्रकृतिको विचरण गर्दै कहिले शान्त, सौम्य, सुन्दर भएर देखापर्दछन् भने कहिले प्रकृतिको गडगडाहट, फनफनावट, बादलको गर्जन, हावा, हुरी, बतास र आँधी भएर विद्रोहको आगो ओकल्छन् । प्रकृतिमै रमाउने र कल्पनाको आकाशमा स्वतन्त्र रूपले स्वतन्त्र उडान गर्न चाहने कवि देवकोटा विद्रोही क्रान्तिकारी, प्रकृतिप्रेमी, व्यङ्ग्यविनोदी, प्रगतिवादी, मानवतावादी, जीवनवादी र कतै पलायनवादी हुँदै बहुरूपी कवि व्यक्तित्वका रूपमा देखापर्छन् । स्वच्छन्दतावादी चेतनामा प्रगतिवादलाई मिसाएर स्वतन्त्रता, समानता र मानवताका पक्षमा कलम बिजुली झैँ दौडाउँछन् ।

‘मानवीय प्रेम, देशप्रेमलाई स्वच्छन्द प्रकृतिचित्रणका माध्यमबाट प्रस्तुत गरिएको यस कृतिमा प्रकृतिका कोमल, शान्त, सौम्य, कठोर, रौद्र, भयानक आदि विभिन्न रूपको चित्रण गरिएको छ ।’[४८]

मूलतः कवि देवकोटा कवितामा प्रकृतिका विविध स्वरूपको वर्णन भएको पाइन्छ । देवकोटा मूलतः स्वच्छन्दतावादी कवि भएकाले उनका कविताहरूमा प्रकृतिको उपस्थिति देखिन्छ । धेरै कविहरूले प्रकृतिलाई कविताको विषयवस्तु बनाएको पाइन्छ तर कवि देवकोटा र अन्य कविहरूको प्रकृति प्रयोगमा स्पष्ट रूपले भिन्नता देखिने तत्त्व नै उद्देश्य र स्वरूप हुन् ।

---

४८. डा.खगेन्द्रप्रसाद लुइटेल, ‘कुञ्जिनीको संरचना विश्लेषण’,(**भृकुटी,** अङ्क ५ ,कार्तिक, मंसिर, पुस,२०६६), पृ.७१ ।

प्रकृतितर्फ नै फर्कन आग्रह गर्ने र सम्पूर्ण सौन्दर्यको स्रोत प्रकृतिमा नै देख्ने कवि देवकोटाले प्रकृतिलाई विविध रूपमा चित्रण गरेको देखिन्छ । खास गरेर उनका अधिकांश रचनाहरूमा कुनै न कुनै रूपले प्रकृतिको मन्मयताले चियाइरहेको पाइन्छ । बढी भावुक काल्पनिक अनि स्वच्छन्दताप्रेमी कवि भएका नाताले पनि उनको प्रकृति चित्रण मन्मय हुन पुगेको छ ।

प्रकृति नै पाठशाला हो, भन्ने कविका कवितामा प्रकृतिको अत्यधिक उपयोग हुनु स्वाभाविकै हो । उनका कवितामा उपस्थित हुने प्रकृति केवल प्रकृतिकै चिनारी र महत्त्वका निम्ति नभएर माध्यम बन्दै एउटा विशेष सन्देश लिएर आएको देखिन्छ । कतिपय ठाउँमा प्रकृति नै मानवीकृत भई युगीन समस्या र सामाजिकताका विविध पक्षहरूलाई संवहन गर्न अग्रसर भएको पाइन्छ । काव्ययात्राको दोस्रो र तेस्रो चरणमा प्रयोगमा भिन्नता देखिनु देवकोटाको आफ्नै विशेषता हो । यस दृष्टिले हेर्दा देवकोटा दोस्रो चरणमा प्रकृतिको शान्त, गम्भीर, सुन्दर, सौम्य र अत्यन्त मनमुग्धकारी स्वरूप लिएर देखापर्दछन् भने तेस्रो चरणमा विद्रोही, हुङ्कारकारी, क्रान्ति तथा परिवर्तनकारी र प्रलयकारी आँधी तुफानका स्वरूपमा प्रकृतिलाई चित्रण गरेका छन् । प्रकृतिका माध्यमबाट जीवनको रहस्यको खोजी गर्ने देवकोटाले प्रकृतिलाई नै कतै सामान्य, कतै विशिष्ट किसिमले देखाएका छन् । उनका कवितामा प्रकृतिको विभिन्न प्रयोजनका निम्ति प्रयोग गरिएको छ । प्रकृतिलाई मानवीय ज्ञानको अजस्र स्रोतका रूपमा स्वीकार गर्दै सभ्यताको धरोहर नै ठानिएको छ । प्रकृतिपूर्ण कविताका माध्यमबाट जीवनको रहस्यताको वास्तविक रूप व्यक्त गर्दै नेपालीहरूको सरल र शान्त स्वभावको झलको दिने प्रवृति कविमा देखिन्छ ।

प्रकृति चित्रणका माध्यमद्वारा समानता, स्वतन्त्रता, सामाजिक विवशता, बाध्यता, आवश्यकता, निरीहता, विश्वप्रेम र मानवताजस्ता कुराहरूलाई कविले विभिन्न किसिमले व्यक्त गरेका छन् । प्रकृतिलाई कतै आलम्वन, कतै उद्दीपन विभावका रूपमा उभ्याउने देवकोटाले प्रकृति चित्रणमा आफ्नो काल्पनिक क्षमताको

उच्च प्रदर्शन गरेको पाइन्छ। प्रकृतिको प्रयोग देवकोटाका कवितामा साध्य नभएर साधन वा माध्यमका रूपमा भएको छ ।

यसरी प्रकृतिलाई उत्प्रेरकका रूपमा स्वीकार गर्ने अभिव्यक्तिको अजस्र स्रोत र कारक सम्भिmने देवकोटा औद्यागिक सभ्यता भन्दा प्राकृतिक सभ्यता नै उच्च र आदर्शवान ठान्दछन् । त्यसैले प्राकृतिक जीवन नै मानिसको भौतिक जीवन भन्दा सर्वश्रेष्ठ हो भन्ने आशय देवकोटाका काव्यमा पाइन्छ ।

मूलतः कवि देवकोटा पूर्वीय र पाश्चात्य रोमान्टिक कविहरूका प्रवृतिलाई आत्मसात् गरी स्वच्छन्दतावादको निर्माण गर्न सफल भए । रोमान्टिक कविहरू प्रकृतिको वास्तविक बाह्य दृश्यको वर्णनभन्दा आन्तरिक शक्ति र सामर्थ्य वा तन्मयभन्दा मन्मय पक्षको चित्रण गर्दछन् । उनले प्रकृति चित्रणको साथ-साथै प्रकृतिलाई मानवीकरण गरेर जातीय प्रेम, राष्ट्रप्रेम र समसामयिकताको प्रस्तुतिमा जोड दिन्छन् । उनका काव्यमा समसामयिक युगीन यथार्थभित्रका आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, सङ्गति र विसङ्गतिलाई व्यङ्ग्य र विद्रोहका साथ उठाउने गरेको पाइन्छ । समाज सुधारको चाहना राख्दै सहरिया परिवेशभन्दा ग्रामीण परिवेशलाई आत्मसात् गर्दै प्रकृतिलाई सौन्दर्य चेतनाको स्रोतका रूपमा कविले स्वीकार गरेका छन् ।

स्वच्छन्दतावादी कवि देवकोटा भाषाको नियन्त्रणमा भावलाई नरोकी प्राकृतिक छहरा झैं दगुराउने गर्दछन् । बौद्धिकताले भावलाई खेलाउदै भावुक कल्पनाको विराट् विचरणमा रम्न चाहने यी कवि यथार्थभन्दा कल्पनामा ज्यादा रमाउन चाहन्छन् । कलाको प्रयोगमा सचेतताले कृत्रिमता आउने ठान्दै स्वतःस्फूर्त भाषाशैलीको प्रयोगात्मक पक्षमा पनि विशेष रूचि देखाउने कवि देवकोटा कुनै निश्चित सिद्धान्त, जीवन दर्शन र राजनीतिका सीमा रेखामा नबाँधिकन जीवनका सम्पूर्ण पक्षहरूलाई भावनाका तरेलीहरूमा प्रकट गर्दछन् । प्रकृतिमै ज्ञान, शान्त र ईश्वरको रूप देखिन्छ भन्ने सोचका साथ अगाडि बढ्ने देवकोटा कविताका शीर्षकहरू पशुपंक्षी, साँझ,

बिहान, घाम, पानी, बादल, असिना, दुःखी,गरीब र सुन्दर प्राकृतिक स्थलहरूको नामबाट चयन गर्ने गर्दछन् ।

उनका कविताहरूमा युग र समाज बोध गर्दै विश्वशान्ति र मानवतावादको चाहना समेत प्रकट भएको पाइन्छ । मान्छेका दुःख र दर्दलाई कवितामा भिœयाउने र सत्कार्यमा अग्रसर हुन अभिप्रेरित गर्ने भावनाका साथ देखापर्ने कवि देवकोटा समाजका दलित, पीडित र पिछडिएका जनजातिलाई उत्थान गर्नुपर्ने, आवश्यकता महसुस गरी उनीहरूप्रति समवेदना र सहानुभूति समेत प्रकट गर्दछन् । उनले एक मानवले अर्को मानवलाई मानवीय व्यवहार  गर्नुपर्दछ भन्दै मान्छेले मान्छेकै रूपमा बाँच्न पाउनुपर्ने अधिकारप्रति नै देवकोटा सचेत छन् । २००७ सालदेखि देवकोटा स्वच्छन्दतावादी प्रगतिवादी कविका रूपमा देखापर्दछन् । यसरी मानवतावादी कवि प्रगतिवादतर्फ बढी अग्रसर हुनुमा देवकोटाका आफ्नै कारणहरू छन् । एकातिर देशको राजनैतिक कारणले प्रमुख भूमिका खेलेको थियो भने अर्कातिर विश्वव्यापी साहित्यमै देखापरेको प्रगतिवादले  देवकोटालाई छोएको थियो । यी दुवै वैचारिकताले  देवकोटालाई अत्यन्त प्रभावित तुल्याएको थियो तापनि उनले स्वच्छन्दतावादकै जाँतोमा मानवतावाद र प्रगतिवादलाई आफ्नो कवित्व शक्तिले घुमाइरहे । कवि देवकोटामा प्रतिभाको अथाह स्रोत रहेझैँ कवितामा  पनि कतै अध्यात्मवादी, कतै भौतिकवादी, कतै क्रान्तिकारी र कतै विद्रोही देखापर्दछन् । कल्पनाको उच्च उडान भरे पनि र एउटै विचारमा बाँधिन नखोजे पनि कवि देवकोटाको वैचारिक धरातल मानवतावादी र प्रगतिवादी रहेको छ ।

## ४.२ कुञ्जिनी खण्डकाव्यमा प्रकृति चित्रण

स्वच्छन्दतावादी कवि लक्ष्मीप्रसाद देवकोटाको **कुञ्जिनी** (२००२ ) खण्डकाव्य मूलतः प्रकृतिकाव्य हो । कुञ्जिनी खण्डकाव्यले देवकोटाको प्रकृति विचार क्षमता जाहेर गरेको छ । प्रकृतिलाई नै विषयवस्तु बनाएर लेखिएको प्रस्तुत काव्यमा कविले प्राकृतिक सौन्दर्यको रङ्ग पोख्नुका साथै प्रकृतिकी छोरी कुञ्जिनीमा प्राकृतिक भाव प्रकट गरिएको छ । कवि देवकोटा प्रकृति र मानवबीच गहिरो सम्बन्ध देखाउँदै प्रकृतिको मानवीकरण गर्न रूचाउँछन् । उनी प्रकृतिको तन्मय चित्रण भन्दा मन्मय चित्रणमा

रमाउँछन् । प्रकृति र मानव एक अर्कामा छुट्टिनै नसक्ने स्थिति दर्शाउँदै वर्तमान भौतिक सङ्कटग्रस्त अवस्थाको उपचार प्रकृति कै सामीप्यबाट हुने देख्दछन् । यस खण्डकाव्यको आरम्भ प्रकृतिबाट नै भएको छ । कोल्पूनदीको तीरमा घाँस काट्ने र भेडा चराउने पात्रलाई छनौट गरेर उनले प्रकृतिप्रतिको गहिरो अभिरूचि प्रस्तुत गरेका छन् । नेपालको ग्रामीण परिवेशको प्रकृति, नेपाली राष्ट्रिय प्रकृतिको प्रतीक बनेर यसमा आएको छ । यस खण्डकाव्यमा भाव, घटना र पात्रको मानसिकता अनुरूप प्रकृति प्रयोग भएको छ । प्रकृति र प्रेमको तादाम्यलाई देवकोटाले फूलसँग आबद्ध गरेर यसरी प्रस्तुत गरेका छन् :

मान्छेको प्रेम = गुलाफको फूल

सुन्दर तर काँढाको बीचमा फुल्दछ ।

जसरी गुलाफको फूल काँढाका बीचमा फुल्दछ, त्यसैगरी मान्छेको प्रेममा समाजका ठालु मानसिकता, संस्कार आदि काँढाहरू हुन्छन् । ठालुसिंहले गोरेलाई कुञ्जिनी दिन अस्वीकार गर्दा प्रकृति पनि क्रुद्ध भएर प्रस्तुत भएकी छन् । प्रेम र सामाजिकताका बीचको द्वन्द्रमा प्रेमको जीत देखाइएको  छ । यसरी कुञ्जिनीको प्रेम आन्तरिक प्रकृति हो । कुञ्जिनीले आफ्नो आन्तरिक प्रकृतिलाई बाह्य प्रकृति कोल्पू नदी र त्रिशूलीमा बिसर्जन गरेकी छ । यस खण्डकाव्यमा आएका कलकल, नीर, तीर, गुलाफ, आलुबखडा, मोतीका फूल आदि शब्दले त्यस क्षेत्रको ग्रामीण प्राकृतिक सौन्दर्यलाई अभिव्यक्त गरेका छन् :जस्तै-

(१) जङ्गली बाह्रमासे
माला ली फूलका हाँसे
ढुक्कुर छ सपनामा
कोल्पु किनारा !

( पृ.२)

(२) झाङ झाडी लहलह
जूनको टहटह

पालुवा चहचह

आकाशमा झल्के थोरै

रातका सितारा !

( पृ.२)

प्रस्तुत पद्यमा कविले वसन्त ऋतुको आगमन सँगसँगै, यसले पारेको प्रभाव यस पद्यका माध्यमबाट व्यक्त गरेका छन् । यस समयमा अनेक प्रकारका फूलहरू फूलेर आफ्नो सौन्दर्य झल्काइरहेका छन् । जताततै हरियाली छाइरहेको छ । पालुवाहरूले कल्कलाउँदा आँकुराहरू फैलाइरहेका छन् । टहटह जून लागिरहेको छ । जसले गर्दा प्राकृतिक वातावरण रमाइलो भइरहेको छ । यस्तो रमाइलो वातावरणसँग कवि मन आन्दोलित भइरहेको छ । यिनै प्राकृतिक वातावरणले **कुञ्जिनी** खण्डकाव्य लेख्नलाई सहयोग पुऱ्याएको छ । यस पद्यमा आएका लहलहराइरहेको झाङझाडी, टहटह लागेको जून, कलकलाइ रहेका बोटविरूवाले प्राकृतिक सौन्दर्यको चित्रण गरेका छन् ।

## ४.२.१ प्रकृतिको आत्मपरक वा मन्मय चित्रण

प्रकृतिको कुनै पक्षको चित्रण गर्दा त्यसको वस्तुगत वा यथावत् चित्रण नगरी त्यसप्रतिका आफ्ना मनोगत भाव वा धारणाको प्रस्तुत गरियो भने त्यो आत्मपरक प्रकृति चित्रण हुन्छ । आत्मपरक वा मन्मय चित्रण गर्नु स्वच्छन्दतावादी कविहरूको विशेषता हो भने वस्तुपरक अथवा तन्मय चित्रण गर्नु परिष्कारवादी कविहरूको विशेषता हो । दुवै किसिमको प्रकृति चित्रण देवकोटाका **कुञ्जिनी** खण्डकाव्यमा पाइन्छ । तापनि उनी मूलतः स्वच्छन्दतावादी सशक्त कवि प्रतिभा भएकाले **कुञ्जिनी**मा आत्मपरक प्रकृति चित्रण नै विशेष रूपमा पाइन्छ ।

वस्तुपरक चित्रण त्यति धेरै स्थलमा देखिँदैन । उनी काव्यको सौन्दर्यमा भन्दा हृदयको पोखाइमा बढी रमाएको पाइन्छ । यसरी देवकोटा काव्यको सतही सजावटभन्दा भावगत गहिराइमा डुब्ने कवि हुनाले उनको यस **कुञ्जिनी** खण्डकाव्यमा वस्तुगत ढङ्गले यथार्थ रूपमा नभई आत्मपरक ढङ्गले मनमोहक रूपमा अभिव्यक्त

भएको छ । आत्मपरक तथा मन्मय चित्रणका केही खण्डकाव्यांशलाई उदाहरणका रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ : जस्तै-

(१) जङ्गली बाह्रमासे
माला ली फूलका हाँसे
ढुक्कुर छ सपनामा
कोल्पु किनारा !

( पृ.२)

यस पद्यमा कविले प्रकृति चित्रण वसन्तको आगमनसँगै ढकमक्क फूलहरू फुलिरहेका छन् । कोल्पूको तीरमा ढुक्कुर चरो यताउता घुमिरहेको दृश्यले कविको मनलाई आन्दोलित पारेको छ । यसरी जतातते प्राकृतिक सौन्दर्य छाइरहेको छ । झाङझाडीहरू लहलहाइरहेका, जूनेली रातको टहटह उज्यालोले कविको मनलाई आन्दोलित पारेको छ । जसले गर्दा कविका मनमा उठेका भावनाको अभिव्यक्ति भएको छ ।

(२) लौ हेर, स्वर्ग भरी
चमचमे झल्के परी !
पृथ्वीले फूल पारिन् ज्योति दुहेर ।

( पृ.४)

प्रस्तुत पद्यमा कविले यो पृथ्वी नै स्वर्ग हो । यस पृथ्वीमा कुञ्जिनीजस्ता राम्रा सुन्दरी प्रेमिकाहरू पनि छन् । उनीहरूको सुन्दरताले नै यस पृथ्वीलाई स्वर्ग बनाएको छ । उनीहरूको सुन्दरता पूर्णिमाको जून जसरी चमचम गरी झल्किरहेको छ । पृथ्वीले त्यस्ता सुन्दरीहरूलाई जन्म दिएकी छन् ,जसले गर्दा यो पृथ्वी नै स्वर्ग जस्तो बनेको छ । सबैको मनलाई आकर्षित गरिरहेको छ । यसरी प्रस्तुत पद्यमा कविले पृथ्वीले राम्रा मान्छेलाई जन्म दिने हो भने, यही पृथ्वी नै स्वर्ग हुन्छ र तिनै मान्छे सुन्दर हुनेछन् भन्ने भाव व्यक्त भएको छ ।

(३) ‘कमलको पातमा

शीतको थोपा

छिनभर झल्झल गर्ने यो जोवन,

यससँग के लाउनु मित्यारी ?

( पृ.८)

प्रस्तुत पद्यका माध्यमबाट कविले आत्मपरक (मन्मय) चित्रण गरेका छन् । प्रस्तुत पद्य गोरे र कुञ्जिनीको संवादका क्रममा कुञ्जिनीद्वारा व्यक्त गरिएको हो । कुञ्जिनीका माध्यमबाट कविले मानव जीवन क्षणभरमा नै वैलाउँछ, जसरी कमलको पातमा भएको शीतको थोपा झलझल, टलपल गर्दै रहेको हुन्छ र क्षणभरमै त्यसको आफ्नो अस्तित्त्व समाप्त भएको हुन्छ । मानव जीवन पनि त्यस्तै रहेको छ । यस्तो क्षणिक जीवनमा माया प्रेम गर्नुभन्दा बरू ईश्वरको उपासक बनेर बस्नु राम्रो छ भन्दै कवि जीवनलाई शीतको थोपासँग तुलना गरेका छन् । एकछिन फुलेर केही समयपछि वैलाउने फूलको कुनै अर्थ छैन्, त्यसरी नै मानव जीवन अर्थहीन छ, भनेका छन् ।

(४) आँखा रूझी छाडेका गला बन रूँदी हँसिया हात परी,

लामा घाँस चर्चर काटी हरिन -कोसे आँखामा जल भरी ।

(पृ.७२)

प्रस्तुत पद्यमा कविले गोरे र मानवीर दुई घाइते साथीहरू नेपाल सम्झेका छन् । उनीहरू मृत्यृसँग लडाइँ गर्दै छन् । आफ्नो देश नेपालका बनजङ्गल, घाँसपात गर्दाका क्षणहरूले उनीहरूलाई पिरोलिरहेको छ । नेपालका पाखापखेरा, बनजङ्गल, हरियालीसँग उनीहरूलाई मोह छ । उनीहरू नेपालको प्राकृतिक सुन्दरतालाई सम्झेर आँखाबाट आँशु खसाल्दाखसाल्दैँ घाँटी अबरूद्ध भएको भान उनीहरूलाई भएको छ । यसरी लामा-लामा घाँस चर्चरी काटेको, बनजङ्गलसँग पनि राम्ररी परिचित रहेको महसुस उनीहरूले गरेका छन् । नेपालको प्राकृतिक सुन्दरताले कविको मनलाई आन्दोलित पारेको छ । जसले गर्दा कविको मनमा उठेका भावनाको अभिव्यक्ति भएको छ । यस पद्यमा लामा घाँस चर्चरी ध्वनिले कविको मनमा प्रभाव पारेकाले यसमा प्रकृतिको मन्मय चित्रण भएको छ ।

## ४.२.२ प्रकृतिको वस्तुपरक वा तन्मयचित्रण

प्रकृतिको वास्तविक सौन्दर्यलाई त्यसै रूपमा चित्रण गर्नु वस्तुपरक प्रकृति चित्रण हो । प्रकृतिको तन्मय वा वस्तुपरक चित्रण गर्नु परिष्कारवादी कविहरूको विशेषता हो । यी दुवै किसिमको प्रकृति चित्रण देवकोटाको यस **कुञ्जिनी** खण्डकाव्यमा पाइन्छ तापनि उनी स्वच्छन्दतावादी सशक्त कवि प्रतिभा भएकाले **कुञ्जिनी**मा आत्मपरक प्रकृति चित्रण नै विशेष रूपमा पाइन्छ । **कुञ्जिनी** खण्डकाव्यमा देवकोटा आत्मपरक हृदयको भावलहरसँगै बगेको पाइन्छ । यस खण्डकाव्यमा उनले वस्तुपरक चित्रण पनि गरेका छन् । यस काव्यमा वस्तुपरक प्रकृति चित्रणका केही खण्डकाव्यांशलाई उदाहरणका रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ : जस्तै-

(१) कोल्पुको कलकल नीरमा ,
गुलाफ झाँगे तीरमा ।
तिनको झुपडी !
आलु है बखडाको
मोतीझै  सेता फूल फूल झर्छन् बर्बरी !

(पृ.१)

कवि देवकोटाले खण्डकाव्यको श्रीगणेशमा नै स्थानीय प्राकृतिक वातावरणको माध्यमबाट वस्तुपरक प्रकृति चित्रण गरेका छन् । प्रेमकथाले अङ्कुरण पाएको प्रारम्भिक चरणमा प्रकृतिको पनि अत्यन्त रमणीय वातावरणको वर्णन भएको छ । कविले कोल्पूको कलरयुक्त तीरको, गुलाफ झाँगे झुपडी र आलुबखडाका चाँदीजस्ता सेता फुलका दृश्यबाट वसन्त ऋतुको आगमन भएको अत्यन्तै सुन्दर वातावरणको रहेको कुरा कविले व्यक्त गरेका छन् ।

(२) पाकेका अम्बा छन् लटरम्म फलफूलको बगैंचा,
केराको गाछी,आँपको गाछी, ऊनको गलैंचा ।

(पृ.६३)

प्रस्तुत पद्यमा कविले प्रकृतिको वस्तुपरक सौन्दर्यको चित्रण गरेका छन् । कुञ्जिनीको बिहे लखन लेप्टेनको छोरो सेतेसँग गराउनको लागि उसको बयान

गरिएको छ । सेतेका घरमा अम्बाहरू पाकेर लटरम्म भएका कुरा बयान गरिएको छ । यस पद्यमा आएका अम्बा, फलफूल, केरा, आँप, गलैंचाजस्ता शब्दले यथार्थवस्तुलाई अवगत गराउँछन् । यसरी यस पद्यको माध्यमद्वारा कविले यथार्थ वस्तुद्वारा प्रकृतिको वस्तुपरक सौन्दर्यको चित्रण गरेका छन् ।

(३) नीला नरम औँठी झैँ डाँडा,नेपाल खाल्डो हरियो सारीमा,
बीच -बीचमा नागबेली चुनरी फूलबुट्टे लहरे पारीमा ।
नेपाल डाँडा नीरका औँठी वसन्तको वनको बिहामा,
जङ्गलको हरियो सास ढुक्कुर- कण्ठ कुलर्नको राहामा ।

(पृ. ७२)

यस पद्यमा कविले वस्तुपरक सौन्दर्यको चित्रण गरेका छन् । गोरे र मानवीर दुई घाइते साथी अस्पतालमा नेपाल सम्झेका छन् । उनीहरूलाई आफ्नो देश नेपालमा रहेका डाँडापाखा, वनजङ्गल, खोलानाला, हरियाली चराचुरूङ्गीहरूलाई बिर्सन नसकी जीवनको अन्तिम क्षणसम्म तिनैको सम्झनाले सताइरहेको छ । नेपालका प्राकृतिक सुन्दरतालाई उनीहरूले डाँडालाई नीला नरम औँठीजस्तै देखेका छन् । नेपाल देश खाल्डोमा परेर पनि हरियो सारीमा सजिएको, बीच-बीचमा  बाङ्गोटिङ्गो परेर रहेको भू-बनोटले अझ थप सौन्दर्य प्रदान गरेको छ । जङ्गलमा रहेका चराचुरूङ्गीहरूले यस्तो रमाइलो वातावरणमा कुर्लदै नाँचिरहेको दृश्य उनीहरूका आँखामा झिल्मिलाईरहेको छ । यसरी यस पद्यमा आएका नेपालको हरियो वनजङ्गल, चराचुरूङ्गीको मिठो स्वर, औँठी,  सारी, चुनरीजस्ता शब्दले प्रकृतिको यथार्थ वस्तुको चित्रण गरेका छन् ।

(४) दूबो चउर चौतारामनि, कम्मर भाँची नाचेर उफ्रेका ।
न्याना- न्याना भुवालु जन्तु, बादल भुवा घामले न्याना झैँ,
पाठालाई च्यापेका राम्रा परीहरू पहाडका गाना झैँ  ।
कराली र भिराली बारी, केराघारी फलफूलका बगैँचा,

(पृ. ७४)

यस पद्यमा प्रकृतिको वस्तुपरक वा तन्मय चित्रण भएको छ । गोरे र मानवीर दुई

घाइते साथी नेपालको प्राकृतिक सौन्दर्यलाई सम्झन्छन् । यसै क्रममा उनीहरूले जङ्गली जनावरहरू दुबोको चउरमा, चौतारमुनिको शीतलताको आनन्द महशुश गर्दै कम्मर भाँची-भाँची नाँच्दै उफ्रिदैँ रमाउँदै गरिरहेको सौन्दर्य उनीहरूका आँखा अगाडि नाचिरहेका छन् । उनीहरू आफ्नो देशका कराली र भिरालीबारी, केराघारी, फलफूलका बगैंचाहरूको स्मरण गरेका छन् । उनीहरूलाई आफ्नो देशको प्राकृतिक सुन्दरताले पिरोलिरहेको छ । जीवनको अन्तिमक्षणसम्म मृत्युशय्यामा छटपटाउँदाको अवस्थामा पनि उनीहरूलाई स्वदेशको याद र सम्झना भएको पाइन्छ । यसै क्रममा उनीहरू चौतारमुनिको दुबोको चउर, भुवालु जन्तु, कराली भिराली बारी, केराघारी, फलफूलका बगैँचाहरूको स्मरण गरेका छन् । जसद्वारा यथार्थ कुराहरू यहाँ आएका छन् । जसको कारण यस पद्यमा वस्तुगत अथवा प्रकृतिको तन्मय चित्रण भएको पाइन्छ ।

## ४.३ प्रकृतिको इन्द्रिय संवेद्य चित्रण

प्रकृति जे जस्तो सुनिन्छ, छोइन्छ, देखिन्छ अर्थात् आँखाका निम्ति रङ्गरूप, कानका निम्ति ध्वनि, नाकका निम्ति गन्ध, जिब्राका निम्ति आस्वाद र छालाका निम्ति स्पर्श विशिष्ट रूपमा रहनु नै इन्द्रिय संवेद्यता हो । यसरी ज्ञानेन्द्रियलाई प्रभाव पार्ने प्राकृतिक सौन्दर्यको चित्रण देवकोटाले **कुञ्जिनी**मा प्रशस्त मात्रामा गरेका छन् । **कुञ्जिनी** खण्डकाव्यमा देवकोटाले इन्द्रिय संवेद्यताका रूपमा गरेको प्राकृतिक सौन्दर्यको चित्रण अत्यन्तै सफल छ । त्यसलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

### ४.३.१ प्रकृतिको ध्वनि चित्रण

प्रकृतिका माध्यमद्वारा जे जस्तो रूपमा आवाज ध्वनित हुन्छ ; त्यसैलाई प्रकृतिको ध्वनि चित्रण भनिन्छ । कुञ्जिनी खण्डकाव्यमा यस प्रकारको प्रकृतिको ध्वनि चित्रण गरिएको छ : जस्तै-

(१) कोल्पुको कलकल नीरमा,
गुलाफ झाँगे तीरमा ।
तिनको झुपडी !
आलू है बखडाको

मोतीझैँ सेता फूल फूल झर्छन् बर्बरी !

(पृ.१)

प्रस्तुत पद्यमा कविले प्रकृतिको ध्वनि सौन्दर्यको चित्रण गरेका छन् । घाँस काटेर घर फर्कँदै गरेको गोरेले गीत गाएको छ । कोल्पूको कलरयुक्त नीलो पानीको तीरमा गुलाफको फूल झाँगिएको छ । त्यही उनको झुपडी छ । जहाँ सेतै मोतीका दानाजस्ता फूलहरू फुलिरहेका छन् । प्राकृतिक सौन्दर्यले हराभरा भएको छ । यसरी प्राकृतिक सौन्दर्यको बीचमा सानो झुपडी रहेको छ भन्ने कुरा कविले गोरेको माध्यमद्वारा व्यक्त गरेका छन् । यस पद्यमा कविले ध्वनि सौन्दर्यको कलकल, बर्बरी जस्ता शब्दले कानका निम्ति संवेद्यता पैदा गराएका छन् ।

(२) हीराका छलछल लहर,
नचाउँछन् तीनै पहर,
कलकलको केलि रहर,
गर्छन् जलपरी !

(पृ.१)

यस पद्यका माध्यद्वारा कविले प्रकृतिको ध्वनि सौन्दर्यको चित्रण गरेका छन् । यस पद्यमा छङ्छङ् गरेर बगेको छहरा, हीराका दानाजस्ता थोपा पानी कलकल आवाज निकाल्दै बगिरहेको र खोलानालाको सुसाहटले प्रकृतिलाई नै रमणीय सौन्दर्य प्रदान गरेको छ । यसरी चकमन्न रातमा नै किन नहोस्, ऊ निरन्तर छङछङ गर्दै, त कतै कलकल गर्दै बगिरेको छ । यसरी उक्त पद्यमा छलछल, कलकलजस्ता शब्दले प्रकृतिको ध्वनि सौन्दर्यको चित्रण गरेका छन् ।

(३) त्रिशुली भेट्न भनी
हरियो कुञ्जमनि
रङ्गिला कण्ठध्वनि
सुनिन्छन् जहाँ रे !

(पृ.२)

यस पद्यमा प्रकृतिको ध्वनि सौन्दर्यको चित्रण भएको छ । प्रकृतिलाई भेट्न भनी हरियाली बगैंचाको तलपट्टि जाँदा त्यहाँ त्रिशूली नदीले आफ्नो मिठो आवाज सुनाउँदै बगिरहेकी छन् । त्यही कुञ्जमुनि चराचुरूङ्गीहरू चिरविर गरी गीत गाइरहेका छन् । यसरी चराचुरूङ्गीको चिरविर, त्रिशूली नदीको कलकलावटले एक प्रकारको सुमुधुर आवाज आइरहेको छ । जसले गर्दा कविको मनलाई आकर्षित गरेको छ । यस पद्यमा आएको कण्ठध्वनि सुनिन्छ, जस्ता शब्दले प्रकृतिको ध्वनि सौन्दर्यका चित्रणका क्रममा कानका लागि संवेद्यता प्रदान गरेका छन् ।

(४) एक झोँका हावा
एक टुक्रा छाया
अनि हिँड्छ रूलाउन,

(पृ.११)

यस पद्यका माध्यमद्वारा कविले प्रकृतिको ध्वनि सौन्दर्यको चित्रण गरेका छन् । गोरे र कुञ्जिनीका संवादका क्रममा कुञ्जिनीद्वारा उक्त भाव व्यक्त भएको छ । जसरी भँवरोले  फूलको रस पाउँदा गुनगुनको मसीनो आवाज निकाल्दैं क्षणभर रमाएर रस चाख्दछ, त्यसपछि हुरूहुरू हावा चल्दछ र एक झोँकामा नै रोकिन्छ, एक प्रकारको छायाछवि जस्तो लाग्दछ । जसलाई आफ्नो ठानी मनपेट दिएर आफ्नो बनायो, समयको अन्तरालसँगै उसैले रूवाउन थाल्दछ, भन्ने भाव कुञ्जिनीले व्यक्त गरेकी छ । यस पद्यमा आएको रूलाउन शब्दले प्रकृतिको ध्वनि सौन्दर्यको चित्रण गरेको छ ।

(५) छहरा गाँउछिन् पीर्तिको नाला,
लालमोहर लाग्यो स्वर्गमा हेर,
वचनमा तिम्रो कबूलका माला,
बिर्सियौ भने बल्नेछ ज्वाला,
दनदन पार्ला संसार टाला ।

(पृ.१३)

यस पद्यमा कविले प्रकृतिको ध्वनि सौन्दर्यको चित्रण गरेका छन् । गोरे र कुञ्जिनीको संवादका क्रममा गोरेका माध्यमबाट कविले उक्त भाव व्यक्त गरेका छन ।

छाँगा र छहराहरूले पनि प्रीतिको गीत गाइरहेका छन् । बादल ड्याम्म लागिरहेको छ । तिम्रो वचन तिमीले बाचा बाँधेर बस् । आफ्नो कबुल गरेको बचन बिर्सियौ, भने ज्वाला दनदनी बल्नेछ । यसरी दनदन गर्दै संसारलाई नै सखाप बनाउन सक्दछ । त्यसकारण  होसियारीपूर्वक बस्नुपर्दछ । आफूले बोलेको बचन बिर्सिनु हुदैन् भन्ने भाव व्यक्त भएको छ । यसरी गोरे र कुञ्जिनीको मायाप्रीति सँगसँगै छहराले पनि प्रीतिको गीत गाउँदै गुनगुनाइरहेको छ । उनीहरूको माया प्रेम अझै बढी अङ्कुरण हुन सहयोग पुऱ्याइरहेको छ । यस पद्यमा आएका गाउँछिन, बल्नेछ, दनदनजस्ता शब्दले कानका लागि गुञ्जन र हृदयकालागि संवेद्यता पैदा गराउँछ र ध्वनि सौन्दर्य प्रदान गर्दछन् ।

(६) ढुक्कुर कुर्ली वनमा हामी जिउँला सधैँ धनी !
मुरली- मुरली खै- खै मुरली !
मुरली खै मेरो टिरलिर मुरली !

(पृ.१७)

प्रस्तुत पद्यमा कविले प्रकृतिको ध्वनि सौन्दर्यको चित्रण गरेका छन् । कुञ्जिनीले प्रेम प्रकट गरिन भनेर गोरेले हर्षोदगार् प्रकट गरेको छ । बेली फूलझैँ दुइटा  दिल मिली, एकै बनी पहाडका जोडी ढुक्कुर कुर्ले जसरी हामी दुई जोडी सधै बनमा जिउँला भन्ने भाव गोरेका माध्यमद्वारा व्यक्त भएको छ । गोरेले आफूहरू दुईलाई वनको चरो ढुक्कुरका जोडीसँग तुलना गरेको छ । त्यसरी नै ढुक्कुरको जोडीजस्तै रमाइलो जीवन हुने कुरा गोरेले व्यक्त गरेको छ । यस पद्यमा आएका कुर्ली, टिरलिर जस्ता शब्दले ध्वनि सौन्दर्यको क्रममा कानका निम्ति संवेद्यता प्रदान गर्दछन् ।

(७) घण्टी बजाऊ पहाड मेरा
गुञ्ज गुफा- गुफा ।
जीवन चढाएको पीरति
पाउँछ आज नफा  ।

(पृ.२८)

प्रस्तुत पद्यमा कविले प्रकृतिको ध्वनि सौन्दर्यको चित्रण गरेका छन् । कुञ्जिनीसँग बिहा हुने आशाले गोरेले आनन्द प्रकट गर्दछ । हर्षले विभोर भएको गोरेलाई कुञ्जिनी पाउँदा जताततै खुसीयाली मात्र भएको महशुश गरेको छ । उसलाई अब टाढा रहेको स्वर्गको कल्पना गर्नुपर्ने छैन, यही स्वर्ग छ भन्दै आफ्नो मनको भाव व्यक्त गरेको छ । मानिस यदि हाँसीखुसी रमाइलोसँग बाँच्न सिक्ने हो, भने कुनै प्रकारको स्वर्गको खोजी गर्न अन्त जानुपर्दैन, भन्ने भाव गोरेका माध्यमबाट व्यक्तिएको पाइन्छ । यसरी रमाएको गोरेले पीरतिको लागि जुन मैले मेरो जीवन नै अर्पण गरेको थिए, आज बल्ल त्यसको राम्रो परिणाम मैले पाउने भएको छु । त्यसकारण पहाड, डाँडाकाँढा मेरो यस खुसीयालीमा गुफा- गुफा र हरियाली चारैतिर घण्टी बजाऊ, भन्दै आफ्नो खुसी प्रकृतिसँगै बाँडेर प्रकृतिलाई पनि रमाइलो गर्नका लागि संन्देश पुऱ्याएको छ । यस पद्यमा आएको घण्टी शब्दले प्रकृतिको ध्वनि सौन्दर्यको चित्रण गर्ने क्रममा कानका निम्ति भुङ्कार र हृदय संवेद्यता पैदा गराएको छ ।

(८) मदिसेको लगाई ताँती शिवरात्रि आकाशलाई थर्काउने,
पहाड- पहाड बोलाई सारा गुफा- गुफा पहरा गर्जाउने ।

(पृ.७३)

प्रस्तुत पद्यमा कविले प्रकृतिको ध्वनिको चित्रण गरेका छन् । गोरे र मानवीर दुई घाइते साथीहरू नेपाल सम्झन्छन् । विदेशिएका दुई नेपालीहरू आफ्नो देशका चाडपर्व, संस्कृतिहरू बिर्सिएका छैनन् । बरू आफू असक्त अवस्थामा रहदा झनै उनीहरूलाई आफ्नो देशका संस्कृति, चाडपर्व आदिले अझै सताउँछ । यसरी शिवरात्रीमा हुने रमाइलोले उनीहरूको मन छोएको छ । सारा पहाड, गाउँ, पाखाहरूमा रमाइलो गरिरहेको र गुफादेखि लिएर पहाडसम्म सबै रमाइलो थर्कावट आइरहेको महसुस उनीहरूले गरेका छन् । यस पद्यमा आएका थर्काउने, गर्जाउने जस्ता शब्दले प्रकृतिको ध्वनि सौन्दर्यको चित्रण गर्ने क्रममा कानका निम्ति संवेद्यता प्रदान गरेको छ ।

प्रस्तुत पद्यहरूमा कविले ध्वनि चित्रण गर्ने क्रममा कलकल, बर्बरी, छलछल, कण्ठध्वनि, रूलाउन, गाउँछिन, बल्नेछ, दनदन, छहरा, टिरलिर मुरली, घण्टी आदि शब्दहरूले कानका निम्ति गुञ्जन र हृदय संवेद्यता पैदा गराएका छन् ।

## ४.३.२ प्रकृतिको स्पर्श चित्रण

प्रकृतिका माध्यमद्वारा स्पर्श गरिन्छ अर्थात छोइन्छ त्यसलाई प्रकृतिको स्पर्श चित्रण भनिन्छ । **कुञ्जिनी** खण्डकाव्यमा विभिन्न किसिमका प्रकृतिको स्पर्श सौन्दर्यको चित्रण गरिएको छ : जस्तै-

(१) जूनले लिपिन् जगत्
काम गर्दी रातमा फगत्
पहाड झरेर !
(पृ.३)

प्रस्तुत पद्यमा कवि लक्ष्मीप्रसाद देवकोटाले प्रकृतिको स्पर्श चित्रण गर्ने क्रममा जसरी सन्नाटा छाएको रातमा चाँदीको प्रतिनिधित्व गरेको जूनले दिवाकालको सूर्यको जस्तो नभए पनि सुमधुर प्रकाशको माध्यमबाट कुनै दिशाहीन भइरहेको यात्रीलाई बाटो पहिल्याउन सहयोग गरेको हुन्छ, तर दिवाकालको जस्तो प्रकाश नपाएपछि आफ्नो सही गन्तव्य पत्ता लगाउन गाह्रो पर्दछ । त्यसपछि यात्रीका मनमा अनेक किसिमका तरङ्गहरू खेल्न पुग्दछ र आफ्नो मनको भावलाई गीतका माध्यमद्वारा गोरेले व्यक्त गरेको छ । आजको दुनियाँ स्वार्थी बनेको छ । आफ्नो स्वार्थबिना अरूलाई सहयोग गर्ने मानव कमै भेट्न सकिन्छ तर कुञ्जिनी र गोरे राहुतको प्रेम साँच्चै नै स्वार्थरहित थियो, जसरी जूनले बिना स्वार्थ संसारलाई उज्यालो छाएको हुन्छ । उनीहरूले प्रेम कसरी गरिन्छ ? प्रेम के हो ? भन्ने कुरा सबैलाई सिकाएका छन् । उनीहरू प्रेमको बदलामा आफ्नो प्राण नै गुमाउन पुगेका छन् । जस्तो सङ्घर्ष गर्न पनि पछि परेका छैनन् । यसरी पद्यमा आएको लिपिन, काम गर्दी आदि शब्दले प्रकृतिको स्पर्श सौन्दर्यको चित्रण गरिएको छ । प्रस्तुत पद्यमा प्रकृतिका माध्यमबाट कविले स्पर्श सौन्दर्यको चित्रण गरेका छन् ।

(२) फूलमा रङ्ग झैँ,

औँलामा नङ झैँ,

तिउरी बनी पयरमा बस्छु,

सौन्दर्यको छायाको नमूना । '

(पृ.१२)

यस पद्यमा देवकोटाले प्रकृतिको स्पर्श चित्रण गर्ने क्रममा यहाँ जसरी फूलको शोभा विभिन्न रङ्गको माध्यमबाट प्रकट भएको हुन्छ । त्यसरी नै मानिसका औँलाको सौन्दर्य नङले प्रतिनिधित्व गरेको हुन्छ । हिन्दू समाजका महिलाहरू आफ्नो प्रेमलाई प्रगाढ बनाउने क्रममा म्हेन्दीको प्रयोग गरेर आफ्नो सौन्दर्य बढाउनुका साथै साँच्चै मायाप्रेमको विश्लेषण गर्दछन् । जसलाई कविले कुञ्जिनीका मार्फतबाट उसको जीवनको कठिन मोडमा गरिबको प्रतिनिधि पात्र गोरेसँग आफ्नो मनका भावना प्रस्तुत गरेकी छे । आफ्नो प्रेमलाई साकार बनाउन र गोरेसँगै जीवन बिताउनका लागि संवादका क्रममा कुञ्जिनीले गोरेको छायालाई एउटा अभिभावकत्व मानी सधैँभरि सुन्दर छाया बनेर पैतलामा बस्छु भन्ने प्रण गरेकी छ । जसले हिन्दू समाजको एउटा श्रीमतीले श्रीमान्लाई गर्ने सत्कारको प्रतिनिधित्व गरेको पाइन्छ । जसलाई कविले प्रकृतिको स्पर्श सौन्दर्यको माध्यमबाट व्यक्त गरेका छन् । यस पद्यमा आएका फूललाई रङ्गले, औँलालाई नङले, तिउरीका माध्यमद्वारा खुट्टालाई स्पर्श गरेको छ ।

(३) पालुवाको कल्की लाऊँ

आकाशमा गुलाफ छाऊँ

सेतो दूवोमाथि कुल्ची

आधा उडी गाऊँ

(पृ.१५)

प्रस्तुत पद्यमा कवि देवकोटाले स्पर्श सौन्दर्यको चित्रण गर्ने क्रममा जव कुञ्जिनीले गोरेसँग आत्मीय प्रेम प्रकट गर्दछे, त्यसपछि खुसीले फुरूङ्ग भएको गोरेले आत्मीय प्रेमलाई प्रकृतिका माध्यमबाट काल्पनिक संसारमा डुबुल्की मार्दै खुसीयाली प्रकट गरेको छ । जसरी वसन्त ऋतु सँगसँगै बोटविरूवाहरूमा मुनाहरू फस्टाउदै जान्छन्, जसले शीतलता प्रदान गर्नुको साथै चारैतिर मनमुग्धकारी हरियाली छाएको

हुन्छ । एक प्रकारको उजाडिएर नाङ्गिएका बोटविरूवाहरू लहलहाउँदै हरियाली सौन्दर्यको बहार छाएको छ भने जससँगै मानवले पनि आफ्नो जीवनलाई त्यस हरियालीसँगै रमाएको महसुस गर्न पुग्दछन् । त्यसरी नै गोरेले प्रकृतिको माध्यमबाट आफ्नो मनका खुसीयाली प्रकट गरेको पाइन्छ। यसरी वसन्त ऋतु सँगसँगै पलाएका आँकुराहरू टाउकोमा सिउरिउ जस्तो लाग्दछ र आफूभन्दा माथि गुलाफ नै गुलाफले सजाएर राख्न पाए हुन्थ्यो, भन्ने गोरेले महसुस गर्दछ । हिउँको वर्षातको सँगसँगै गोरेले हिउँसँगै लडिबुडी खेलेको र हिउँमाथि नै कुल्चिएर हिडिरहेको, खुसी प्रकट गरिरहेको र आफ्नो मनको भावना व्यक्त गरिरहेको भाव प्रकट गरिएको छ । यस पद्यमा कल्की लाऊँ, दूवोमाथि कुल्चीजस्ता शब्दले प्रकृतिको स्पर्श सौन्दर्यको चित्रण गरेको छ।

(४) आज चुस्छु फूलको ओठमा भँवराको खाना,
आज लाउँछु छहराका जुहारमाले दाना !
आज चढ्छु फूलको हाँगा मूरलीलाई लिई ।
आज गाउँछु पीर्तिगाना बनको चरो भई !

(पृ.१६)

प्रस्तुत पद्यमा कवि देवकोटाले प्रकृतिको स्पर्श सौन्दर्यको चित्रण गर्ने क्रममा कुञ्जिनीले गोरेसमक्ष आफ्नो प्रेम प्रकट गरेपछि खुसी भएको गोरेले प्रस्तुत पद्यका माध्यमबाट आपनो मनका भावनाहरू व्यक्त गरेको छ । जसरी भमराले फूलको रस चुसेर आफ्नो आस्वादन पूरा गर्दछ, त्यसरी नै गोरेले कुञ्जिनीलाई पाएपछि आफू अघाएको महसुस गर्ने, भमराले फूलको रस चुस्दा जुन प्रकारको आनन्द महसुस गर्दछ, त्यसरी नै गोरेले कुञ्जिनीलाई पाउँदा आफ्नो सारा खुसी र उमङ्ग छाउने भाव व्यक्तिएको छ। खुसीले फुरूङ्ग भएको गोरेले कुञ्जिनी पाउँदा भँमराले आफ्नो खाना फूललाई पाएको जस्तो अनुभव गरेको छ। यसरी गोरे (भँवरा)ले कुञ्जिनी (फूल) को ओठमा चुम्बन गर्ने र आज नै उसले जुहारमाले दानाहरू शरीरमा लगाएर, मुरलीलाई लिई फूलका हाँगामा चढेर वनको चरो जसरी नै मायाप्रेमका गीतहरू गाउने,

एकप्रकारको उद्गार प्रस्तुत पद्यका माध्यमबाट व्यक्त गरेको छ । यस पद्यमा चुस्छु, लाउँछु, चढ्छु जस्ता शब्दले प्रकृतिको स्पर्श सौन्दर्यको चित्रण गरेका छन् ।

(५) रङ्ग राम्रो टिप्नलाई, तिम्रा ओठमा लाउँला,
जुँघे फूललाई ल्याई तिम्रो बिहा गरि गाउँला ,
लहराको लगनगाँठो फूलको बाँधी लाउँला ।

(पृ.३२)

यस पद्यका माध्यमद्वारा कविले प्रकृतिको स्पर्श सौन्दर्यको चित्रण गरेका छन् । गोरेसँग बिहे हुने कुराले खुसी भएकी कुञ्जिनी सानीमा सिन्धुसँग आनन्द प्रकट गरेकी छन् । यसरी खुसीले रमाएकी कुञ्जिनीलाई सानीमा सिन्धुले शृङ्गारपटार गरेर बनकी रानी जस्तै बनाउने, रङ्गी चङ्गी लुगाफाटाले मुजुर जस्तै बनाउने, र डाँफे चरो जसरी उडाइदिने विचार व्यक्त गरेकी छन् । छोरी कुञ्जिनीको खुसीसँगै सानीमा सिन्धुले पनि खुसी साटासाट गरेकी छन् । कुञ्जिनीको बिहेको समयमा कसरी रमाइलो गर्ने भन्ने कुरा उनले व्यक्त गरेकी छन् । धेरै रङ्गका बीचमा मनपर्ने रङ्गमात्र टिपिन्छ, त्यस्तै रङ्ग तिम्रो ओठमा लगाइदिउँला । फूललाई ल्याई तिम्रो बिहे गरी गाउँला र लहराको लगन गाँठो फूललाई बाँधेर लगाउने कुरा व्यक्तिएको छ । सानीमा सिन्धुले कुञ्जिनी छोरीको बिहेमा के गर्ने भन्ने कुरामा कल्पना गरेकी छन् । प्रस्तुत पद्यमा लाउँला, टिप्नेजस्ता शब्दले प्रकृतिको स्पर्श सौन्दर्यको चित्रण गरेका छन् ।

(६) कसैले दिए बालकलाई चुम्बन कसैले मुसारे !
कोही जोडी आँखा टलपल बनी आँसुले पुकारे !
कसैले फँके फूलका थुँगा, कोही रोए घनन !
त्यस बेला कस्तो तमाशा होला करूणा, भन न !

(पृ.५०)

प्रस्तुत पद्यमा कविले प्रकृतिको स्पर्श सौन्दर्यको चित्रण गरेका छन् । लडाइँका लागि पल्टन चन्द्रगिरीमा पुग्छन् । बिजुली झैँ झिल्झिल् गोलीको वर्षात् भएको छ । कति घाइते भएर पल्टिएका छन् । कति लडाइँमा नै होमिएका छन् । यस्तो उराठ लाग्दो जीवनको कुनै टुङ्गो रहेको छैन । कतिवेला के हुन्छ ? केही थाहा छैन । यस्तो स्थितिमा कलिला बालकहरू लडाइँमा होमिइरहेका छन् । कतिलाई गोली लागेर

अन्तिम सासको घुट्को तान्दै पल्टिरहेका छन् । यस्तो स्थिति देख्दा सबैले आँखामा आँशु टलपल पारेर त्यस्ता ती बालकलाई मुसारेर चुम्बन गरेका छन् । यस्तो समयमा एक किसिमको तमाशा भएको छ भन्ने भाव कविले व्यक्त गरेका छन् । यस पद्यमा आएका चुम्बन ,मुसारे, टिप्न, लाउँलाजस्ता शब्दले स्पर्श सौन्दर्यको चित्रण भएको छ ।

## ४.३.३ प्रकृतिको दृश्य चित्रण

प्रकृतिका माध्यमद्वारा जुन किसिमको रूपरङ्गले आँखालाई आकर्षित गरेको हुन्छ । त्यसलाई नै प्रकृतिको दृश्य चित्रण भनिन्छ । कुञ्जिनी खण्डकाव्यमा यस प्रकारका प्रकृतिको दृश्य चित्रण गरिएको छ : जस्तै-

(१) सुन सुनका साना दाना ,
जून जूनमा झल्की नाना ।
गुन गुनको सुन्दै गाना ।
गुड्छन् हर्घडी !
(पृ.१ )

प्रस्तुत पद्यका माध्यमबाट कवि देवकोटाले दृश्य सौन्दर्यको चित्रण गरेका छन् । जुन सौन्दर्यले आँखाको हेराइलाई प्रभाव पारेको हुन्छ । जुनेली रातमा जसरी पहेँलो सुनको सानो सानो दाना जसरी झल्किरहेको जूनले आफ्नो सौन्दर्य त्यसरी नै झल्काइरहेको हुन्छ । त्यसलाई हेरेर सबैले आनन्द महसुस गर्दछन् । यस समयमा एक प्रकारको छुट्टै दृश्य सौन्दर्य प्रकट भएको पाइन्छ । पहेलो जून पिलिक-पिलिक गर्दै, गुन-गुनको आवाज निकाल्दैं यता उता गरिरेहेका छन् । यस सौन्दर्यमा सबै त्यही विलीन भएको पाइन्छ ।

(२) झाङ झाडी लहलह
जूनको टहटह
पालुवा चहचह
आकाशमा झल्के थोरै
रातका सितारा !
(पृ.२ )

यस पद्यमा कविले प्रकृतिको दृश्य सौन्दर्यको चित्रण गरेको पाइन्छ । वसन्त ऋतुमा जताततै रूख बोटविरूवाहरूले आफ्नो हाँगामा पातहरू फिजाउँदै लहलहाएका हुन्छन् । यसै समयमा एक प्रकारको रमाइलो महसुस हुन्छ । नजिकमा भएका प्राकृतिक सुन्दरताका दृश्यहरू पनि सजिलै देख्न सकिन्छ । अध्याँरो रातमा आकाशमा देखिने सिताराहरूले एक प्रकारको सौन्दर्यको प्रकट गरेको पाइन्छ । यसरी यस पद्यमा लहलह, टहटह,चहचह जस्ता शब्दले प्रकृतिको दृश्य सौन्दर्यको चित्रण गरेका छन् ।

(३) झल्झल देख्छ कोल्पूको रङ्ग गुलाफ झाँगे तीरमा फुलेको,
झल्झल देख्छ पहाडी जून, अमृत जस्तो मुस्केर मीठो;
स्वर्गलाई उघारी खुलेको !

(पृ.७५ )

यस पद्यमा प्रकृतिको दृश्य सौन्दर्यको चित्रण भएको पाइन्छ । यसमा घाइते भएर अस्पतालमा रहेको गोरेले कुञ्जिनीलाई सम्झिन्छ । गोरे आफू बिरामी परेर घाइते स्थितिमा पनि कोल्पूको तीरमा गुलाफ झाँगे फूल फूलिरहेको देख्छ । आफ्नो देश नेपाल विशिष्ट किसिमको रमाइलो भएको उसलाई महसुस भइरहेको छ । यसरी कोल्पू नदी, त्यसको तीरमा फुलेको गुलाफको फूल, झलमल्ल भएको जूनेली रातको सम्झनाले उसले आफ्नो देश नेपाललाई स्वर्ग जस्तो ठान्दछ । त्यहाँ रहेकी आफ्नी प्रेमिका कुञ्जिनीलाई सम्झिन्छ । यस पद्यमा फूलका झल्झल जस्ता शब्दले प्रकृतिको दृश्य सौन्दर्यको चित्रण गरेको पाइन्छ ।

(४) चुरी राम्रा लगाइदिए चीसा साँप झैँ रेशमी नाडीमा,
तिनले हेरिन् हरिया बाँस आगो बल्ने वेदीका हारीमा ।
बाटिदिए नागबेली चुल्ठो ऐना यौटा अगाडि राखेर,
तिनले हेरिन् सबैको मुखमा छाया आफ्ना आँखामा झारेर ।
काठकी झैँ पुतली भइन् झिलमिल गहना लाएर,

(पृ.७९ )

प्रस्तुत पद्यमा कविले प्रकृतिको दृश्य सौन्दर्यको चित्रण गरेका छन् । गोरे गएपछि कुञ्जिनीलाई लखवन लेप्टेनको छोरो सेतेसँग बिहे गरिदिने निर्णय बाबुले गर्दछन् ।

कुञ्जिनीले नचाहेरै पनि उसलाई सिँगारपटार गरिएको छ । राम्रा चुरी उनका हातमा लगाइदिएका छन् । नागबेली चुल्ठो बाटेर काठकी पुतलीजस्तै झिलमिल बनाएका छन् । कुञ्जिनी भने आफ्नो सिँगारपटारमा कत्ति पनि रमाएकी छैन । बरू उल्टै रेशमी नाडीमा चुरी लगाएर सजाउँदा उनले हरिया बाँसमा आगो बलिरहेको देखेकी छन् । उनको अगाडि ऐना राखेर नाकको माला जस्तो उसको चुल्ठो बाटिदिँदा छाया उनको आँखामा पर्नेगरी सबैको मुख हेरेकी छन् । यसरी यस पद्यमा लगाइदिए, हेरिन् बाटिदिए जस्ता शब्दले प्रकृतिको दृश्य सौन्दर्यको चित्रण गरेका छन् ।

## ४.३.४ प्रकृतिको गन्ध चित्रण

प्रकृतिका माध्यमद्वारा बसन्त ऋतुमा विभिन्न प्रकारका फलफूलहरूले वातावरणमा एक किसिमको सुवास फिजाउँछन् । जसलाई हावाका माध्यमद्वारा नाकले गन्ध लिइरहेको हुन्छ । **कुञ्जिनी** खण्डकाव्यमा निम्नप्रकारका प्रकृतिको गन्ध चित्रण गरिएको छ : जस्तै -

(१) मधुरो रूङ्गले छोई
बास्नाको तुना फोई

(पृ.२)

(२) सुन्तला मुसुमुसु हाँसी
निदाउँदो हावा छासी
बास्ना दिएर ।

(पृ.३)

प्रस्तुत पद्यमा कविले गन्ध सौन्दर्यको चित्रण गरेका छन् । यस पद्यमा वसन्त ऋतुसँगै अनेक प्रकारका फूलहरूको सुगन्ध आइरहेको छ । हरियाली सँगसँगै बोटविरूवाहरूमा मोतीझैँ सेतै फूलहरू लटरम्म फुलिरहेका छन् । जसको कारण जताततै सुगन्ध वहार छाइरहेको छ । यसरी उजाडिएर नाङ्गिएको मरूभूमि फेरि हराभरा र सुगन्धित भएको छ । यस पद्यमा फलफूलका बास्नालाई सिरसिरे हावाका माध्यमबाट सुगन्धित बनाइरहेको छ । बोटभरि सुन्तलाहरू लटरम्म हाँसिरहेको र मिठो बास्ना दिइरहेका छन् ।

यसरी उक्त पद्यमा सुन्तलाको बास्ना र हावाले **कुञ्जिनी** खण्डकाव्यमा गन्ध सौन्दर्यको सुन्दर नमुनाका रूपमा आएको छ । यसरी वसन्त ऋतुको समयमा सुन्तलाहरू लटरम्म हाँसिरहेका छन्, भने अर्कोतिर तिनीहरूको मिठो बास्ना हावाले ल्याइरहेको गन्ध नाकले थाहा पाएको छ । यसरी विभिन्न प्रकारका फलफूलहरू हाँसिरहेका छन् । यसरी मिठो बास्ना, हावा जस्ता शब्दले गन्धलाई ग्रहण गर्ने नाकका निम्ति संवेद्य तुल्याएको छ । बिशेष गरी वसन्तको वर्णनसँगै गन्धसौन्दर्यको चित्रण धेरैथोरै रूपमा भएको देखिन्छ ।

## ४.४ रसको परिचय

रस भन्नाले कुनै पदार्थमा रहने तरल गुण भन्ने बुझिन्छ । काव्यमा यसको प्रयोग आनन्दात्मक अनुभूतिका रूपमा गरिएको हुन्छ । रस शब्दको पानी, गाईको दूध, पृथ्वीको सारभूत तत्त्व, सोमरस, कवि र काव्यगत रस, आनन्दमय रसजस्ता विभिन्न अर्थमा प्रयोग भएको भेटिन्छ् । **कुञ्जिनी** खण्डकाव्यमा प्रकृतिका विविध रसहरूको चित्रण गरिएको छ । कुञ्जिनीको आँशु, हाँसोसँगै प्रकृतिले पनि त्यसैअनुसारको आफ्नो स्वरूप विभिन्न रसका माध्यमद्वारा प्रदर्शित गरेको छ । यस खण्डकाव्यमा प्रकृतिका करूण, शान्त, रौद्र, भयानक, हाँस्य, उग्र, शृङ्गारिक, उजाड स्वरूपहरू प्रस्तुत भएको पाइन्छ : जस्तै -

### ४.४.१ प्रकृतिको करूण चित्रण

**कुञ्जिनी** खण्डकाव्य कारूणिक काव्य हो । गोरे र कुञ्जिनीको दुःखद विछोडको क्षण जति- जति नजिकिदै छ, त्यति नै काव्य कारूणिक बन्न पुगेको छ । प्रकृतिका माध्यमबाट कविले करूण चित्रण यसरी गरेका छन् : जस्तै -

(१) ‘जीवनको ज्योति
परेला मोती
रूनु भन्दा के हुन्छ मीठो ,
पिरतीको फूलको जीवनमा ?

(पृ.११ )

प्रस्तुत पद्यमा कवि देवकोटा प्रकृतिको करूण चित्रण गरेका छन् । गोरे र कुञ्जिनीको संवादका क्रममा प्रस्तुत भाव व्यक्त भएको छ । माया र प्रेम भनेको क्षणिक जीवनको कुनै क्षणमा मात्र देखापर्दछ । यस क्षणिक जीवनमा आँशु , हाँसो र दु:ख सुखलाई साथी बनाउन सक्नुपर्दछ । जसरी एक प्रकारको फूलको कोपिला हुँदै फर्केर एउटा फूलको रूपमा परिणत हुन्छ । त्यसरी नै मानव जीवन पनि आँशु पछि हाँसो र दु:ख पछि सुख गर्दै नै जीवन व्यतीत हुन्छ । जसरी फर्केको फूल समय बित्दै गएपछि वैलाउन थाल्दछ, त्यसरी नै मानव जीवन एक पटक फुल्दछ र समय बित्दै जाँदा वैलाउदै जान्छ । जसरी बत्तीको प्रकाशले एकछिनको उज्यालो दिन्छ र निभेपछि अँध्यारो हुन्छ । त्यसरी नै मानव जीवन एकछिन देख्दा जसले पनि उज्यालो नै देख्छन् र पछि निभेको जस्तो अँध्यारो छाउँछ भन्दै कुञ्जिनीले भनेकी छ । यही संवादका क्रममा गोरेले जीवन त आँशु र हाँसोको संगम हो, भने मायाप्रेम गर्नेहरूले जीवनमा आँशुलाई नै साथी बनाउनु पर्दछ । यसमा नै रमाइलो आनन्द प्राप्त हुन्छ । जव प्रेमीप्रेमिकाहरू परेलाबाट मोतीको दाना जसरी आँशु बरर् खसाउँछन् । त्यही समयदेखि जीवनमा एक प्रकारको उज्यालो छाउँछ । यसरी मायाप्रेममा खसाएको आँशु, हाँसोभन्दा पनि मिठो हुन्छ ।

मानव जीवन केवल हाँसो र खुसीमा मात्र नभएर दु::ख र आँशुसँगै पनि रमाइलो आनन्द महसुस हुन्छ । आँशुले केवल दु:खमा मात्र साथ नदिएर हाँसो र खुसीमा पनि मोतीको दाना जसरी झर्न सक्दछन भन्ने भाव गोरेका माध्यमबाट व्यक्त भएको छ । यस पद्यमा आएका आँशु, रून‍ु जस्ता शब्दले करूण चित्रण गरेका छन् ।

(२) 'म मर्छु' भन्छिन् 'बाँच्दिनँ' भन्छिन् कुञ्जिनी रोएर ।
छातीको घुँक्का आँसुमा वर्षी सारीले छोएर ।
ओछयानबाट उचालिएकी हातलाई समाती ।
(पृ.३९)

यस पद्यमा करूण रस सौन्दर्यको चित्रण गरेका छन् । गोरे कुञ्जिनीलाई लडाइँमा जाने बेलामा सम्झाउँछ । आफ्नो देशको निम्ति लडाइँमा जानैपर्ने र लडाइँ सकेपछि आफू छिटै नै फर्कने कुरा गर्दै सम्झाई- बुझाई गर्दछ । तर गोरे जाने चिन्ताले

पिरोलिएकी कुञ्जिनी अनेक किसिमका बिलौना गर्दै रूँदै कराउँदै गर्दछिन । तिमी विनाको जीवन जिउन सक्तिनँ भन्दै रूँदै कराउँदै  गर्दछिन् । तिमीविनाको जीवन मेरो लागि अन्धकार हुन्छ, जसरी औंसीको रातमा जून किसिमको शून्यता छाउँछ, त्यसै शून्यतामा मा बाँच्नु  पर्ने हुन्छ त्यस समयमा मेरो मुटु फुटेर  टुक्रा टक्रा  हुनेछ । यसरी छोडनै पर्ने हो भने आजको रातमा म मरिसक्नेछु । तिमीले मेरो लासलाई बिहानै उज्यालो हुन नपाउँदै कुनै बनमा लगेर गाडेर जाऊ भन्दै रोइकराई गर्दछिन् । यस पद्यमा बाँच्दिनँ, घुँक्का जस्ता शब्दले करूण रस सौन्दर्यको चित्रण गरेका छन् ।

(३) आज राति गोरे बस्यो कुञ्जिनीको छेउ !
रात गयो रूँदारूँदै
मुटु गाँढो  हुँदाहुँदै,
सक्ने भए फोऊ; हजुर, सक्ने भए फोऊ !

(पृ.३५ )

यस पद्यमा कविले करूण रस सौन्दर्यको चित्रण गरेका छन् । कुञ्जिनीका बाबुद्वारा विभिन्न अपमानित शब्दले सताइएको गोरे कुञ्जिनीलाई कोल्पू नदीबाट बचाएर ल्याइसकेपछि उनको बाबुले गोरेलाई कुञ्जिनी दिने प्रण गर्छ । उनीहरूमा एक प्रकारको हर्षोद्‌गार प्रकट भएको छ, तर अपसोच गोरे जर्मनको धावा ( लडाइँ ) मा जानु पर्ने हुन्छ र देशले सोह्र वर्ष भन्दा माथिका केटाहरूलाई लडाइँमा जान आहवान गर्दछ । गोरे लडाइँमा जानु पर्ने भए पछि यी दुई एक अर्काका बीचमा एकप्रकारको नरमाइलो महसुस गरेका छन् । यी दुवै बीच सन्नाटा छाइरहेको छ, तर पनि गोरेले कुञ्जिनीलाई लडाइँ सकेपछि फर्केर आउँछु भनी सम्झाइबुझाइ गर्दछ तैपनि उसकै आँखामा भूलभूल आँसु पार्दै,ती आँशु परेलामा अड्याउदै कुञ्जिनीलाई हेर्दछ । उता कुञ्जिनीलाई  गोरे जाने पीरले ज्वरो आएको छ , मरे जसरी जिउँदै ओछ्यानमा परेकी छ । यसरी गोरे जाने कुराले  दबैलाई दुःखी बनाएको छ । गोरे र कुञ्जिनीको दुःखद विछोडको क्षण जतिजति नजिकिँदै छ, दुवैको मुटुमा एक प्रकारको भक्कानो छुटेको छ । दुवैको मुटुमा गाँठो परेको छ, र दुवैले एक अर्कालाई हेराहेर गर्नु  शिवाय उनीहरू

केही बोल्न सकेका छैनन् । यसरी यस पद्यमा रूँदारूँदै, मुटु गाँठो हुँदाहुँदै जस्ता शब्दले प्रकृतिको करूण चित्रण गरेका छन् ।

(४) बररररर रोएर हेर्छिन् आकाशको किनारा ।
रूँदै र रूँदै शरीर खिई,
आँसुकी सानो दाना झैं भई,
(पृ.६१ )

(५) हा ! कठैबरी ! कुञ्जिनी परी ! लमकोसे रूलाई !
देखेर कठै ! दिल धुक्क हुन्छ , आँसुले मलाई !
(पृ.५५ )

प्रस्तुत पद्यमा कवि देवकोटाले प्रकृतिको करूण चित्रण गरेका छन् । गोरे लडाइँमा गएपछि ऊ फर्केर आउँदैन भन्ने कुरा कुञ्जिनीका बाबुले भन्दछन् । यसरी कुञ्जिनीलाई सम्झाइबुझाइ गरी लखन लेप्टेनको छोरो सेतेसँग बिहा गर्ने कुरा गर्दछन् । तर कुञ्जिनी आफ्नो बाबुको कुरालाई स्वीकार गर्दिन । ऊ धनाढ्य परिवारको छोरो सेतेसँग बिहे गर्ने तयार छैन् तर विछोडिएको गरिब गोरेको मायाले उसलाई तडपाईरहेको छ । ऊ सेतेसँग विवाह गर्दिनँ भन्छे, तर ठालुसिंह कुञ्जिनीलाई जसरी असिना परिरहेको समयमा उडेको चरो फर्केर आउने आशा रहदैन, त्यसरी लडाइँमा गएको गोरे फर्केर आउँदैन भनेर गोरेसँग बिहे नगर भन्छ , तर कुञ्जिनी असारको पन्धजस्तै बर्बरी रोएर बसेकी छ । ठालुसिंहले त्यसरी चिच्याइ-चिच्याइ रोएर पुकार गरेर केही पनि हुँदैन । यसरी विरह लाग्दो नबन । हँसिलो अनुहार बनाएर बस; जसरी जूनले एक प्रकारको उज्यालो चमक दिएको हुन्छ । त्यसरी नै चम्किलो अनुहार बनाएर बस भनेर कुञ्जिनीलाई सम्झाउँछ ।

डाँडाको फूलको गुलाबको सौन्दर्य जसरी झल्किरहेको हुन्छ, त्यसरी नै मुस्काएर जीवन जिऊनु पर्दछ । सबै आफ्नो दु:खी धुनहरू छोडिद, झर्ना जसरी नाँची-नाँची खुसीसँग जीवनलाई बिताउनु पर्दछ, भन्ने बाबुको कुरालाई सुनेर आफ्नो मनको अठोट परिवर्तन गर्दिन उल्टै बाबुको कुराले उसको मुटु छिया-छिया हुन्छ, बिदीर्ण भएर आँशुका भल बगाउँदै रूँदै गरिरहन्छे । यस्तो अवस्थामा कठैवरी कुञ्जिनी रोइरहेकी

छ । त्यसरी बिचरीलाई देखेर जो कोहीको मन पनि आँशुले घुक्क हुन्छ भन्ने भाव व्यक्त भएको छ । यस पद्यमा कठैबरी, लमकोसे, घुक्क, आँशु जस्ता शब्दले प्रकृतिको करूण चित्रण गरेका छन् ।

## ४.४.२ प्रकृतिको शृङ्गारिक चित्रण

**कुञ्जिनी** खण्डकाव्यमा देवकोटाले प्रकृतिको शृङ्गारिक  सौन्दर्यको चित्रण पनि गरेको पाइन्छ । उनले प्रकृतिको शृङ्गारिक सौन्दर्यको वर्णन गर्ने क्रममा प्रस्तुत पद्यहरू व्यक्त गरेका छन् : जस्तै -

(१)   रङ्ग र रोगन फुल्छ
बास्नामा बैंस झुल्छ
पीर्तिको पन्ना जगत्
मगमग भरेर !

(पृ.३)

प्रस्तुत पद्यका माध्यमबाट कवि देवकोटाले प्रकृतिको शृङ्गारिक सौन्दर्यको चित्रण गरेका छन् । घाँस काटेर घर फर्कदै गरेको गोरेले आफ्ना मनको भावनाहरू गीतका माध्यमबाट व्यक्त गरेको छ । जसरी एउटा फूलको आकर्षण रङ्ग र रोगनले प्रभाव पारेजस्तै मानव जीवनमा पनि एक प्रकारको उमेरको प्रभाव रहेको हुन्छ । जसरी अनेक प्रकारका रङ्गीबिरङ्गी फूलको  सौन्दर्यले सबैलाई आकर्षण गरेको हुन्छ । त्यसरी नै फूलजस्तै फूलेको बैंसले पनि फूलले जस्तै आफ्नो सुगन्धित बास्ना छरेको हुन्छ । त्यही सुगन्धसँगै मान्छे पनि निदाइरहेको र आफ्ना दिनहरू  व्यतीत गरिरहेको पत्तो उसलाई हुँदैन् । यो संसार नै सबै माया र प्रेममा अडेको छ । माया र प्रेमबिना जीवन जिउन कठिन छ । कहिँ न कहिँ, कुनै न कुनै रूपमा जीवन  जिउन  यहाँ कसैले कसैलाई माया र प्रेम गरिन्छ  र आफ्नोपनको सङ्ज्ञा दिइन्छ  । यसरी जीवन जीउने क्रमलाई  एउटा सजाएको फूलको रङ्ग र रोगनको सौन्दर्यजस्तै मानव जीवनमा पनि बैंसको  उमेरमा एक प्रकारको फूलको जस्तो सौन्दर्यसँगै मायाप्रेमको जीवन व्यतीत  हुन्छ, जहाँ आफ्नो समय बिताएको कसैलाई पत्तो हुँदैन । सबैजना एकअर्काको मायामा झुलिरहेका हुन्छन । भोलिको खुसीको लागि दौडिरहेका हुन्छन् । जसको कारण

सजिलै दिनचर्याहरू बितिरहेका हुन्छन् । यसरी नै मानव जीवन निदाइरहेको फूल जसरी सुन्दर र आकर्षित हुन्छ भन्ने कुरा प्रस्तुत पद्यको माध्यमबाट व्यक्त भएको छ । प्रस्तुत पद्यका माध्यमद्वारा कविले शृङ्गारिक रस सौन्दर्यको चित्रण गरेका छन् ।

(२) 'आज तिमी वनकी रानी हवौली सिँगारेर,
छम् -छम् पयर पाउजेब रेशम लतारेर ।
केँवराको मुकुटेलाई लहरामा राज !
दक्षिणका हावा-परी चमर डोल्लान् आज ।

(पृ.३२)

यस पद्यमा कवि देवकोटाले प्रकृतिको शृङ्गारिक सौन्दर्यको बर्णन गर्ने क्रममा गोरेसँग बिहे हुने आशामा खुसी भएकी कुञ्जिनीले सानीमा सिन्धुसँग आनन्द प्रकट गर्दछिन् । कुञ्जिनीलाई आज खुसीले के- के लगाऊँ ? के गरूँ ? जस्तो भइरहेको छ । सानीमा सिन्धु कुञ्जिनीलाई तिमी आज सिगाँरपटार पछि असाध्यै राम्री हुनेछौ । रेशमी साडी लतारेर छमछम पाउजेब बजाउँदै बनकी रानी बन्ने छौ । तिम्रो सुन्दरतालाई देखेर सबै तिम्रो पछि लाग्नेछन् । तिम्रो त्यो सुन्दरता देखेर सबैलाई लोभ लाग्नेछ, भन्दै सानीमा सिन्धुद्वारा सुन्दरताले सजिसजाउ भएकी कुञ्जिनीको यौवन शृङ्गार रसले भरिएको भाव प्रस्तुत पद्यमा सिँगार, डोल्लान, जस्ता शब्दले शृङ्गार रस सौन्दर्यको चित्रण गरेका छन् । यस पद्यमा कुञ्जिनीको गोरेसँग विवाह हुने निश्चय हुँदा प्राकृतिक शृङ्गार रसमा डुबी सानीमा सिन्धुसँग भन्छिन् ।

(३) बैँस जस्तो हरियोमा, किन बसूँ रोई ?
आज उड्न मन लाग्यो डाँफे गीत गाई ।

(पृ.३०)

प्रस्तुत पद्यमा कविले हराभरा भएको कुञ्जिनीको यौवन शृङ्गार रसले भरिएको छ । उनले इच्छाएको प्रियतम पाउने हुँदा एक प्रकारको हर्षोल्लास छाएको छ । उनलाई आनन्दको संसारमा डाँफे चरो जस्तो भई उडेर गीत गाउन मन लाग्दछ । कुञ्जिनीले आफ्नो मनको धोको पुग्नेभयो भनी आशावादी भावना देखाइएको छ । प्रस्तुत पद्यमा बैँस जस्तो शब्दले शृङ्गार रस सौन्दर्यको चित्रण गरेको छ ।

### ४.४.३ प्रकृतिको हास्य चित्रण

**कुञ्जिनी** खण्डकाव्यमा देवकोटाले प्रकृतिको माध्यमद्वारा हास्य चित्रण प्रयोग गरेको पाइन्छ । यस खण्डकाव्यमा गोरेको आर्थिक विपन्नताको कारणबाट विभिन्न अपमानित शब्दद्वारा हाँस्य पात्रका रूपमा गोरेलाई उभ्याएका छन् : जस्तै -

(१) नाक छोप्ने टालो छैन,
टोपी कालो हाँडी !
ठालुसिङ्की छोरी माग्ने
खस्रा हात माडी !
(पृ.१८ )

प्रस्तुत पद्यमा कवि देवकोटाले प्रकृतिको हास्य सौन्दर्यको चित्रण गरेको पाइन्छ । कोल्पू खोलाको नजिकै बस्ने ठालुसिंह उच्च आर्थिक हैसियत भएका व्यक्ति र गोरे कहाँको गरिब भेडागोठालोले ठालुसिंहकी छोरी कुञ्जिनीको हात माग्दा रिसाएको ठालुसिंहद्धारा प्रस्तुत उद्गारहरू गोरेलाई व्यक्त गरिएको छ । तँ जस्तो हैंसियत नभएको व्यक्ति कसरी मेरो छोरी माग्न आइस ? तँसँग एउटा नाक छोप्ने टालो सम्म पनि छैन । एउटा शिरको टोपी त बर्षौंसम्म नधोएको कालो हाँडी जस्तो छ । यस्तो गरिबले कुन हैसियत लिएर ठालुसिंहकी छोरी माग्ने हिम्मत गरिस, तेरो खानपान बास, लवाइ ,खवाइ केही पनि मिल्दैन भने कसरी मसँग छोरी माग्न आइस् तँ सँग के छ ? एउटा नाक छोप्ने टालो सम्म छैन भनेर हाँसोको पात्रका रूपमा खिल्ली उडाएको पाइन्छ । यस पद्यमा ठालुसिंहद्वारा गोरेको आर्थिक बिपन्नताको अभिव्यक्ति प्रष्ट भएको छ ।

(२) ऐना हेरी आइज यसो
गाउँले छिमेकी ,
एक दामको सुर्ती छैन
तीन लाख फूर्ती हाँकी !
( पृ.१८ )

प्रस्तुत पद्यमा प्रकृतिको हास्य सौन्दर्यको चित्रण भएको छ । प्रस्तुत पद्यमा ठालुसिंहले गोरेको गरिबीको अट्टाहास गर्दै प्रस्तुत भाव व्यक्त गरेको छ । गोरे ठालुसिंहकी छोरी कुञ्जिनी माग्न गएपछि ठालुसिंहका मुखवाट उक्त उद्गारहरू व्यक्त भएका छन् । ठालुसिंहले गोरेलाई आफूसँग रहनसहन केही पनि मिल्दैन भने कसरी तलाई मेरी छोरी दिन सक्छु ? तँ आफूलाई मेरी छोरी माग्न योग्य सम्झन्छस् ? तेरो रूप एक पटक ऐनामा हेरेर आइज तँलाई आफ्नो सही पहिचान हुन सक्नेछ । तँ जस्तो सँग बिहान र साँझ टार्न त गाह्रो छ भने यत्रो फूर्ती छोड्ने हिम्मत कसरी भयो, भन्दै ठालुसिंहले गोरेको गरिबीलाई हाँसोमा उडाउँदै हास्य पात्रका रूपमा गोरेलाई उभ्याएका छन् ।

आर्थिक सम्पन्नताका साम् बिपन्नताले मान्छेलाई कसरी गाँजेको हुन्छ । दुःख र पीडाले कसरी अरूको हास्य पात्र बन्नुपर्दो रहेछ, भन्ने कुरा प्रस्तुत पद्यमा ऐना, सूर्ती, फूर्ती जस्ता शब्दले हास्य सौन्दर्यको चित्रण गरेका छन् ।

## ४.४.४ प्रकृतिको शान्त चित्रण

कुञ्जिनी खण्डकाव्यमा देवकोटाले प्रकृतिको माध्यमद्वारा शान्त चित्रणको प्रयोग गरेको पाइन्छ । जस्तोसुकै कठिन परिस्थितिमा पनि शान्त र सरल बाटोमा हिँडिरहेको कोल्पूको चित्रण कुञ्जिनी खण्डकाव्यमा भएको छ : जस्तै -

(१) कोल्पू थिइन् अहिलेसम्म शान्त सरल धारा,
बादल मात्र जाल गर्थ्यो चारतरफ सारा ।

(पृ.२४ )

प्रस्तुत पद्यमा कविले प्रकृतिको शान्त सौन्दर्यको चित्रण गरेका छन् । यहाँ कोल्पू नदीका माध्यमबाट शान्त सौन्दर्यको चित्रण भएको छ । गोरे राहुत कुञ्जिनीलाई माग्न जाँदा उसको बाबुको अपमानले छिया- छिया मुटु लिएर फर्कन्छ । कुञ्जिनीसँग आफ्नो मनको भावना व्यक्त गर्ने, त्यही मनको भारी बिसाउने आशाले गोरे कोल्पूको तीरमा कुरेर बस्दछ । कुञ्जिनीको बाबुको अपमानले छिया-छिया मुटुबाट कतै आक्रोश उत्पन्न भएको छ, त कतै फेरि आगोको ज्वाला दन्के जसरी मन उजाडिएको छ ।

त्यसरी नै प्रकृति पनि उजाडिएको  उराठ लाग्दो भएको छ । गोरेको अनुहारमा एक प्रकारको दुःख पीडा छ , जसले गर्दा उसको अनुहार बादल जस्तो कालो  भएको छ, भने आकाश गड्याङगुडुङ् गरेर  बादलिएको छ । उसलाई प्रकृतिले साथ दिएको छ । यतिबेला अलिअलि सिरसिरे पानी परेको छ । तर यसले कोल्पू नदीलाई कुनै प्रकारको असर पारेको छैन । कोल्पू आफ्नो बाटो शान्त सरल रूपमा बगेकी छन्, तर बादलले भने गड्याङगुडुङ गरेर चारैतिरबाट थर्काबट दिइरहेको छ । यसरी कोल्पू नदीका माध्यमबाट शान्त  चित्रण गरिएको छ ।

## ४.४.५ प्रकृतिको भयानक  चित्रण

प्रकृतिका माध्यमबाट भय, डरको सृजना हुने परिस्थिति उत्पन्न हुनु प्रकृतिको भयानक चित्रण हो । कुञ्जिनी खण्डकाव्यमा झिल्-झिल्, अगुल्टा जस्ता शब्दले प्रकृतिको भयानक चित्रण गर्न सहयोग पुऱ्याएका छन् :जस्तै -

(१)   आँखा खान्छ अगुल्टाले
झिल्-झिल् झिल्-झिल् पारी
(पृ.२३ )

प्रस्तुत पद्यमा कवि देवकोटाले प्रकृतिको भयानक सौन्दर्यको चित्रण गरेका छन् । कुञ्जिनी मावल गएर घर नफर्कदै मेघ गर्जन सहित पानीको बर्षात् हुन्छ,जसको कारणले बाबु ठालुसिंह चिन्तित छन् । जताततै अँध्यारो छाइसकेको छ । साँझ झमम्क परिसक्दा पनि कुञ्जिनी नआएकीले कोल्पूको तीरमा आएर बसेकी छ कि ? रात परिसकेको छ , उसलाई कसले नदी तारिदिने होला ? यसरी गडयाङ्गुडुङ् गर्दै आकाश गर्जिरहेको छ । झल्याकझुलुक गर्दै बिजुली चम्किरहेको छ । चकमन्न अँध्यारो छाएको छ, तर मावल गएकी कुञ्जिनी फर्किएकी छैन बाबुको मन आत्तिएको छ , कतै आज नराम्रो घटना त घट्ने हैन, भन्ने मनमा अनेक प्रकारका भावहरू पैदा भएका छन् । कुञ्जिनीका बाबुलाई चिन्ताले सताइरहेको छ । सिन्धुसँग कोल्पू नदी बेगले आएको समयमा कुञ्जिनी आउने हो कि ? भन्दै आफ्नो मनका भाव व्यक्त गरेका छन् । यस पद्यमा आएका झिल्,झिल् शब्दले प्रकृतिको भयानक रस सौन्दर्यको चित्रण गरेको छ ।

### ४.४.६ प्रकृतिको उग्र चित्रण

**कुञ्जिनी** खण्डकाव्यमा कवि देवकोटाले प्रकृतिका माध्यमबाट क्रुर र रिसाएको प्रकृतिको स्वरूप व्यक्त गरेका छन् । प्रेमप्रणयमा बाधा सृजना हुँदा प्रकृतिले पनि रिसाएर आफ्नो स्वरूप देखाएकी छन् :जस्तै -

(१) अन्धकारका काला गाजल, रातलाई रूलाई झर्ने गाजल,
छाँगा छहरा भने गाजल, एक टुक्रा छ बाँकी !
(पृ.२०)

(२) झिल् झिल् गर्छे कालो सगर
थर्काई -थर्काई पहाड बगर
(पृ.२०)

प्रस्तुत पद्यमा कविले प्रकृतिको उग्र चित्रण गरेका छन् । कुञ्जिनी कोल्पूपारि मावलबाट नआइपुग्दा बाबुको मनमा चिन्ता उठ्दछ । अन्धकार रातमा गड्याङगुडुङ गरेर बादल चम्किरेहेको छ । अन्धकार रातले झिल्-झिल् गर्दै थर्कावट दिइरहेको छ । कुञ्जिनीका बाबुको मन अत्तालिएको छ । कालो गाजल लगाएको आँखाबाट आँशुको वर्षात भएजस्तै पानीका धाराहरू छुटिरहेका छन् । आफूले चाहेर पनि प्रकृतिलाई केही गर्ने सम्भावना छैन । चकमन्न अँध्यारो रातमा खोला-नालाहरू सुसाईरहेका छन् । छङछङ गरी झरनाहरू बगिरहेका छन् । तर बिचरो कुञ्जिनी बाबुले आफू केही गर्न सकेको छैन् , उसको मन आत्तिएर के गरूँ ? गरूँ ? भइरहेको छ ।

यस प्रकृतिको उग्र रूपलाई चाहेर पनि कसैले छेकबार गर्न सक्दैन । ऊ निरन्तर रूपमा प्रवाहित छ । यस्तो अवस्थादेखि कुञ्जिनीको बाबु पनि मनमा अनेक प्रकारले तर्कहरू खेलाइरहेको छ । प्रस्तुत पद्यमा अन्धकार, झिल् झिल्, कालो सागर जस्ता शब्दले प्रकृतिको उग्र रूपको चित्रण गरेका छन् ।

## ४.४.७ प्रकृतिको रौद्र चित्रण

**कुञ्जिनी** खण्डकाव्यमा देवकोटाले प्रकृतिको माध्यमद्वारा रौद्र चित्रण गरेको पाइन्छ । जब मानिसले मानिसलाई नै अनावश्यक तवरले शासन गर्न खोज्दछ ; त्यस समयमा प्रकृतिले पनि रिसाएर आफ्नो रूप प्रस्तुत गरेको पाइन्छ :जस्तै -

(१) गरूडले नाग है लाग्यो,
मुश्ले पर्ला झरी !
पलङ्गाको सागर चढयो
आज आकाश भरी !
झिल्- झिल् ! झिल्- झिल् ! झिल्- झिल् ! झिल्- झिल् !
आँखा बन्द गरी !

(पृ.२१)

प्रस्तुत पद्यमा कविले प्रकृतिको रौद्र चित्रण गरेका छन् । कुञ्जिनी कोल्पूपारि मावलबाट आइनपुग्दा बाबुको मनमा चिन्ता उठ्दछ । प्रकृतिले पनि रिसाएको आफ्नो रूप देखाइरहेको छ । अन्धकार रातमा झिल्- झिल् गरी बिजुली चम्किरहेको छ । विष्णुको बाहन गरूडले नागलाई समाएर लग्यो, अझै मुश्ले झरी पर्ने सम्भावना छ । आकाश गड्याङगुडुङ गरिरहेको छ । आज सागर नै आकाशमा चढेजस्तो भइरहेको छ । पानीको ओइरो लागिरहेको छ । बिजुली चम्केर हेर्न नसकिने भएको छ । सबैलाई तर्साउने किसिमको गडयाङगुडुङ र झल्याकझुलुक भइरहेको छ । प्रकृतिले रिसाएर आफ्नो रूप प्रस्तुत गरिरहेकी छन् । प्रस्तुत पद्यमा झिल् झिल् शब्दले प्रकृतिको रौद्र चित्रण गरेको छ ।

(२) हाम्फाल्दो हो खहरेले,
अन्धो वेगले झरी !
ढुङ्गा फँकी परिज काटी,
चुरिएर मरी !
सूर्य डुबे पिँडा पारि

चीसो बतास वेगले झारी

वनलाई थुर- थुर पारी !

(पृ.२१)

यस पद्यमा कविले प्रकृतिको रौद्र रूप चित्रण गरेका छन् । प्रकृतिले आफ्नो रौद्र रूप देखाइरहेको छ । अन्धो वेगमा झरी परिरहेको छ । पानीको भेल गडयाङगुडुङ गर्दै ढुङ्गा माटो सोहोर्दै बगिरहेको छ । सूर्यपनि यतिवेला यस्तो पीडा सहन नसकेर डुबिसकेको छ । चिसो बतास तुफान जस्तो बगिरहेको छ, जसले बनको बोटविरूवाहरू हल्लाइरहेको छ । यस पद्यमा हाम्फाल्दो, अन्धोवेग जस्ता शब्दले प्रकृतिको रौद्र चित्रण गरेका छन् ।

## ४.४.८ प्रकृतिको उजाड  चित्रण

**कुञ्जिनी** खण्डकाव्यमा गोरे र कुञ्जिनीमा बिपत स्थितिको सृजना हुँदा प्रकृति पनि उजाडिएको छ । उनीहरूको दुःखसँगै प्रकृतिले पनि आफ्नो रूप परिवर्तन गरेको छ :जस्तै-

(१)  आज भए पहाड काँढा, आज वन पहेँलो उदास ।

आज झर्छन् वैरागी पत्ती अड्न नपाइ हिउँले बतासी ।

(पृ.५६)

प्रस्तुत पद्यमा कविले प्रकृतिको उजाड चित्रण गरेका छन् । बाबुका वचनले हृदय विदीर्ण भएर विष खाएर मरू झैं कुञ्जिनी गर्दछिन् । यसको सँगसँगै प्रकृतिले पनि आफ्नो उजाडिएको रूप प्रस्तुत गरेको छ । जसरी कुञ्जिनीमा आफ्नो यौवनको उत्साह र उमङ्ग नभएर जीवनलाई बोझका रूपमा लिएकी छन् । उता प्रकृतिले पनि आफ्नो हराभरा रूपलाई परिवर्तन गरेको छ । कुञ्जिनीको दुःखसँगै प्रकृति पनि दुःखी छ । आज पहाड काँडा जस्तै भए र बन पहेँलो उदास लाग्दो देखिएको छ । आज पहेंलिएका पात पनि पतपत बतासले झार्दै छ । यसरी कुञ्जिनीको उजाडिएको यौवनसगै प्रकृतिले पनि आफ्नो उजाडिएको रूप प्रदर्शित गरेको छ । प्रस्तुत पद्यमा काँढा, पहेँलो, उदासजस्ता शब्दले प्रकृतिको उजाड चित्रण गरेका छन् ।

## ४.५ बिम्बको परिचय

कुनै अर्थले प्रकट गर्ने सहचर प्रतिछायाको रूपमा आउने मूख्य कथ्य अर्को सहप्रस्तुत सहवर्ती बिम्ब हो । बिम्ब एक प्रकारको भावव्यञ्जक अलङ्कार हो अथवा भावव्यञ्जक तत्त्व हो । प्रकृतिको माध्यमबाट कवि लक्ष्मीप्रसाद देवकोटाले **कुञ्जिनी** खण्डकाव्यमा प्रकृतिको बिम्ब चित्रण गरेका छन् ।

### ४.५.१ प्रकृतिको स्मृति बिम्बको चित्रण

प्रकृतिका माध्यमद्वारा कवि देवकोटाले **कुञ्जिनी** खण्डकाव्यमा स्मृति बिम्बको चित्रण गरेका छन् । स्मृति बिम्बमा कुनै पनि सम्झनाहरू स्मृतिका रूपमा मानसपटलमा आइरहन्छ, जसले विगतका सुख तथा दुःखद क्षणको सम्झना गराउने हुन्छ : जस्तै-

(१) कुञ्जिनी ! मेरी प्यारी ! सम्झँ पुजारी ।
आजको दिनलाई खालि
स्वर्गकी अमृत
सम्झेर नजर हाली
हृदय मेरो सधै रून्छ पुकारी
कुञ्जिनी ! मेरी प्यारी ! सम्झँ पुजारी ।

(पृ.५)

प्रस्तुत पद्यमा कविले प्रकृतिको स्मृति बिम्बको चित्रण गरेका छन् । गोरे राहुत घाँस काटेर घर फर्कदा गीत गाउदैं फर्किन्छ । उसले कुञ्जिनीलाई एउटा स्मृति बिम्बको रूपमा सजाएको छ । मेरी प्यारी कुञ्जिनी, म त उसको पुजारी हुँ, भन्ने सोच्दै गीत गाउँदै घर फर्केको छ । आजको दिनमा उसलाई स्वर्गकी कुनै परि जस्तै अर्थात् भनौ उसलाई पाउनु भनेको स्वर्गकै अप्सरा, अमृत पाए समान हो । यस्ती मेरी प्यारी प्रियतमलाई सम्झेर मेरो मन सधैँ कुञ्जिनी, कुञ्जिनी भन्दै उनलाई पुकार गर्दै रोइरहन्छ भन्ने भाव गोरेको माध्यमबाट व्यक्त भएको छ । उसले कुञ्जिनीलाई नजरका आँखाले नदेख्दा पनि स्मृति बिम्बका रूपमा सजाएर राखेको छ । उसकै

पुजारी आफू बन्ने, र उसलाई सम्झेर, उसकै पुकारा गरिरहने प्रण गोरेले गरेको छ । यस पद्यमा आएका सम्झे, अमृत, पुकारी जस्ता शब्दले कुन्जिनीलाई सम्झनलाई सहयोग पुऱ्याएका छन् ।

## ४.५.२ प्रकृतिको स्वप्न  बिम्बको चित्रण

प्रकृतिका माध्यमद्वारा कवि देवकोटाले **कुन्जिनी** खण्डकाव्यमा स्वप्न बिम्बको चित्रण गरेका छन् । स्वप्न बिम्बमा कुनै पनि सम्झनाहरू सपनाको रूपमा मानसपटलमा आइरहन्छ,जसले विगतका क्षणको याद गराउने हुन्छ : जस्तै-

(१) आज मैले सपना देखें बिहा गर्ने हरियो बाँसलाई ।
आज आँखा ठुलीटुली हेर्थे मूर्छो थियो  रातिमा सासलाई ।
(पृ.५८)

प्रस्तुत पद्यमा कविले प्रकृतिले स्वप्न बिम्बको चित्रण गरेका छन् । कुन्जिनी बाबुको वचनले विदीर्ण भएर बिष खाएर मरूँ झैं गर्दछे । उसलाई उसको बाबुले गोरे अब फर्कर्दैन, जसरी चुहेको पसिनाको लहर फर्कर्दैन, त्यसरी नै उडेको चरो पनि फर्कन सक्दैन । गोली र असिना झर्न थालेपछि  चरो फर्केर आफ्नो गन्तव्यमा फर्कन सक्दैन, त्यसरी नै गोरे अब फर्केर आउन सक्दैन भन्दछन् । कुन्जिनीलाई आषाढ पन्ध्रको जसरी बर्बरी आँशु नझार भन्दै छोरीलाई सम्झाउन खोज्दछन् । उसलाई धनाढ्य परिवार लख्खन लेप्टेनको  छोरो सेतेसँग बिहे गरिदिने कुरा बताउँछन् । यस्ता बाबुका कुराले उसलाई बाँच्ने मन लाग्न छाडेको छ । उसले सपना देख्छे, जसले त्यसलाई अशुभ घटना घट्न सक्ने सङ्केत गरेको छ । आज राति सपनामा कुन्जिनीले हरियो बाँसलाई बिहे गरेको र आफूलाई रातिमा सास फेर्न गाह्रो भएर मूर्छा परेको देखेकी छ । प्रस्तुत पद्यमा सपना देखे शब्दले स्वप्न बिम्बको सङ्केत गरेको छ ।

## ४.६ प्रकृतिको नृत्य चित्रण

प्रकृतिको माध्यमद्वारा कवि देवकोटाले प्रकृतिको नृत्य चित्रण गरेका छन् । गोरे र कुन्जिनीको खुसी सँगै प्रकृति पनि रमाएर नाँचिरहेको महसुस गराएका छन् : जस्तै-

(१) नाच नाच फूलपरी ! रेशम लगाएर ।

झुक्कझुक्क हाँगा, हरि ! पन्ना मगाएर ।

(पृ.१४)

(२) 'आज तिमी वनकी रानी हवैली सिँगारेर,

छम् - छम् पयर पाउजेब रेशम लतारेर ।

मुजुरलाई नचाउँला थोप्ले पङ्ख फिँजाई,

डाँफे हामी उडाउँला, इन्द्रेनीलाई गिजाई

(पृ.३२)

प्रस्तुत पद्यमा कविले कुञ्जिनीको खुसीलाई मुजुरको नृत्यसँग तुलना गरेका छन् । यस पद्यमा नृत्य सौन्दर्यको दृष्टिले निकै उत्कुष्ट नमुनाको रूपमा यी पद्यहरू आएका छन् । गोरेसँग बिहे हुने कुराले फुरूङ्ग बनेकी कुञ्जिनीलाई सानीमा सिन्धुले शृङ्गार-पटार गरेर मुजुर जस्तै बनाउने र बनकी रानी बनाएर छम् छम् पाउजेब बजाउदैँ नचाउने भाव व्यक्त भएको छ ।

## ४.७ प्रकृतिको रूप चित्रण

प्रकृतिको माध्यमद्वारा कवि देवकोटाले प्रकृतिको रूप चित्रण गरेका छन् । गोरे र कुञ्जिनीको प्रेमप्रणयमा प्रकृतिलाई जीवनसँग एकाकार गराएको छ । कुञ्जिनीको रूप सौन्दर्यलाई प्रकृतिसँग तुलना गरिएको छ । मानव जीवन क्षणिक हुन्छ भन्ने कुरा प्रस्तुत पद्यको माध्यमद्वारा व्यक्त गरिएको छ :जस्तै-

(१) 'एकछिनकी बत्ती

एकछिनकी ज्वाला,

धपक्क भै वनले बाल्यो,

धिपिक्क भै निभ्नेछु एक छिनमा ।

(पृ.१० )

यस पद्यमा कविले रूप सौन्दर्यको चित्रण गर्ने क्रममा मानव जीवनको रूप सौन्दर्य भनेको एकैछिन बालेको बत्ती जस्तो हो, जुन एकैछिन ज्वाला जसरी दनदन गर्दै बलिरहेको देखिन्छ र क्षणभरमा धिपिक्क भएर निब्छ भन्दै कविले रूप सौन्दर्यको

कुनै अर्थ छैन, जुन जति नै सुन्दर भएपनि केही क्षणपछि नै त्यसको अन्त हुन्छ । जसरी फूल कोपिला हुँदै फक्रेपछि एकै छिनमा ओइलाएर झर्दछ, ठीक जीवनको रूप सौन्दर्य त्यही फूलसँग तुलना योग्य छ । जसरी फक्रेको फूलले क्षणिक सौन्दर्य देखाउँछ र केही समयपछि आफ्नो सौन्दर्यको समाप्ति पाउँछ । कुञ्जिनीले यो क्षणभरको जीवन बल्ने र निभ्नेछ, यसको कुनै अर्थ छैन भनेर गोरेलाई भनेकी छ । प्रस्तुत पद्यमा बत्ती, ज्वाला जस्ता शब्दले प्रकृतिको रूप सौन्दर्यको चित्रण गरेका छन् ।

(२) बादलको चँदुवामा अबीर-अबीर लावा !
नाच्न लागे मुजुरपङ्खी वनका शीतल हावा ।
कानेखुसी गर्न आयो लौन ! बतास आज !
पात - पातमा सुसेलेर, लाग्छ मलाई लाज ।

(पृ.३१ )

प्रस्तुत पद्यमा प्रकृतिको रूप सौन्दर्यको चित्रण भएको छ । गोरेसँग बिहे हुने कुराले फुरूङ्ग भएकी कुञ्जिनीले सानीमा सिन्धुसँग आनन्द प्रकट गर्दछिन् , त्यहाँ मात्र कहाँ हो र गोरेसँग बिहा हुने कुराको सुइँको पाउने बित्तिकै प्रकृतिसँग पनि कुञ्जिनी रमाइलो कानेखुसी गर्न पुग्छे, जताततै प्राकृतिक सुन्दरता मात्र देख्ने पुग्छे । बादलको चाँद लागेको छ । शीतल हावासँगै वनमा रहेका मुजुर चराहरू पखेटा फिजाउँदै नाच्न थालेका छन् । यस्तो समयमा बताससँग पनि कुञ्जिनी कानेखुसी गर्न पुगेकी छ । यसरी कुञ्जिनीको खुसीसँगै प्रकृति पनि खुसी रहेको र रमाएर हाँसिरहेको छ । प्रस्तुत पद्यमा चँदुवा, लावा, मुजुरपङ्खी जस्ता शब्दले रूप सौन्दर्यको चित्रण गरेका छन् ।

## ४.८ प्रकृतिको मानवीकरणको चित्रण

**कुञ्जिनी** खण्डकाव्यमा लक्ष्मीप्रसाद देवकोटाले प्रकृतिलाई मानवीकरण गरेका छन् । प्रकृतिद्वारा मानवले गर्ने कार्य गरेको छ र मानवीय क्रिया र स्वभावलाई प्रकृतिको माध्यमद्धारा अभिव्यञ्जना हुन पुगेको छ : जस्तै -

(१)सक्तैनौ छोड्न
भँवरा जाति ?

यो फूलको छाती चोखाको चोखै
ईश्वरलाई लगेर अर्पिन ?

(पृ.१२)

कविले यस पद्यमा प्रकृतिको मानवीकरण गरेका छन् । गोरे र कुञ्जिनीका संवादका क्रममा कुञ्जिनीले गोरेलाई भँवराको रूपमा, आफूलाई फूलको रूपमा मानवीकरण गरेकी छ । यस पद्यमा आएका भँवरा, फूलजस्ता शब्दले पात्रगत स्वभाव र चरित्रको अभिव्यञ्जना हुन पुगेको छ ।

(२) आज फूल- फूल पहाड बने
आज फूल फूल पहाड !
नगर न गुलाफ नानी !
मेरो लाल लाल डाहाड !

(पृ.१४)

प्रस्तुत पद्यमा कवि देवकोटाले प्रकृतिको मानवीकरण गर्ने क्रममा कुञ्जिनीले प्रेम प्रकट गरेपछि खुसी भएको गोरेले प्रकृतिको माध्यमद्वारा आफ्नो माया प्रेमलाई प्रकट गरेको छ । फूल ,गुलाफ जस्ता शब्दले मानवीय व्यवहारका अभिव्यञ्जना गरेका हुनाले मानवीकृत प्रकृतिको उल्लेख गरिएको पाइन्छ ।

(३) लङ्कापारिबाट परी बतास पङ्खी आए !
बादलका चाँदी भुवा सौगात भनी ल्याए !
झुम्के चरम रङ्गीचङ्गी डोली- डोली धाए
साइपाटाका फूलका किश्ती सारा झिल्मिलाए ।

(पृ.१५)

प्रस्तुत पद्यमा प्रकृतिको मानवीकरण गर्ने क्रममा कुञ्जिनीको प्रेम प्रकट पछि खुसी भएको गोरेले पहाडको दरबार पनि झिलमिल भएको, बनपाखाहरू खुसीमा खिलखिल गरी रमाइरहेको र धेरै टाढाबाट पनि परी बतास पङ्खी बनेर आएको, बादलका चाँदीका टुक्राहरू कोसेलीका रूपमा ल्याएको महसुस गोरेले गरेको छ । यस

पद्यमा आए, ल्याए, जस्ता शब्दले मानवीय क्रियाद्वारा प्रकृतिको वर्णन गरेका हुनाले प्रकृतिको मानवीकरण भएको छ ।

(४) एकै बारको बैंसे बहाड एकै बारको चाहाड
गुलाफ नानी नलेऊ मेरो लाल- लाल भई डाहाड !
काँढा हाम्रा झरिसके पीर्ति फुल्छ खालि,
तिम्रो भन्दा राम्रो सुबास दिउँला अत्तर हाली ।

(पृ.३१)

प्रस्तुत पद्यमा कविले प्रकृतिको मानवीकरण गरेका छन् । गोरेसँग बिहे हुने कुराले खुसी बनेकी कुञ्जिनीले सानीमा सिन्धुसँग आफ्नो मनको आनन्द प्रकट गर्दछिन् । यहाँ गुलाफको फूललाई मानवीय क्रियाद्वारा वर्णन गरिएको छ । गुलाफको फूललाई मानवीकृत गरेर कुञ्जिनीको जीवनसँग तुलना गरिएको छ । यस पद्यमा आएका नलेऊ, झरिसके जस्ता शब्दले मान्छेको व्यवहारलाई अङ्गालेको पाइन्छ ।

(५) पहाड वनका खबर दिन चरीलाई भनेर पठाउँला !
कहिलेकाहीँ बादल आए भन्नु खबर ल्याउने अगुवा ।

(पृ.३९)

प्रस्तुत पद्यमा कविले प्रकृतिको मानवीकरण गरेका छन् । गोरे कुञ्जिनीलाई लडाइँमा जाने बेलामा सम्झाउँछ । प्रकृतिको मानवीकरण गर्ने क्रममा कविले पहाड, बनका चरी र बादलले मानवले गर्ने क्रिया गरेर प्रकृतिको मानवीकरण गरेका छन् । यस पद्यमा खबर दिने चरी र बादलले खबर ल्याउने कार्य गरेका छन् । जुन मानवद्वारा गर्ने कार्य हुन । यस पद्यमा ल्याउने, भन्ने शब्दले प्रकृतिको मानवीकरण गरेका छन् ।

(६) आधा यता इन्द्रेनी धनु, आधा सधैं रहन्छ उसपारि,
वसन्तको पुतली जीवन उडिजान्छ एक छिन सिँगारी ।

(पृ.५८)

प्रस्तुत पद्यमा कवि देवकोटाले प्रकृतिको मानवीकरण गर्ने क्रममा इन्द्रेनी धनुका माध्यमबाट मानव जीवनलाई हेरेका छन् । बाबुको वचनले विदीर्ण भएकी कुञ्जिनी गोरेको अनुपस्थितिमा एउटा इन्द्रेनी धनु आधा यता,आधा उता रहेको महसुस गरेकी छ । वसन्तको पुतलीको जस्तो जीवन एकै छिनको सिँगारपटार पछि उडिजान्छ भन्ने भाव कुञ्जिनीले व्यक्त गरेकी छ । यस पद्यमा इन्द्रनी धनु, पुतली जीवन जस्ता शब्दद्वारा मानवीकृत गरिएको छ । यस प्रकार **कुञ्जिनी** खण्डकाव्यमा कवि देवकोटाले प्रकृतिको आचरणलाई मानवीय व्यवहारसँग समीकरण गरेर मानवीकृत प्रकृतिको उल्लेख गरेका छन् । यस काव्यमा आएका प्रकृतिको परिवर्तनमा मानव जीवनमा पनि प्रभाव परेको छ र कतै पात्रगत, स्वभावगत, चरित्र अनुरूप प्रकृति पनि दुःखी, खुसी, हर्ष, विस्मात जस्ता मान्छेका व्यवहारलाई अङ्गालेको पाइन्छ । यस अर्थमा पनि **कुञ्जिनी** खण्डकाव्य सिङ्गै प्रकृतिको क्रीडास्थल बन्न पुगेको छ ।

## ४.९ राष्ट्रप्रेम र नेपाली संस्कृति

**कुञ्जिनी** खण्डकाव्यमा देवकोटाले नेपाली प्रकृति,संस्कृति चित्रण गरेर गहिरो राष्ट्रियता प्रदर्शित गरेका छन् । यस खण्डकाव्यको आख्यानमा नेपाली राष्ट्रिय प्रकृति, संस्कृति र नेपाली वीरताको गाथा गाइएको पाइन्छ । जर्मन प्रस्थानको अवसरमा गोरे द्वारा राष्ट्रियताको गान गाइएको छ भने बजिरिस्तानमा अस्पतालमा रहँदा गोरे र मानवीरको संवादका क्रममा राष्ट्रियता र देशप्रेमको अभिव्यक्ति पाइन्छ । गोरे र मानवीरले नेपाली संस्कृति, शिवरात्री, फूलपाती, घोडेजात्रा, गाईजात्रालाई सम्झेका छन् । यसरी **कुञ्जिनी** खण्डकाव्यमा नेपाली चाड, पर्व र उत्सवको गान गराउनु कविको राष्ट्रियता र संस्कृतिप्रतिको गहिरो आस्था हो ।

यस खण्डकाव्यमा गोरे देशप्रेमको प्रतीक बनेर आएको छ । उसले आफ्नी प्रेमिकालाई भन्दा देशलाई सर्वोपरि ठानेको छ । जसको कारणले ऊ राष्ट्रको हुकुमलाई शिरोपर गरी विदेशमा लडाइँ गर्नजान्छ । आफ्नो जीवन अर्पण गर्दछ । संस्कृतिप्रति उसको आस्थाको यसरी अभिव्यक्त भएको छ :

(१) हामी झलझल झल्काउँला भाइ !

खुकुरीमा नेपालका उदय ।
ल्याउँला बाँकी, जितेर दुश्मन
परदेशको सुगन्ध सुवास ।'

(पृ.५०)

(२) घाइते भई सिंहको बच्चो सिंह गर्जन गरेर उफ्रेर,
पठानलाई गिँडेर टुक्रा मानवीरलाई आएथ्यो बोकेर ।
तर आज मानवीर छ ताजा, गोरे कठै ! खस्किँदो हाला छ ,
सबै भालामध्येको तीखो विरहले सम्झेको भाला छ ।

(पृ.७५)

## ४.१० निष्कर्ष

वि.स. २००२ सालमा रचना भई वि.स. २००२ सालमै प्रकाशित **कुञ्जिनी** प्रेमकथामा आधारित आख्यानात्मक खण्डकाव्य हो । यसको शीर्षक प्रमुख स्त्री पात्र कुञ्जिनीका नामवाट राखिएको र यसको विषयवस्तु उसको केन्द्रीयतामा समेटिएको छ । यसमा प्रेमका विविधरूपहरू मानवीय प्रेम, देशप्रेम, प्रकृतिप्रेम र ईश्वरीयप्रेमको अभिव्यञ्जना पाइन्छ । प्रेमका यी विविध रूपहरूको प्रस्तुति पाइए पनि यसमा मूलतः मानवीय प्रेमकै प्रवलता रहेको छ । प्रेमविषयक यस काव्यको प्रारम्भ गोरे र कुञ्जिनीको प्रेमबाट र अन्त्य तिनैको दःखद मृत्यबाट भएको छ । प्रकृतिका विविध सन्दर्भका माध्यमबाट प्रेमको वर्णन गरिएको यस कृतिमा प्रेम एकाएक झवाट्ट नभएर आग्रह - निषेध - स्वीकारबाट भएको छ । यस कृतिमा नेपाली युवाहरूलाई तत्कालीन राज्यव्यवस्थाका कारण विदेशिन बाध्य पारिने तथ्यलाई मार्मिक ढङ्गले चित्रण गरिएको छ । यसरी विदेसिनुपर्ने बाध्यात्मक परिस्थितिबाट प्रेमप्रणयमा तुषारापात हुने अनि आफ्नो र प्रेमिकाको समेत जीवनलीला समाप्त हुने दःखद परिस्थितिको यथार्थ प्रस्तुति कुञ्जिनी खण्डकाव्यमा पाइन्छ । कुञ्जिनी धनाढ्य परिवारकी एक्ली छोरी भएर पनि धनबाट सन्तुष्ट नभई विपन्न परिवारको गोरे राउतसँग प्रेम गरेकी छ । तत्कालीन सामाजिक सामन्तवादी परम्परालाई आत्मसात गर्ने ठालुसिहंले गोरेलाई अस्वीकार गर्छ र कोल्पूको भेलले बगेकी कुञ्जिनीलाई बचाएपछि ठालुसिङ्ले गोरेलाई कुञ्जिनी दिने

निर्णय गर्छ । तत्कालीन हैकमवादी शासनव्यवस्थाका कारण गोरे बजिरिस्तानको लडाइँमा जान्छ । ठालुसिंहले कुन्जिनीलाई लडाइँमा गएको मान्छे अब फर्किएर आउँदैन भन्दै सम्पन्न परिवारको छोरो सेतेसँग बिहे गर्न भन्छ । बाबुले सेतेसँग कुन्जिनीको बिहे छिनेको छ । उता कुन्जिनी भने अन्त्यमा आफ्नो मनमुटु साटेको प्रेमीको अप्राप्ति देखेर  त्रिशूलीमा हामफालेर मर्छे । यसरी सामाजिक, आर्थिक असमानताका कारण आत्मिक प्रेमको तुषारापात भएको छ ।

यस खण्डकाव्यमा नायक गोरे निम्नवर्गीय ग्रामीण समाजको राष्ट्रवादी चेतना भएको युवाहरूको प्रतिनिधि पात्रका रूपमा उभ्याइएको छ  भने नायिका कुन्जिनीलाई धनी परिवारकी स्वच्छ आत्मिक प्रेम गर्ने नेपाली युवतीका प्रतिनिधि पात्रका रूपमा अघि सारिएको छ । यस खण्डकाव्यको प्रारम्भमा घाँस काटेर फर्कदैँ गर्दा गोरेले कुन्जिनीलाई सम्झँदै गीत गाउँछ । भेडा चराउन जाँदा र घाँस काट्दा उसलाई पर्खेर बस्छ । विषय प्रारम्भ पूर्व नै गोरे र कुन्जिनी दुवै एक अर्काप्रति आकर्षित भएको पाइन्छ । दुवैको आपसी सहमतिपछि गोरे कुन्जिनीलाई माग्न जान्छ । कुन्जिनीको बाबु ठालुसिंहले गोरेको गरिबीलाई ज्यादै अपमानित शब्दद्वारा हप्काउँछ । उर्लदो भेलबाट गोरेले कुन्जिनीलाई बचाउँछ । यसपछि मात्र उसले कुन्जिनीलाई गोरेसँग बिहे गर्ने स्वीकृति दिन्छ । बिहेको निश्चित हुनु, तर परिस्थिति भने पुनः विपरीत बन्न जान्छ । सोह्रवर्ष पुगेका युवाहरूलाई युद्धमा जान राष्ट्रले आहवान गर्दछ । जसको कारण गोरेजस्तै सयौँ युवाहरू विदेशी भूमिमा लँड्दालँडदे् रगतको खोलो बगाउन बाध्य हुन्छन् ।

यसरी गोरे लडाइँमा गएपछि कुन्जिनी पीरले  विरहमा परेकी छ । उसको बाबूले गोरे नर्फकने बताउँदै धनाढ्य परिवारको छोरा सेतेसँग बिहे गर्ने आग्रहले उसको मुटु छिया-छिया हुन्छ । ठालुसिंह सामन्ती वर्गको प्रतिनिधि पात्रको रूपमा देखिएको छ । कुन्जिनी र गोरेको प्रेम कामवासनायुक्त नभएर हार्दिक, शिष्ट, शालीन र समाज ग्राहय छ । यस खण्डकाव्यको अन्त्यतिर लडाइँमा गएको गोरे उपचार गर्दागर्दै मर्छ भने आफ्ना प्रेमीसँगको विछोड र अकै युवकसँग बिहे हुने भए पछि

कुञ्जिनीपनि त्रिशूलीमा हामफालेर मर्छे । उनीहरूको यस लोकमा नभएपनि परलोकमा मिलन भएको देखाएर आध्यात्मिक आत्मिक प्रेमको सङ्केत गरिएको छ ।

**कुञ्जिनी** खण्डकाव्य लोकलयमा रचिएको आख्यानात्मक संरचना हो । यसमा मानवीय प्रेम  र देशप्रेमलाई स्वच्छन्द प्रकृतिचित्रणका माध्यमबाट प्रस्तुत गरिएको छ । प्रारम्भमा नै प्रकृतिको सुन्दर वातावरणको चित्रण गरिएको छ । प्रेम कथाले अङकुरण पाएको प्रारम्भिक चरणमा प्रकृतिको पनि अत्यन्त रमणीय वातावरणको वर्णन भएको छ,भने प्रेम यात्रामा बाधा सिर्जना हुँदा उर्लदो भेल, कालो बादल, आँधी, हुरी आदिको उपस्थिति देखाएर प्रकृतिको रौद्र स्वरूपलाई सङ्केत गरिएको छ । खण्डकाव्यमा यस्तो परिवेश गोरेले कुञ्जिनीलाई माग्न जाँदा नदिएपछिको प्रसङ्गमा आएको छ । त्यसैगरी गोरेले कोल्पूमा बग्दी कुञ्जिनीलाई बचाएपछि प्रकृतिको पुनः सुन्दर चित्रण भएको छ । राष्ट्रिय आहवान भएर गोरे लगायतका युवाहरू बजिरिस्तान हिँड्छन् त्यसपछि कुञ्जिनीमा विरहपूर्ण मनोभाव सिर्जना हुन्छ । यस्तो अवस्थामा सारा प्रकृति नै दुःखी भई विरही बनेको चित्रण गरिएको छ । यसमा कुनै दारिमको बोट काँडामात्र लिएर उभिएको र तुषाराले खाएको आँपका फल रसविना नै झरेको सन्दर्भले प्रकृतिको अत्यन्त विरहपूर्ण चित्रण भएको छ ।

यसवाट मानव र प्रकृतिका बीचको तादात्म्य पनि प्रकट भएको छ । खण्डकाव्यको वियोगान्त विषयवस्तुअनुरूप अन्तमा प्रकृतिको अत्यन्त करूण चित्रणले समग्र खण्डकाव्य नै कारूणिक बनेको छ । प्रकृतिका यी वैविध्यपूर्ण चित्रणका क्रममा वन, पाखा, पहाड, हिमाल, वसन्त, वर्षा, साँझ, जुनेली रात, डाँडाकाँढामा फूलेका फूल, नदी, खोला आदि प्रकृतिको **कुञ्जिनी**मा प्रासङ्गिक रूपमा चित्रण भएको पाइन्छ । यस कृतिमा प्रकृतिका शान्त, रौद्र, करूण, भयानक विविध रूपको चित्रण गरिएको छ । नायक, नायिकाको दुखद मृत्यु पश्चात प्रेम सफल हुने आदर्शवादी दृष्टिकोण यसमा प्रस्तुत गरिएको छ । यसमा मुख्यपात्र नायिकालाई प्रकृतिसित एकाकार गराई प्रकृति मै गएर विलीन भएको देखिन्छ । यसकारण कुञ्जिनी कारूणिक छ र उसको आदर्श प्रेमले मृत्यु पश्चात् स्वर्गमा गोरेसँग भेट गर्ने अठोट लिएको छ । यस काव्यकी नायिका यद्यपि कसैकी स्त्री भइसकेकी छैन, तैपनि उसको भावानात्मक

सम्बन्ध र झुकाव गोरे प्रति असीम छ । सामाजिक विषमता तथा राष्ट्रिय हुकुमी शासन व्यवस्थाका कारण एउटा पवित्र प्रेमी जोडीको वियोगको मार्मिक चित्र खिचिएको यो एउटा दुखान्त आख्यान हो र भौतिक रूपमा वियोग भएर पनि आत्मिकरूपमा मिलन भई एक बन्न पुगेका प्रेमी जोडीको अमर कथा युक्त आख्यानात्मक संरचना हो । यसरी कुञ्जिनी खण्डकाव्यले मानवतावादी काव्यचेतनाको सर्वोच्चचुली उभ्याउन कुञ्जिनी खण्डकाव्य सफल रहेको छ ।

# पाँचौ परिच्छेद

## उपसंहार

**कुञ्जिनी खण्डकाव्यमा प्रकृति चित्रण** शीर्षकमा प्रस्तुत गरिएको यस शोधपत्रको बाह्य संरचनालाई व्यवस्थित रूप दिन निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ । निम्नलिखित पाँचवटै परिच्छेदलाई आवश्यकतानुसार विभिन्न शीर्षक-उपशीर्षकहरूमा बाँडिएको छ ।

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : प्रकृति र प्रकृतिवादको परिचय

तेस्रो परिच्छेद : देवकोटाका काव्यकृतिमा प्रकृति

चौथौ परिच्छेद : **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रण

पाँचौ परिच्छेद : उपसंहार

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रका विविध पक्षहरूको परिचय दिइएको छ । यस क्रममा शोधपत्रको शीर्षक, शोधकार्यको प्रयोजन, विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, देवकोटाको **कुञ्जिनी** खण्डकाव्यका बारेमा यस अघि भएका अध्ययनहरूको विवरण, शोधकार्यको औचित्य, सामग्री सङ्कलन तथा शोधविधिका बारेमा स्पष्ट पारी अन्त्यमा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

कृतिको वस्तुपरक ढङ्गले विश्लेषण एवम् मूल्याङ्कन गर्ने पद्धतिलाई प्रारूप भनिन्छ । प्रारूप कुनै नियम, सिद्धान्त वा अवधारणामा आधारित हुन्छ । यस शोधपत्रमा प्रकृतिको सैद्धान्तिक स्वरूपका आधारमा प्रकृति चित्रणको प्रारूप तयार पारिएको छ ।

यसमा **कुञ्जिनी** खण्डकाव्यमा प्रकृति चित्रणका लागि प्रकृतिका रौद्र, करूण, भयानक, उग्र, शान्तजस्ता स्वरूपहरूलाई प्रस्तुत गरिएको छ ।

लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) आधुनिक नेपाली साहित्यका प्रसिद्ध कवि व्यक्तित्व हुन् । उनले  साहित्यका कविता, निबन्ध, आख्यान र नाटकजस्ता सबै विधामा कलम चलाएका छन् । विशेष गरी कविता विधामार्फत् नेपाली साहित्यमा स्वच्छन्दतावादी भावधाराको प्रवर्तन गर्न पुगेका देवकोटाको प्रसिद्धि यसै मार्फत फैलिएको छ । उनका खण्डकाव्यहरूमध्ये स्वच्छन्दतावादी भावधारालाई अङ्गाल्दै लोकलयमा लेखिएको खण्डकाव्य हो । यो खण्डकाव्य नेपालको पश्चिमी गाउँ झिल्टुङतिरको लोकप्रिय लोककथामा आधारित कविकल्पना अन्तर्मिश्रित खण्डकाव्य हो । यो देवकोटाको रचनाका दृष्टिले पाँचौं र प्रकाशनका दृष्टिले तेस्रो खण्डकाव्य हो । यो खण्डकाव्य २००२ सालमा साझा प्रकाशनवाट प्रकाशित भएको हो । यसका हालसम्म सातवटा संस्करणहरू प्रकाशित भैसकेका छन् । खण्डकाव्यको शीर्षक विधान अभिधात्मक रहेको छ । प्रमुख स्त्री पात्र कुञ्जिनीको नामवाट शीर्षक चयन गरिएको हुँदा यसको कथानक र त्यससँग सम्बद्ध सम्पूर्ण घटनाहरू मूलतः उसैको परिधिमा घटित भएकाले यसको शीर्षक औचित्यपूर्ण र सार्थक भएको र अन्य घटनाहरू उसैको चरित्र उजिल्याउन आएकाले पनि प्रमुख सहभागीका नामका आधारमा राखिएको यसको शीर्षक छोटो भएर पनि सामञ्जस्यमूलक र औचित्यपूर्ण रहेको छ ।

प्रस्तुत खण्डकाव्य लघु आकारको ८७ पृष्ठमा संरचित छ । यसमा गोरे र कुञ्जिनीका प्रेमप्रणयका विविध घटनाहरू रहेका छन् । उक्त शीर्षकभित्रका खण्ड, पङ्क्तिपुञ्ज तथा पङ्क्ति वितरणमा भने असमानता रहेको छ । यसमा जम्मा २२ शीर्षक, २६७ पङ्क्तिपुञ्ज रहेका छन् ।

**कुञ्जिनी** खण्डकाव्यमा झिल्टुङ गाउँको कोल्पू खोला नजिकै बस्ने निम्नवर्गीय गोरे राउत र सम्पन्न परिवारकी छोरी कुञ्जिनी  बनपाखा गर्दागदै दुईबीच प्रेम अङ्कुरण भई आख्यान अगाडि बढेको छ । यसै क्रममा उनीहरू एक अर्कासँग नछुट्टिने बाचाबन्धन गर्छन् । उनीहरू बीचको आर्थिक असमानताका कारण अनेकौं बाँधाहरू आउँछन् र उनीहरूको प्रेमलाई स्वीकृति दिँदैनन् । कोल्पूको भेलमा बग्दी कुञ्जिनीलाई गोरेले बचाएर ल्याँउछ । त्यसपछि मात्र उनीहरूको धरापमा परेको प्रेम पूर्णरूपमा सफल हुन पुगेको छ । अचानक राष्ट्रिय आहवानअनुरूप गोरे जर्मनको लडाइँमा

जानुपर्ने  हुन्छ । त्यसरी राष्ट्रको मागलाई मध्यनजर गर्दै गोरे युद्धमा जान्छ र उक्त युद्धमा पठानसँग लडाइँ गर्दागर्दै घाइते भएको गोरे त्यहाँको अस्पतालमा उपचार गर्दागर्दै निधन हुन्छ भने यता कुञ्जिनी पनि सेतेसँग बिहे हुने भएपछि त्रिशूलीमा हामफालेर मर्छे । यसरी गोरे र कुञ्जिनीको वियोगान्त प्रेमकथामा युद्धले प्रभाव पारे पनि यो खण्डकाव्य आदि, मध्य र अन्त्यको स्पष्ट क्रममा रहेको छ ।

यस खण्डकाव्यमा नेपालको राष्ट्रिय सामन्ती सामाजिक परिवेश र युद्धग्रस्त अन्तर्राष्ट्रिय परिवेशका साथै मध्य पहाडी भेगका प्राकृतिक, सांस्कृतिक परिवेशको चित्रणलाई समेटेको छ । नेपाली ग्रामीण समाजमा व्याप्त धनी वर्गले गरिब वर्ग माथि गर्ने शोषण, राष्ट्रिय हैकमवादी शासनव्यवस्था, विधवा नारीहरूका पीडा आदि पक्षहरूलाई गोरे र कुञ्जिनीको आत्मिक प्रेमकथाभित्र समेटिएको छ । प्रेमविषयक प्रारम्भ गोरे  र कुञ्जिनीको प्रेमबाट र अन्त्य तिनैको दुःखद् मृत्युबाट भएको छ । यस खण्डकाव्यका घटनाहरूमध्ये गोरे र कुञ्जिनी प्रेमका सुरूआत र गोरेले कुञ्जिनीसँग प्रेम प्रस्ताव राख्नु र कुञ्जिनीको बाबु ठालुसिंहको स्वीकृतिसम्मका घटना आदि भागका रूपमा आएका छन् । त्यसैगरी आफ्नो प्रेम सार्थक हुने देखेर गोरे र कुञ्जिनी दुवैले प्रसन्नता व्यक्त गरेको प्रसङ्देखि गोरे लडाइँमा जानु, कुञ्जिनीको बिहे सेतेसँग छिनिनु हुँदै बजिरिस्तानको लडाइँमा घाइते भएर गोरेको निधन हुनुसम्मका घटनाहरू मध्य भागमा समेटिएका छन् । अन्त्य भागमा कुञ्जिनीको बिहेको तयारी भएको प्रसङ्गदेखि उसले त्रिशूलीमा हामफाली आत्महत्या गरेका घटनाहरू प्रस्तुत भएका  छन् ।

**कुञ्जिनी** खण्डकाव्यको मुख्य उद्देश्य आत्मिक प्रेमको आदर्शलाई प्रस्तुत गर्नु रहेको छ । यसका साथसाथै नेपाली समाजमा रहेको आर्थिक विषम परिस्थिति, राष्ट्रिय हैकमवादी शासन व्यवस्था, स्वतन्त्रता विहीन नारीको अवस्था, सामन्तीवादी तथा परम्परावादी सामाजिक संस्कार आदिका बारेमा यथार्थ प्रकट गर्नु रहेको छ । यहाँ यदि एक अर्काप्रति विश्वास राखी सच्चा प्रेम गरिन्छ भने उक्त प्रेमले भौतिकरूपमा सार्थकता प्राप्त गर्न नसके पनि आत्मिक रूपमा अवश्य पूर्णता प्राप्त गर्दछ  भन्ने कुरा स्पष्ट पारिएको छ ।

**कुञ्जिनी** खण्डकाव्यमा कुञ्जिनीको चारित्रिक अभिलक्षणद्वारा प्रकृतिप्रेमी चरित्र प्रस्तुत गरिएको छ । प्रेमकथाले अङ्कुरण पाएको अवसरसँगै प्रकृति पनि अत्यन्त रमणीय भएको छ भने प्रेमयात्रामा बाधाव्यवधान सृजना हुँदा प्रकृतिले पनि आफ्नो रौद्र स्वरूप देखाएको छ । यसरी गोरेले कोल्पूमा बग्दी कुञ्जिनीलाई बचाएपछि  प्रकृतिको पुनः सुन्दर चित्रण भएको छ । गोरे बजिरिस्तानको युद्धमा हिँड्छ् त्यस पछि कुञ्जिनीमा विरह पूर्ण मनोभाव सृजना हुन्छ । यस्तो अवस्थामा प्रकृति नै विरही बनेको छ । यस खण्डकाव्यमा जति पनि प्रकृति चित्रण गरिएको छ त्यो आत्मपरक ढङ्गले  मनमोहक रूपमा अभिव्यक्ति भएको छ । यसरी कुञ्जिनीको खुशीसँगै प्रकृतिले पनि रमाइलो कानेखुशी गर्दै जिस्काइरहेको छ भने कुञ्जिनीको दुःखसँगै उजाडिएको आफ्नो स्वरूप प्रकट गरेको छ । यसरी कुञ्जिनीको हाँसो, खुसी, सुख, दुःख सँगसँगै प्रकृतिले पनि साथ दिइरहेको छ । यसमा मानव र प्रकृतिको बीचको तादात्म्य पनि प्रकट भएको छ । खण्डकाव्यका अन्त्यमा वियोगान्त विषयवस्तुअनुरूप  प्रकृतिको अन्त्यन्तै करूण चित्रणले समग्र खण्डकाव्यलाई कारूणिकतातिर डोऱ्याएको छ ।

## सन्दर्भग्रन्थसूची

### (क ) पुस्तकसूची


अवस्थी, महादेव, **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता**, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि.,२०६१ ।

गौतम, कृष्ण, **देवकोटाका प्रबन्धकाव्य,** दोस्रो संस्क.काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार,२०५६ ।

जोशी, कुमारबहादुर, **देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना**, काठमाडौँ : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्, २०४८ ।

देवकोटा, लक्ष्मीप्रसाद, **कुञ्जिनी**, सातौँ संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०६१ ।

पाण्डे, नित्यराज, **महाकवि देवकोटा**, काठमाडौँ : साझा प्रकाशन, २०१७ ।

बन्धु, चूडामणि, **देवकोटा**, तेस्रो संस्क., काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

रिसाल, राममणि**, नेपाली काव्य र कवि**, पाँचौ संस्क. काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६० ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **पूर्वीय र पाश्चात्यसाहित्य सिद्धान्त**, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास,** काठमाण्डौँ : साझा प्रकाशन, २०३९ ।


### (ख) पत्रपत्रिकासूची


अधिकारी, तीर्थराज, 'महाकवि देवकोटा र कुञ्जिनी खण्डकाव्य,'**मधुपर्क**, (वर्ष १४,अङ्क ६/७,२०३८),पृ.२७-२९ ।

अर्याल, दुर्गाप्रसाद, 'कुञ्जिनीको विवेचना', **हाम्रो पुरूषार्थ**, (वर्ष ११,अङ्क १,२०४०),पृ.३१ ।

अर्याल, इन्द्रनाथ, 'कुञ्जिनीको कुञ्चिका', **मधुपर्क**, (वर्ष १८,अङ्क ६/७,२०४२),पृ.४४ ।

प्रधान, कृष्ण, 'कुञ्जिनी भित्रका देवकोटा',**मधुपर्क**, (वर्ष ८,अङ्क ४,२०३२),पृ.१३-२१ ।

लुइटेल, खगेन्द्रप्रसाद, 'कुञ्जिनीको संरचना विश्लेषण', **भृकुटी**, (पूर्णाङ्क ५, कार्तिक, मंसिर, पुस, २०६६), पृ.७१ ।

लम्साल, रामहरि, 'खण्डकाव्यकार देवकोटा र कुञ्जिनीको परिवेश',**गरिमा**, (वर्ष १९,अङ्क २, पूर्णाङ्क,२१८,/ २०५७ माघ),पृ.७३-८१ ।

त्रिपाठी, वासुदेव,'महाकवि देवकोटा आफ्नै कवितायात्रामा सङ्कल्पित कविताक्रान्ति र उनका उत्तरार्द्ध कवितायात्राका थालनी एवम् दिशावोध : एक चर्चा,'**गोधूली**, (वर्ष,शरद्, २०५१),पृ.११-७५ ।

**(ग) शोधपत्र सूची**

पौडेल,नारायणप्रसाद, **कुञ्जिनी खण्डकाव्यको संरचनात्मक विश्लेषण,** अप्रकाशित एम्.ए.शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०६५ ।

रिमाल, अम्बिकादेवी, **खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटा खण्डकाव्यकारिताको वर्णनात्मक अध्ययन,** अप्रकाशित एम्.ए.शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०४३ ।

ज्ञवाली, शिवहरि, **कुञ्जिनी खण्डकाव्यको कृतिपरक विवेचना,**अप्रकाशित एम्.ए.शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५८ ।

http:\\www.naturalism.com ,Willams Raymond 1976 key word.

http:\\www.aip.org/history/climate.Retrived 2007-01-07